# राजदेवी नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना (२०७८-२०८७)

# Water, Sanitation and Hygiene Plan of Rajdevi Municipality (2021-2030)




राजदेवी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, राजदेवी, रौतहट

मधेश प्रदेश, नेपाल २०७८

# राजदेवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,रौतहट

राजदेवी,रौतहट
मधेश प्रदेश, नेपाल


## शुभ-कामना

खानेपानी तथा सरसफाइ मानव जिवन संग प्रत्यक्ष सरोकार राख्ने क्षेत्र हो । पानी बिना कुनै पनि जीवको परिकल्पना पनि गर्न सकिदैन । त्यस्तै कमजोर खानेपानी तथा सरसफाइका कारण बिभिन्न किसिमका रोगहरु लाग्ने, जसका कारणले ठुलो धनराशी खर्चिनु पर्ने र समयमा उपचार हुन नसक्दा मृत्यु पनिहुन सक्ने हुन्छ । यसै तथ्यलाई आत्मसाथ गरेर नेपालले खानेपानी तथा सरसफाइका क्षेत्रमा उल्लेखनिय उपलब्धि हासिल गर्दै आइरहेको छ । नेपालमा संचालित सरसफाइ प्रवर्द्धनको सामाजिक अभियान मार्फत रौतहट जिल्लाले सरसफाइ क्षेत्रमा प्रगति हासिल गरी २०७५पौष१४गते जिल्ला लाई नै ६३औं खुला दिसामुक्त जिल्लाको रुपमा घोषणा गर्न सफल भएको थियो ।

खुलादिसामुक्त क्षेत्रको दिगोपना, सरसफाइ क्षेत्रको उचित व्यवस्थापन, ठोस तथा तरल फोहरको व्यवस्थापन, जोखिमपुर्ण समयमा साबुनपानीले हातधुने आनीबानी, संस्थागत (विद्यालय र स्वास्थ्य संस्था) खानेपानी तथा सरसफाइ सुविधाको उचित व्यवस्थापन र सुरक्षित खानेपानीमा समुचित पहुँच आदि यस जिल्ला र नगरपालिकाका मुख्य चुनौतीका रुपमा रहेका छन् ।

दिगो विकास लक्ष्यको मर्म अनुसार यस जिल्लाले र नगरपालिकाले सबै जनता लाई सुरक्षित खानेपानी तथा सरसफाइ मान्यायोचित पहुँच र उचित व्यवस्थापनमा जोड दिनु पर्ने छ । यस प्रकारका राष्ट्रिय रअन्तराष्ट्रिय लक्ष्यतथा प्रतिवद्धताहरुलाई आत्मसाथ गर्दै राजदेवी नगरपालिकाले खानेपानी तथा सरसफाइ क्षेत्रको नीति, ऐन तथा नियमहरु बनाउने कार्यको थालनी गर्नुका साथै खानेपानी तथा सरसफाइ क्षेत्रको विकासका लागि बजेट विनियोजन गर्दै आइरहेको र युनिसेफ नेपाल लगायत अन्य विकास साझेदार निकायहरुसंग सहकार्य गरी खानेपानी तथा सरसफाइ क्षेत्रको विकासक लागि विभिन्न प्रकारका सचेतनामुलक कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ । आगामी वर्षहरुमा पनि यसै क्रमलाई निरन्तरता दिई खानेपानी तथा सरसफाइ क्षेत्रमा यथेष्ट बजेट विनियोजन गरेर कार्यान्वयन प्रकृयामा प्रभावकारी तुल्याउने प्रतिवद्धता पनि व्यक्त गर्दछु ।

नगरपालिकाको सरसफाइ अभियानलाई निरन्तरता दिदै सरसफाइ र स्वच्छताको दिगोपनाकायम गर्न, नगरपालिकालाई पूर्ण सरसफाइ युक्त नगरपालिकाका रुपमा विकास गर्न खानेपानी,सरसफाइतथा स्वच्छता योजनानिर्माण तथायसको सफल कार्यान्वयन आजको आवश्यकता रहेको छ । राजदेवी नगरपालिकालाई पूर्ण सरसफाइयुक्त नगरपालिका बनाउने दीर्घकालीन सोचका साथ सन् २०३० सम्मको लागिनिर्माण भएको यस खासस्व योजनाको लक्ष्य समय सान्दर्भिक र महत्वपूर्ण विकास प्रयासका रुपमा रहेकोले योजनालाई प्रभावकारी कार्यान्वयन गर्न सम्बद्ध सबै पक्षबाट सहयोगको अपेक्षा गर्दछु,अन्तमा, रणनीतिक योजनानिर्माणमा सहयोग गर्ने सम्पूर्ण राष्ट्रिय तथाअन्तराष्ट्रिय गैरसरकारी संस्थाहरु,युनिसेफ,छायाँ नेपालएवं यस नगरपालिका अर्न्तगतका सबै शाखाहरु प्रतिआभार व्यक्तगर्दै यो योजना कार्यान्वयन गर्नमा पनि निरन्तर सहयोग हुनेछ भन्ने विश्वास लिएको छु धन्यवाद ।

..................................

(धिरेन्द्र कुमार सिंह)
नगर प्रमुख
राजदेवी नगरपालिका
नगर प्रमुख

राजदेवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,रौतहट
मधेश प्रदेश, नेपाल

# शुभ-कामना

सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको निर्देशन तथा खानेपानी तथा सरसफाइ मन्त्रालय,खानेपानी तथा ढल व्यवस्थापन विभाग द्वारा खानेपानी तथा सरसफाइ योजना तर्जुमा का लागि संचालन मा ल्याइएको NWASH सफ्टवेयर बमोजिम यस नगरपालिकाले खानेपानी तथा सरसफाइ क्षेत्रको दश वर्षे योजना तर्जुमा गरेकोमा खुसी लागेको छ । नेपालले अन्तराष्ट्रिय समुदाय साम् गरेको प्रतिवद्धता एवं नेपालको संविधान २०७२ मा राखिएका प्रावधानहरुलाई समेत कार्यान्वयन गर्न र मानिसको ईज्जतएवं प्रतिष्ठासंग जोडिएको खानेपानी तथा सरसफाइ क्षेत्रलाई तत्काल योजनाका रुपमा कार्यान्वयन गर्नु अपरिहार्य देखिन्छ । हाल निर्माण भइ संचालनमा आएका खानेपानी योजनाहरु,सरसफाइ तथा स्वच्छता क्षेत्रमा हाल सम्म नगरपालिका बाट गरिएका प्रयासहरुको निरन्तरताका लागि यो खासस्व योजनाको कार्यान्वयन अनिवार्य भएको छ ।

राजदेवी नगरपालिकामा खानेपानी,सरसफाइ तथा स्वच्छताको क्षेत्रमा हुन सक्ने समस्याहरुको समाधानका लागि यस क्षेत्रको "खानेपानी,सरसफाइतथा स्वच्छता योजना,२०७८ निर्माण गरी कार्यान्वयन गर्न लागिएको छ । योजनाले यस नगरपालिका स्तरमा भविष्यमा संचालन गर्ने सकिने सम्भावित क्रियाकलापहरुको पहिचान गर्नुका साथै ती क्रियाकलापहरु संचालन गर्न सकिने बस्ती, समुदाय र क्षेत्रहरुको समेत पहिचान गरी कुन क्षेत्रमाके कस्ता खालका त्रियाकलाप संचालन गर्न सकिन्छ सो उपायको खोजी र प्रयोग गर्ने योजना तथा कार्यक्रम समेत समेट्ने प्रयास गरिएको छ । प्रस्तुत योजना अनुसार यस क्षेत्रको खासस्व योजनाले समेटेका योजना तथा कार्यक्रमहरु कार्यान्वयनको लागि विभिन्न कृयाकलापहरुमा सहयोग गर्न सबै सम्वन्धित सरोकारवाला सरकारी तथा गैर सरकारी निकायहरुसंग समन्वय गरी कार्यान्वयन गर्न आवश्यक छ ।

अन्तमा,राजदेवी नगरपालिकाको सरसफाइ अभियानलाई निरन्तरता दिदै सरसफाइ र स्वच्छताको दिगोपना कायम गर्न, नगरपालिकालाई पूर्ण सरसफाइ युक्त नगरपालिकाका रुपमाविकास गर्न खानेपानी,सरसफाइ तथा स्वच्छता योजना निर्माण तथा यसको सफल कार्यान्वयन आजको आवश्यकता रहेको छ । राजदेवी नगरपालिकालाई पूर्ण सरसफाइ युक्त नगरपालिका बनाउने दीर्घकालीन सोचका साथ सन् २०३० सम्मको लागि निर्माण भएको यस खासस्व योजनाको लक्ष्य समय सान्दर्भिक र महत्वपूर्ण विकास प्रयासका रुपमा रहेकोले योजनालाई प्रभावकारी कार्यान्वयन गर्न सम्बद्ध सबै पक्षबाट सहयोगको अपेक्षा गर्दछु,अन्तमा, खानेपानी,सरसफाइ तथा स्वच्छता योजना निर्माणमा सहयोग गर्ने सम्पूर्ण राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु,युनिसेफ,छायाँ नेपाल एवं यस नगरपालिका अर्न्तगतका सबै शाखाहरु प्रति आभार व्यक्त गर्दै यो योजना कार्यान्वयन गर्नमा पनि निरन्तर सहयोग हुनेछ भन्ने विश्वास लिएको छु ।धन्यवाद ।

(अंशु सिंह)
नगर उप-प्रमुख
राजदेवी नगरपालिका,रौतहट
उप नगर प्रमुख

राजदेवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
राजदेवी,रौतहट
मधेश प्रदेश, नेपाल

# शुभ-कामना

सरसफाइ र स्वच्छता मानव स्वास्थ्यको अपरिहार्य विषय भएकोले यसको समुचित विकासका लागि सबै पक्षले ध्यान दिनु पर्ने हुन्छ । सरसफाइ क्षेत्रको विकासका लागि राष्ट्रिय सरसफाइ गुरुयोजना, २०६८ तर्जुमा भइ यसैको मर्म अनुसार जिल्ला तथा स्थानीय तहमा सरसफाइ प्रवर्द्धनका अभियानहरु संचालन भइ सरसफाइ र स्वच्छताको अवस्थामा उल्लेखनीय सुधार आई खुला दिसामुक्त क्षेत्र घोषणा भएकाछन् ।

साबिकका १०० वटा गाविस तथा नगरपालिका र जिल्ला स्थित सम्पूर्ण सरोकारवाला निकायहरुको सक्रियतामा २०७६ भाद्र २९ गते पर्सा जिल्लालाई ७१ औं खुला दिसामुक्तजिल्लाको रुपमा घोषणा गर्न समेत यो नगरपालिकाको पनि महत्वपूर्ण योगदान रहेको छ । सरसफाइको वर्तमान स्थितिको दिगो व्यवस्थापन गरी आगामी दश वर्ष भित्र नगरपालिकालाई पूर्ण सरसफाइयुक्त नगरपालिकाका रुपमा घोषणा गर्न विद्यमान खानेपानी तथा सरसफाइको अवस्था र देखिएका समस्याहरुको विश्लेषण गरी राजदेवी नगरपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको नेतृत्व र सबै सरोकारवाला निकायहरु विशेष गरेर छायाँ नेपाल/युनिसेफको सहयोगमा निर्माण गरीएको यस खानेपानी, सरसफाइ तथा स्वच्छता योजना समय सापेक्ष र अत्यन्तै सान्दर्भिक रहेको छ ।

तसर्थ यस खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको सफल कार्यान्वयन तथा दीर्घकालीन लक्ष्य र उद्धेश्य अनुसारको प्रगति हासिल गर्नका लागि आफ्नो तर्फबाट गनुपर्ने सहयोगको प्रतिबद्धता गर्दै सफल कार्यान्वयनको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु । धन्यवाद ।

..................
(सुबोध साह)
प्रमुख प्रशासकिय अधिकृत
राजदेवी नगरपालिका
नि.प्र.प्र.अधिकृत

# शुभकामना

सुरक्षित खानेपानी तथा सुधारिएको सरसफाइ सुविधाबिना स्वस्थ, खुसी र प्रतिष्ठित जीवन संभव छैन भन्ने यथार्थलाई मनन् गर्दै सबै स्थानीय तहमा सबै क्षेत्रको सहकार्य र व्यापक जनसहभागिताबाट राष्ट्रिय सरसफाइ गुरुयोजना २०६८ को अत्यन्तै प्रभावकारी कार्यान्वयन गरी रौतहटले वि.स. २०७५ पौष १४ गते देशको ६३ औं खुला दिसामुक्त जिल्लाको रूपमा घोषणा गर्न सफल भएको थियो । रौतहट जिल्ला खुला दिसामुक्त क्षेत्रका रूपमा विकास हुन ठूलो उपलब्धी हो र पनि यसको दिगोपना, ठोस तथा तरल फोहर र दिसाजन्य लेदोको व्यवस्थापन, जोखिमपुर्ण समयमा साबुन पानीले हातधुने लगायत समग्र खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी प्रभावकारी आनीबानीको विकास, प्रवर्द्धन र प्रयोग, विद्यालय र स्वास्थ्य संस्थाहरुमा सुरक्षित खानेपानी तथा सरसफाइ सुविधाको सुनिश्चितता र निरन्तर प्रयोग, सबै नागरिकहरुलाई सुरक्षित खानेपानी सुविधा सुनिश्चित गरी पालिकालाई पूर्ण सरसफाइयुक्त बनाउनु यस पालिकाको मुख्य लक्ष्य हो ।

माथि उल्लेखित समस्या तथा चुनौतिहरुलाई सम्बोधन गर्न यस राजदेवी नगरपालिकाले सङ्घीय खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग, युनिसेफ नेपाल र छायाँ नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा मोबाईल एप्स प्रविधिबाट खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको विस्तृत सर्वेक्षण, विश्लेषण र विभिन्न तह तथा निकायहरुसँगको सहभागितात्मक छलफल मार्फत **सफा, स्वच्छ, र सुरक्षित खानेपानीयुक्त नगरपालिका बनाउँदै पूर्ण सरसफाइमा पुग्न** राजदेवी नगरपालिकाले **दस वर्षीय खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना** २०७८ तर्जुमा गरेकोमा हार्दिक बधाई दिन चाहान्छु ।

भनिन्छ, एक राम्रो योजना निर्माण हुनु भनेको समग्र कामको आधा उपलब्धी हो । यसको प्रभावकारी कार्यान्वयनले महिला, बालबालिका तथा समग्र नागरिकको जीवनमा ठूलो परिवर्तन ल्याउन सहयोग पुग्नेछ । त्यसैले यो खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (Water, Sanitation and Hygiene (WASH) Plan) को समयमा नै प्रभावकारी कार्यान्वयन गरी नेपालको संविधानमा व्यवस्था गरिएको "सबै नागरिकको लागि सुरक्षित खानेपानी र सरसफाइ सुविधामा पहुँच पुग्ने" सम्बन्धी अधिकार सुनिश्चित गर्न सहयोग पुग्नेछ । साथै यस **दस वर्षीय खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना** २०७८ को कार्यान्वयनले राजदेवी नगरपालिकाको र दिगो विकास लक्ष्य हाँसिल गर्न सहयोग पुग्ने कुराको पूर्ण विश्वास लिँदै सफलताको शुभ कामना व्यक्त गर्दछौ ।

धन्यवाद ।

UNITED NATIONS CHILDREN'S FUND ★ NEPAL ★

अनिता दाहाल
प्रमुख
युनिसेफ फिल्ड कार्यालय, जनकपुर
मधेस प्रदेश

United Nations Children's Fund
UN House
P.O. Box 1187
Kathmandu, Nepal

Telephone: 977-1-5523200
Fax: 977-1-5527280 / 5535395
Email: kathmandu@unicef.org
www.unicef.org/nepal

**CHAY-YA NEPAL**
"Association for poverty alleviation,
promoting social and environmental development"

chay ya

Registration No.: 135544/71/072
PAN No.: 603496178
SWC No.: 44108

## धन्यवाद मन्तब्य

नेपालको संविधान २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर्गत स्थानीय तहलाई २२ वटा एकल अधिकार र १५ (पन्ध्र) वटा साझा अधिकारहरूको व्यवस्था गर्नुका साथै खर्चको जिम्मेवारी र राजस्वका स्रोतहरू समेत प्रदान गरेको छ। यसैको आधारमा यी तहहरूले आ-आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालिन योजनाहरू तयार गरी कार्यान्वयन र अनुगमन गर्ने जिम्मेवारी समेत बहन गरिरहेका छन् । सोही अनुरुप **राजदेवी नगरपालिका**ले खानेपानी, सरसफाइ तथा स्वच्छताको वर्तमान स्थितिको दिगो व्यवस्थापन गरी आगामी दश वर्षभित्र नगरपालिकालाई पूर्ण सर्सफाइयुक्त नगरपालिकाका रुपमा घोषणा गर्न विद्यमान खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्था र देखिएका समस्याहरुको बिश्लेषण गरी नगरपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको नेतृत्व र सबै सरोकावाला निकायहरु विशेष गरेर युनिसेफ/छा-यां नेपालको सहयोगमा निर्माण गरीएको यस खानेपानी, सरसफाइ तथा स्वच्छता योजना समय सापेक्ष र अत्यन्तै सान्दर्भिक रहेको छ ।

खासस्व योजनाबाट समुदाय, विद्यालय र स्वास्थ्य संस्थाको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको बर्तमान अवस्था, योजना तर्जुमाको सिलसिलामा अपनाईएका प्रकृयाहरू, योजनाका सीमाहरु, लक्ष्य, उद्धेश्य, रणनीति र कार्यनीति एवं दश वर्षका लागि सम्पादन गर्नुपर्ने क्रियाकलापका साथै अनुमानित बजेट बारेमा स्पष्ट देख्न सकिन्छ । नगरपालिका एउटा सरकारको रुपमा स्थापित भईसकेको बर्तमान अवस्थामा राजदेवी नगरपालिकाको आफ्नो वर्तमान अवस्था र रणनीतिक बाटो तय गरिएको यस दस्तावेजले जन निर्वाचित प्रतिनिधिहरू, कार्यरत कर्मचारीहरु, विकास साझेदार र सरोकारवालाहरुलाई मार्गदर्शन गरी उचित तथा प्रभावकारी कार्यान्वयनबाट निर्धारित लक्ष्यमा पुग्न सहयोग पुऱ्याउने विश्वासस्व लिईएको छ ।

यो समग्र योजना निर्माणको कार्यमा अगुवाई सहितको कृयाशिल संलग्नता देखाउनु भएका यस नगरपालिकाका प्रमुख श्री धिरेन्द्र कुमार सिंह, उपप्रमुख अंशु सिंह, प्रमुख प्रशासकीय अधिकृत सुबोध साह लगायत सम्पूर्ण वडा अध्यक्षज्यूहरू, नगर कार्यपालिकाका सदस्यज्यूहरू, शाखा प्रमुखहरू तथा अन्य कर्मचारीहरू, जस्ले हाम्रो सहजिकरणलाई सहजतापूर्वक स्विकार गरी आवश्यक सहयोग समेत पुऱ्याउनु भएकोमा साझेदार संस्थाका तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहन्छुं ।

अन्त्यमा, यस नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयारीका लागि प्राविधिक सहयोग पुऱ्याउन छायाँ नेपाल, काठमाण्डौलाई अवसर दिनु हुने युनिसेफ नेपाल, फिल्ड कार्यालय जनकपुरका खासस्व अधिकृत श्री बोध नारायण श्रेष्ठ, अन्नपूर्ण मिश्र र सुनिता सुल्पे, जिल्लास्थित स्थानीय गैर सरकारी संस्था लगायत अन्य सबै सरोकारवालालाई साझेदार संस्थाका तर्फबाट हार्दिक धन्यबाद दिन चाहन्छु ।

यस कार्यलाई शुरुवात देखि नै आवश्यक मार्गदर्शन र सुझाव प्रदान गर्नुहुने युनिसेफ केन्द्रिय कार्यालय काठमाडौका खासस्व विशेषज्ञ श्री दण्डीराम विश्वकर्मा, खानेपानी तथा सरसफाइ मन्त्रालय, खानेपानी तथा ढल निकास विभागका परामर्शदाता श्री बलराम मायालु र आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनु हुने डा रजित ओजा, प्रसन्ना ताल्चभण्डारी, अदिति न्यौपानेलाई साझेदार संस्थाका तर्फबाट विशेष आभार व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा, यस कार्यलाई सम्पन्न गर्न निकै मेहनत गर्नुहुने साझेदार संस्थाका बोर्ड सदस्य एवं योजना तथा शासन बिज्ञ श्री कृष्ण बहादुर शाही, साझेदार संस्थाका श्री होमनाथ आचार्य, राम महर्जन, निशान्त गौतम, निश्मा कार्की लगायतको योगदानको कदर गर्दै खासस्व योजनाको प्रभावकारी कार्यान्वयनका लागि शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद,

............................

कमल थापा
कार्यकारी निर्देशक
छा-यां नेपाल, काठमाडौं

# विषयसूची

**अध्याय १**
**खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको परिचय** ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ औचित्य ........ १
१.३ उद्देश्य ........ २
१.४ समयावधि ........ २
१.५ सीमितता / अध्ययनका सिमा ........ ३
१.६ तयारी विधि र प्रक्रिया ........ ३
१.६.१ खानेपानी सरसफाइ तथा स्वच्छता योजनाको ढाँचा, सर्वेक्षण औजार र आवश्यक जनशक्ति व्यवस्थापन ........ ३
१.६.२ नगरपालिकास्तरीय अभिमुखीकरण गोष्ठी तथा सहमति निर्माण ........ ३
१.६.३ गणकहरुको छनोट एवं अभिमुखीकरण ........ ३
१.६.४ तथ्याङ्क संकलन तथा लेखाजोखा ........ ३
१.६.५ तथ्याङ्क प्रशोधन, विश्लेषण तथा मस्यौदा योजना तयारी ........ ४
१.६.६ खानेपानी सरसफाइ तथा स्वच्छता योजना प्रमाणीकरण गोष्ठी ........ ४
१.६.७ खानेपानी सरसफाइ तथा स्वच्छता योजना तयारी तथा सार्वजनिकिकरण ........ ४
**अध्याय २** ........ ५
**नगरपालिकाको वस्तुगत विवरण** ........ ५
२.१ भौगोलिक अवस्थिति र बनोट ........ ५
२.२ पहुंच ........ ५
२.३ भूउपयोग तथा वातावरण ........ ६
२.४ जनसांख्यिक विवरण ........ ६
२.४.१ घरधुरी र जनसंख्या विवरण : ........ ६
२.४.२ जातजाति र जनसंख्या विवरण : ........ ७
२.४.३ उमेर तथा लिंगको आधारमा जनसंख्या विवरण ........ ८
२.५ आर्थिक गतिविधि र पेशा ........ ८
२.६ जनसंख्याको गतिशिलता र बसाई सराईको स्थिति ........ ९
२.७ भौतिक पूर्वाधार ........ ९
२.८ नगरपालिकामा उपलब्ध अन्य कार्ययोजनाहरु र खानेपानी सरसफाइ तथा स्वच्छता योजनाको सम्बन्ध ........ ९
२.९ खासस्व क्षेत्रमा कार्यरत विकासका साझेदारहरु ........ ९
**अध्याय ३** ........ ७
**खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्था** ........ ११
३.१ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रणाली ........ ११
३.२ घरायसी तहमा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाले समेटको क्षेत्र र सेवाको स्तर ........ ११
३.२.१ पाईप खानेपानी प्रणाली ........ १२
३.२.२ ट्यूववेल ........ १२
३.२.४ मानव दिसाजन्य लेदो व्यवस्थापन ........ १४
३.२.५ ठोस फोहोरको व्यवस्थापन ........ १४
३.२.६ सरसफाइ तथा स्वच्छता अवस्था ........ १४
३.३ संस्थागतरुपमा सेवाले समेटेको क्षेत्र र सेवाको स्तर ........ १८

३.३.१.संस्थाहरुमा सेवाको स्तरको सारांश........ २०
३.३.२ विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता........ २०
३.३.४ महिनावारी स्वच्छता ........ २४
३.३.५ विद्यालयमा समुहगत हातधुने व्यवस्था ........ २४
३.३.६ वातावरणीय सरसफाइ........ २५
३.३.९ स्वास्थ्य सेवा प्रदायक संस्थाको खानेपानीको अवस्था........ २७
३.३.१० स्वास्थ्य सेवा प्रदायक संस्थाको शौचालय र यसको सरसफाइको अवस्था ........ २९
३.३.११ स्वास्थ्य सेवा प्रदायक संस्थाको फोहोर व्यवस्थापन ........ ३१
३.३.१२ स्वास्थ्य सेवा प्रदायक संस्थाको ठोस तथा तरल फोहोर व्यवस्थापन........ ३३
३.३.१३ सूचक बमोजिम स्वास्थ्य सेवा प्रदायक संस्थाको खासस्व, ठोस फोहोरको व्यवस्थापन र वातावरणीय सफाइको अवस्था........ ३४
३.३.१४ सार्वजनिक शौचालयहरुको खानेपानी, सरसफाइ तथा स्वच्छता ........ ३५
३.४ खानेपानी तथा सरसफाइको प्रणाली प्रविधि ........ ३६
३.४.१ खानेपानी प्रणाली प्रविधि ........ ३६
३.४.२ सरसफाइ प्रणाली प्रविधि........ ३६
३.४.३ दिसाजन्य लेदो व्यवस्थापनको विकल्प........ ३७
३.५ सुचारुपन तथा दिगोपना ........ ३८
३.५.१ खानेपानी आयोजनाको मर्मत अवस्था ........ ३८
३.५.२ सरसफाइ सेवाको मर्मत अवस्था ........ ३८
३.५.३ धाराको अवस्था ........ ३९
३.५.४ सुचारूपना र दिगोपना लेखाजोखा ........ ४०
३.६ खानेपानी उपभोक्ता समितिको व्यवस्थापन सबलता........ ४१
३.७ सम्पत्तिको स्खासस्वमत्व........ ४१
३.८ खानेपानी, सरसफाइ र स्वच्छतामा लगानी (WASH Financing) ........ ४१
३.९ खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रका चुनौती र अन्तर (WASH sector challenges and gap)..... ४३
३.९.१ खानेपानी........ ४३
३.९.२ सरसफाइ ........ ४३
३.९.३ संस्थागत खानेपानी, सरसफाइ र स्वच्छता........ ४३
३.१० हाल रहेका खासस्व सुविधाहरूको सूची........ ४३
**अध्याय ४ ........ ४४**
**खानेपानी, सरसफाइ तथा स्वच्छता सोच, लक्ष्य, उद्धेश्य, योजना तथा रणनीति........ ४४**
४.१ खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको सोच, परिलक्ष्य........ ४४
४.२ खानेपानी, सरसफाइ र स्वच्छता योजनाको लक्ष्य ........ ४४
४.३ खानेपानी, सरसफाइ र स्वच्छता योजनाको उद्धेश्य ........ ४४
४.४ खानेपानी, सरसफाइ र स्वच्छता योजनाको रणनीतिहरु........ ४५
४.५ राष्ट्रिय लक्ष्य, अवधि र रणनीति (क्षेत्रगत सुधार योजना) सँगको मिलान र तालमेल ........ ४७
**अध्याय ५........ ५०**
**खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना, प्रक्षेपण र लागत........ ५०**
५.१ योजना तर्जुमा........ ५०
५.१.१ योजनाको प्राथमिकता निर्धारण........ ५०
५.१.२ क्रियाकलापहरुको वितरण........ ५१
५.१.३ उपलब्ध श्रोतहरुको लेखाजोखा........ ५१
५.१.४ ग्यापको पुर्ती ........ ५१
५.२ प्रक्षेपण सारांश (कभरेज)........ ५२

५.३ लागत....................................................................................................५६
५.३.१ विधि....................................................................................................५६
५.३.२ खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको लागतको सारांश....................................५७
५.३.३ लगानी र अन्तर (ग्याप) ....................................................................................६२
५.३.४ ब्रिजिङको सारांश..........................................................................................६६
५.३.५ सम्पत्तिको मूल्य ..........................................................................................६९
**अध्याय ६....................................................................................................७१**
**खासस्व योजनाको कार्यान्वयन तथा अनुगमन ..........................................................७१**
६.१ खासस्व योजनाको कार्यान्वयन ..........................................................................७१
६.१.१ योजना कार्यान्वयन अवधारणा ..........................................................................७१
६.१.२ योजना परिमार्जन..........................................................................................७१
६.२ अनुगमन योजना ..........................................................................................७१
६.२.१ अनुगमन ढाँचा तथा पद्धति..............................................................................७१
६.२.२ सूचक ....................................................................................................७१
६.२.३ अनुगमनको तह ..........................................................................................७१
६.२.४ अनुगमन विधि..........................................................................................७२
६.३ निष्कर्ष तथा भावी कार्यदिशा..............................................................................७२
६.३.१ सिकाईहरू................................................................................................७२
६.४ नगरपालिकाको खासस्व संरचना ..........................................................................७२
६.५ नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) कोष....................................७२
६.६ संस्थागत संरचना तथा क्षमता विकास आवश्यकता......................................................७२
६.६.१ संस्थागत संरचना..........................................................................................७२
६.६.२ संस्थागत क्षमता अभिवृद्धि..............................................................................७३
**अध्याय ७....................................................................................................७४**
**संस्थागत संरचना, सरोकारवालाहरुको भूमिका र जिम्मेवारी..........................................७४**
७.१ सरोकारवालाहरुको भूमिका र जिम्मेवारी ..............................................................७४

## तालिका सूची


तालिका १ नगरपालिकाको गठन ........ ५
तालिका २ प्राकृतिक सम्पदा ........ ६
तालिका ३  वडागत घरपरिवार तथा जनसंख्या विवरण........ ७
तालिका  ४ जातिगत आधारमा जनसंख्या विवरण ........ ७
तालिका  ५ उमेर तथा लिंगको आधारमा जनसंख्या विवरण........ ८
तालिका  ६ मुख्य पेशा सम्बन्धी विवरण ........ ८
तालिका ७ व्यक्तिगत घटना विवरण........ ९
तालिका  ८ खानेपानी, सरसफाइ र स्वच्छता  क्षेत्रमा कार्यरत सघसंस्थाहरु........ १०
तालिका  ९ खासस्व प्रणालीको विवरण ........ ११
तालिका  १0 घरायसी तहमा खासस्वको कभरेज र सेवा स्तरको विवरण ........ १३
तालिका  ११  सरसफाइ तथा स्वच्छता अवस्थाको विवरण........ १४
तालिका  १२  वडागत रुपमा सरसफाइ तथा स्वच्छताको अवस्था ........ १५
तालिका  १३  वडागत रुपमा शौचालयको अवस्था ........ १५
तालिका  १४  वडागत रुपमा शौचालयको बनोटको अवस्था ........ १६
तालिका  १५  वडागत रुपमा शौचालयबाट निस्किने पदार्थ जोडिएको स्थानको अवस्था........ १६
तालिका  १६  वडागत रुपमा हात धुने निश्चित स्थानमा साबुनपानीको अवस्था........ १७
तालिका  १७ वडागत रुपमा शौचालयको सरसफाइको अवस्था ........ १७
तालिका  १८ वडागत रुपमा खासस्वको अवस्था ........ २०
तालिका  १९ विद्यालय, विद्यार्थी, शिक्षक तथा कर्मचारी........ २१
तालिका  २0 विद्यालयहरुको समग्र खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति (तारा पद्धती) को विवरण ........ २१
तालिका  २१ विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्थाको अवस्था ........ २२
तालिका  २२  विद्यालयको खानेपानी अवस्थाको विवरण........ २२
तालिका  २३  विद्यालयमा खानेपानीको अवस्था........ २२
तालिका  २४ विद्यालयमा शौचालय सेवाको स्तरको अवस्था ........ २३
तालिका  २५  विद्यालयहरुमा शौचालयको अवस्था ........ २३
तालिका  २६  महिनावारी स्वच्छता सम्बन्धी अवस्थाको विवरण ........ २४
तालिका  २७ विद्यालयमा समुहगत हातधुने अवस्था सम्बन्धी विवरण........ २५
तालिका  २८ वातावरणीय सरसफाइ सम्बन्धी अवस्था ........ २५
तालिका  २९ व्यवस्थापन तथा संस्थागत अवस्था सम्बन्धी विवरण ........ २६
तालिका  ३0 स्वास्थ्य संस्थाको खासस्व सेवा स्तर सम्बन्धी विवरण ........ २७
तालिका  ३१ स्वास्थ्य संस्थाको खासस्व अवस्था सम्बन्धी विवरण........ २८
तालिका  ३२ शौचालय र यसको सरसफाइको विवरण........ २९
तालिका  ३३ स्वास्थ्य संस्थाको फोहोर व्यवस्थापन सम्बन्धी विवरण........ ३१
तालिका  ३४ स्वास्थ्य संस्थाको समग्र खासस्व अवस्था सम्बन्धी विवरण ........ ३४
तालिका  ३५ सार्वजनिक शौचालयको समग्र खासस्व अवस्था सम्बन्धी विवरण........ ३५
तालिका  ३६ नगरपालिकामा खानेपानीको आपुर्ती प्रणालीको अवस्था ........ ३६
तालिका  ३७ घरायसी रुपमा शौचालयको अवस्था सम्बन्धी विवरण ........ ३७
तालिका  ३८ घरायसी रुपमा शौचालयको विवरण........ ३७
तालिका  ३९  खानेपानी सुचारुपनाको अवस्था सम्बन्धी विवरण ........ ३८
तालिका  ४0 सरसफाइ अवस्था सम्बन्धी विवरण ........ ३९

तालिका ४१ धाराको अवस्था सम्बन्धी विवरण ........................................................................३९
तालिका ४२ खानेपानी सुचारुपना र दिगोपनाको स्कोर सम्बन्धी विवरण ..............................................४०
तालिका ४३ खानेपानी उपभोक्ता समितिको व्यवस्थापन अवस्था सम्बन्धी विवरण..................................४१
तालिका ४४ सम्पत्तिको स्वामित्व सम्बन्धी विवरण...............................................................४२
तालिका ४५ खानेपानी, सरसफाइ र स्वच्छतामा लगानी सम्बन्धी विवरण ............................................४२
तालिका ४६ योजनाको प्राथमिकता निर्धारण सम्बन्धी विवरण ......................................................५०
तालिका ४७ क्रियाकलापको वितरण सम्बन्धी विवरण .................................................................५१
तालिका ४८ कभरेजको सारांश सम्बन्धी विवरण .....................................................................५३
तालिका ४९ खासस्व योजनाको लागत सारांश सम्बन्धी विवरण ......................................................५९
तालिका ५0 खासस्व योजनामा लगानीमा अन्तर सम्बन्धी विवरण...................................................६४
तालिका ५१ कम्पोनेन्ट स्तरमा लागत सम्बन्धी विवरण ..............................................................६५
तालिका ५२ उच्च ग्याप रहेका लगानीका क्षेत्रहरु सम्बन्धी विवरण...............................................६६
तालिका ५३ ग्याप पुर्तिको सारांश सम्बन्धी निर्धारण सम्बन्धी विवरण ..........................................६७
तालिका ५४ ग्याप पूर्ति (Bridging) को सारांश - लागत कम्पोनेन्ट स्तरमा ........................................६८
तालिका ५५ सम्पत्तिको मूल्य ......................................................................................७०

# अध्याय १
# खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको परिचय

## १.१ पृष्ठभूमि

खानेपानी, सरसफाइ र स्वच्छता विषय क्षेत्र मानव जीवनको अभिन्न अंगका रुपमा रहेको छ जसले मानव स्वास्थ्य, शिक्षा, जिविकोपार्जन, प्रतिष्ठा, विकास निर्माण, सामाजिक सशक्तिकरण र समृद्धिमा प्रत्यक्ष प्रभाव पार्दछ । खानेपानी तथा सरसफाइलाई नागरिकको मौलिक अधिकारको रुपमा स्थापित गर्ने विश्वका सिमित देशहरू मध्ये नेपाल पनि एक हो । नेपालको संविधान २०७२ को भाग ३ को मौलिक हक र कर्तव्यको धारा ३५ को उपधारा ४ मा प्रत्येक नागरिकलाई खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ भन्ने व्यवस्था गरिएको छ । संविधानमा परिकल्पना गरिए अनुसारको खानेपानी तथा सरसफाइ सेवा सबै नागरिकको पहुँचसम्म पुऱ्याउनका लागि स्थानीय सरकारको संरचनागत सुदृढिकरण तथा क्षमता अभिबृद्धि गर्नु अपरिहार्य देखिन्छ ।

नेपालले क्षेत्रिय र अन्तर्राष्ट्रिय मञ्चहरूमा व्यक्त गरेको प्रतिबद्धता र हस्ताक्षरकर्ताको रूपमा खानेपानी र सरसफाइको लक्ष्य प्राप्ति र दिगो व्यवस्थापनका लागि अहिलेसम्म गरेका प्रयत्नहरूमा अझै तीब्रता दिनुपर्ने देखिन्छ । संयुक्त राष्ट्र संघद्वारा प्रतिपादित दिगो विकास लक्ष्य नं ६ अन्तर्गतको ६.१ र ६.२ मा सन् २०३० सम्ममा विश्वका सम्पूर्ण जनसंख्यालाई सुरक्षित र दिगो खानेपानी तथा सरसफाइ सेवाको उपलब्धता सुनिश्चित गर्ने उल्लेख गरिएको छ । नेपाल सरकारले संयुक्त राष्ट्र संघद्वारा प्रतिपादित दिगो विकास लक्ष्य कार्यान्वयनका लागि प्रतिवद्धता जनाई सकेको सन्दर्भमा स्थानीय सरकारहरूले दिगो र व्यवस्थित खानेपानी तथा सरसफाइको सुनिश्चितताका लागि योजनाबद्ध तवरले अगाडि बढ्नु अपरिहार्य देखिन्छ ।

सबै नागरिकलाई जुनसुकै समयमा सुरक्षित, पर्याप्त, सुलभ, स्वीकार्य र खर्च बहन सामर्थ्ययोग्य खानेपानी, सरसफाइ र स्वच्छता सेवा प्रदान गरी जीवनस्तरमा सुधार गर्नु नेपाल सरकारको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको प्रमुख लक्ष्य रहेको छ । सो लक्ष्य प्राप्तिका लागि नेपाल सरकारको खानेपानी मन्त्रालय अन्तरर्गत खानेपानी तथा ढल व्यवस्थापन विभागले नेपाल खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना (Sector Development Plan) २०७४-२०८७ तयार गरेर योजनाबद्ध रुपले खानेपानी र सरसफाइको पहुँच सम्पूर्ण नेपाली नागरिकसम्म पुऱ्याउने रणनीतिहरू तय गरेको छ । त्यस्तै पूर्ण सरसफाइ मार्गदर्शन २०७३ अनुसार पूर्ण सरसफाइका क्रियाकलाप सफा र स्वच्छ क्षेत्र र पूर्ण सरसफाइ उन्मुख क्षेत्र गरी दुई चरणमा विभाजन गरिएको छ । उक्त अवस्था हासिल गर्न तोकिएका ७ वटा मुख्य सूचक तथा ति अन्तर्गतका उपसूचकहरुको अवस्था हासिल भएको हुनुपर्दछ । जसको पहिलो खुड्किलाको रुपमा खासस्व योजना तर्जुमा तथा कार्यान्वयन रहेको छ जुन अति महत्वपूर्ण र अन्य सूचकहरू हासिल गर्न सकारात्मक प्रभाव पार्दछ ।

नेपाल सरकार, खानेपानी मन्त्रालय/खानेपानी तथा ढल व्यवस्थापन विभागको प्रगति प्रतिवेदनमा आधारभूत स्तरको खानेपानीको पहुँच ८९ प्रतिशत र आधारभूत स्तरको सरसफाइको पहुँच १०० प्रतिशत घरधुरीमा पुगेको छ भनिएको छ । यसै गरी ७७ वटै जिल्ला खुला दिसामुक्त क्षेत्र घोषणा भई सकेका छन् र २०७६ साल आश्विन १३ गतेका दिन देशलाई नै खुला दिसामुक्त देश घोषणा गरिएको छ । यसरी अबको अभियान सुरक्षित खानेपानी सेवा सहितको पूर्ण सरसफाइको हुनेछ, सो अभियानलाई सार्थक बनाउन सरकारी, नीजि तथा गैरसरकारी निकायहरूबाट हुने काममा थप प्रभावकारीता ल्याउन प्रत्येक स्थानीय तहमा सहभागितात्मक प्रकृया अपनाई एकीकृत खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको तर्जुमा हुन आवश्यक देखिन्छ ।

यसरी योजनाबद्ध रुपमा सम्पूर्ण नागरिकहरुमा सुरक्षित खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका कृयाकलापहरु संचालनका लागि वर्तमान खानेपानी तथा सरसफाइको अवस्था, सम्भावित श्रोतहरू, सार्वजनिक तथा संस्थागत खानेपानी तथा सरसफाइको अवस्था, समुदायको स्वच्छता आनिबानि सम्वन्धमा सर्वेक्षण, अध्ययन, छलफल गरी उपलब्ध तथ्यहरू र सूचनाहरूका आधारमा खानेपानी तथा ढल व्यवस्थापन विभागको क्षेत्रगत विकास योजना २०७४-२०८७ सँग तादात्म्यता मिलाएर खानेपानी, सरसफाइ तथा स्वच्छताका कार्यक्रमहरुको प्राथमिकीकरण र बजेट समेत आंकलन गरी राजदेवी नगरपालिकाको १० (दश) वर्षे खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तयार गरिएको छ ।

## १.२ औचित्य

राजदेवी नगरपालिका स्थानीय तह पुनर्संरचनाका क्रममा नेपाल सरकारको मिति २०७२ साल पौष २१ गतेको निर्णय अनुसार साविकका ८ वटा गा.वि.स.हरु झुन्खुनवा, हजमनिया, बसतपुर, राजदेवी, मदवलावा, दक्षिमीपुर बेल्बिछवा र बह्मपुर गा.वि.स.का वडाहरु मिलाएर राजदेवी नगरपालिका घोषणा भएको हो । नगरपालिका घोषणा भए पश्चात समायोजन भएको स्थानहरूको खानेपानी र सरसफाइको अवस्था तथा वस्तुस्थिति समावेश भएको कुनै आधिकारिक दस्तावेज नभएको अवस्थालाई मध्यनजर गर्दै नगरपालिकाको क्षमता, खानेपानी, सरसफाइ तथा स्वच्छताको वास्तविक अवस्था र भावी

योजनाहरू तय गर्नका लागि यो खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको आवश्यकता महसुस गरिएको हो । खानेपानी तथा सरसफाइ नागरिकहरुको मौलिक हकको रुपमा संविधानमा व्यवस्था गरे अनुसार नै नगरपालिका क्षेत्रका नागरिकलाई सर्वसुलभ, सुरक्षित र दिगो खानेपानी तथा सरसफाइ सेवाको पहुँचमा अभिवृद्धि गर्नु नगरपालिकाको कर्तव्य तथा जिम्मेवारीभित्र पर्दछ । स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ मा गाउँ/नगरपालिकाको काम कर्तव्य र अधिकार शिर्षकमा उल्लेख गरिए वमोजिम दफा ११ को उपदफा "ध" मा स्थानीय खानेपानी सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन र नियमन सम्बन्धी प्रावधान रहेकाले पनि सो जिम्मेवारीलाई योजनावद्ध रुपमा कार्यान्वयन गर्नका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) क्षेत्रको विकास गर्न अत्यावश्यक रहेको छ ।

## १.३ उद्देश्य

खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) को क्षेत्रमा राजदेवी नगरपालिका भित्रका सम्पूर्ण मौजुदा सुविधा र संरचनाहरूको यथास्थिति र अवस्था NWASH व्यवस्थापन सुचना प्रणाली (Management Information System-MIS) को प्रयोगद्वारा संकलन तथा अभिलेखिकरण गरी आगामी सन् २०३० सम्ममा सवै घरधुरीमा सुरक्षित खासस्व सेवाको सुनिश्चितताका लागि मार्गदर्शन प्रदान गर्नु नै यस खासस्व योजनाको प्रमुख उद्देश्य हो ।

खासस्व योजनाको अन्य विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजनाले परिकल्पना गरेको खानेपानी, सरसफाइ तथा स्वच्छताको स्तरमा पुग्नका लागि नयाँ निर्माण तथा स्तरोन्नति गर्नु पर्ने खासस्व सेवाहरूको प्रस्ताव, प्राथमिकिकरण, आवश्यक अनुमानित बजेट र उपलब्ध श्रोत साधनहरूको लेखाजोखा सहितको रणनीति र कार्ययोजना बनाउन सहयोग गर्नु ।
- राजदेवी नगरपालिकाको खानेपानी तथा सरसफाइ समस्याको पहिचान गरी नगरपालिकाका सम्पुर्ण घरपरिवारलाई सर्बसुलभ र गुणस्तरयुक्त खानेपानी उपलब्ध गराउन र पुर्ण सरसफाइ उन्मुख नगरपालिका घोषणाका लागि स्थानीय श्रोत र साधनका अतिरिक्त प्रदेश तथा सङ्घीय सरकार र दातृ निकायहरुबाट सहयोग जुटाएर नेपाल सरकार खानेपानी तथा सरसफाइ क्षेत्रको लक्ष्य तथा दिगो विकासका लक्ष्य वमोजिमको उपलब्धि हासिल गर्न योजनाबद्ध तरिकाले कार्य गर्न सहयोग गर्नु ।

### अन्य उद्धेश्यहरु

- यस खानेपानी, सरसफाइ र स्वच्छता योजनाले वि.स. २०८८ को अन्त्यसम्ममा नगरपालिकाभित्र खानेपानी, सरसफाइ तथा स्वच्छताका सवालहरूको विश्लेषण गर्दै खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रको सेवाको गुणस्तर सम्बन्धमा नागरिकहरूले राखेका अपेक्षा सहितलाइ सम्बोधन गर्दै सेवा प्रावधानको समग्र व्यवस्थापनमा कसरी सुधार गर्न चाहेका छन् भन्ने कुराको व्यापक र सुसँगत दृष्टिकोण प्रदान गर्ने ।

- **सहयोगको लागि पैरवी:** यस योजनाले राष्ट्रिय तथा बाह्य सहयोगको आवश्यकताको बारेमा पैरवी र सचेतना बढाउन सहयोग पुऱ्याउँछ र जब परियोजना प्रस्तावहरुको विकास हुन्छ तव कोष अभिबृद्धिका अवसरको लागि औचित्य पुष्टि गर्ने ।

- **क्षेत्र व्यवस्थापन:** यस योजनाले सुधारिएको क्षेत्र व्यवस्थापन, अनुगमनको आधारका साथै उद्धेश्य तथा सूचकहरु निर्माण गर्ने आधार तयार गर्ने ।

- **क्षेत्रगत समन्वय तथा सहकार्य:** यस खासस्व योजनाको तर्जुमा विभिन्न सरोकारवालाहरु तथा नगरपालिकाका विभिन्न विषयगत मुख्य योजना समूहले गरेका हुन् । त्यसकारण यसले कुशल र प्रभावकारी क्षेत्र समन्वय र सहकार्यलाई सुदृढ पार्न र सहजीकरण गर्न मुख्य क्षेत्रहरूको राम्रो सिंहावलोकन प्रदान गर्दछ । खानेपानी सरसफाइ तथा स्वच्छता सेवामा पहुँच वृद्धि गर्न यसले नगरपालिकामा मुख्य सरोकारवालाहरु (गै.स.स, निजी क्षेत्र, समुदायमा आधारित संस्थाहरु) पहिचानमा सहयोग गर्ने ।

## १.४ समयावधि

राजदेवी नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना नगरकार्यपालिकाले अनुमोदन गरेको स्विकृत गरेको मितिदेखि लागू हुनेछ । यसलाइ नगर सभाबाट स्विकृत गरिनेछ । यस खासस्व योजनाको समयावधि नेपाल सरकार, खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभागद्वारा तयार पारिएको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र विकास योजना (SDP) २०७४-२०८७ सँग सामन्जस्यता हुने गरी १० वर्ष (सन् २०३० अर्थात् वि.सं २०८७) सम्मको हुनेछ । यसले विशेष गरेर नेपालको संविधानमा स्थापित मौलिक हक तथा नगरपालिका बासीहरुको खानेपानी, सरसफाइ तथा स्वच्छतामा पहुँच अभिबृद्धि सर्वसुलभ बनाउनको लागि योजनाले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

## १.५ सीमितता / अध्ययनका सिमा

यस खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार पार्ने क्रममा खानेपानी योजनाको विवरण बाहेकका नगरपालिका स्तरीय अन्य सरसफाइ र स्वच्छता सम्बन्धी सूचनाहरू नगरपालिकाका निर्वाचित पदाधिकारीहरू, कार्यरत कर्मचारीहरू, विद्यालय शिक्षक तथा स्वास्थ्य संस्थाका कर्मचारीका अलावा महिला स्वास्थ्य स्वयमसेविकाहरूसँग छलफल गरी संकलन गरिएको हो । घरपरिवार तहको सरसफाइ र स्वच्छताको वर्तमान अवस्थाको सूचनाहरू संकलन गर्न सम्पूर्ण घरपरिवारमा नै गई सूचनाहरू संकलन गर्न नसकिएकोले १० प्रतिशतको अन्तरालमा नमुना संकलन (Random Sampling Method) विधिबाट सूचनाहरू संकलन तथा प्राप्त तथ्यहरूलाई सामान्यिकरण गरिएको छ ।

तथ्याङ्कहरू संकलनका लागि स्थानीय प्राविधिक तथ्याङ्क संकलकहरु उपलब्ध नभएकोले कतिपय प्राविधिक सूचनाहरू समेत प्राविधिक विषय अध्ययन नगरेका तर तालिम प्राप्त तथ्याङ्क संकलकहरूको माध्यमबाट संकलन गरिएको थियो । नगरपालिकामा खानेपानी तथा सरसफाइका भरपर्दो सूचना प्रणालीको स्थापना भईनसकेकोले नगरपालिकाको खानेपानी तथा सरसफाइ सम्बन्धी पर्याप्त जानकारीहरू उपलब्ध हुन नसक्दा खासस्व योजना तर्जुमाका क्रममा मौजुदा तथ्यांकहरूको विश्लेषणमा केही कठिनाई उत्पन्न भएको थियो ।

## १.६ तयारी विधि र प्रक्रिया

राजदेवी नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तयारीका क्रममा तपसिलका चरण र प्रक्रियाहरू अवलम्वन गरिएको थियो ।

### १.६.१ खासस्व योजनाको ढाँचा, सर्वेक्षण औजार र आवश्यक जनशक्ति व्यवस्थापन

नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभागद्वारा प्रस्तावित ढाँचा अनुरुप नै यो खासस्व योजना तयारी गरिएको छ । सो ढाँचामा प्रस्तावित विषयवस्तु तयारीका लागि फिल्ड सर्वेक्षणका रुजु सूची र प्रश्नावलीहरूका अलावा नेपाल सरकार, खानेपानी मन्त्रालयबाट तयार गरिएको GIS मा आधारित NWASH मोबाइल एप्स विधि अवलम्वन गरी सूचना संकलन गर्न विधि तय गरिएको थियो । फिल्डमा सर्वेक्षणका लागि खटिने गणकहरु नगरपालिकासँगको समन्वयमा छनौट गरी उनिहरूका लागि NWASH मोबाइल एप्सबाट तथ्याङ्क संकलन गर्ने विधि सम्वन्धी ३ दिने तालिम संचालन गरिएको थियो ।

### १.६.२ नगरपालिकास्तरीय खासस्व परिचयात्मक कार्यशाला गोष्ठी तथा सहमति निर्माण

राजदेवी नगरपालिकामा खासस्व योजना परिचयात्मक कार्यशाला गोष्ठी मिति २०७६ फागुन २३ गते नगरपालिका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगरकार्यपालिकाका सदस्यहरू र सरोकारवालाहरूको सहभागितामा आयोजना गरिएको थियो । गोष्ठीमा खानेपानी, सरसफाइ र स्वच्छता (खासस्व) योजनाको आवश्यकता र महत्वका विषयमा छलफल भई तयारी प्रक्रियामा सरोकारवालाहरूको भूमिका विषयमा छलफल भएको थियो । अन्तमा खासस्व योजना तयारीको प्रक्रियाको अनुगमन तथा समन्वयका लागि कार्य समूह गठन गरिएको थियो ।

### १.६.३ गणकहरुको छनोट एवं तालिम

खानेपानी आयोजना, विद्यालय र स्वास्थ्य संस्था, घरधुरी एवं समुदायस्तरको खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी विस्तृत सूचना संकलनका लागि नगरपालिकासँगको समन्वयमा प्राविधिक ज्ञान एवं खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा अनुभव हासिल गरेका ८ जना पुरुष गणक छनोट गरेर मोबाइल एप्सबाट NWASH तथ्याङ्क संकलन सम्बन्धी २०७८ साउन ३० देखि ३२ गतेसम्म ३ (तीन) दिनको तालिम आयोजना गरिएको थियो । उक्त ३ (तीन) दिनको तालिम पश्चात् गणकहरुलाई आ आफ्नो वडामा तथ्याँकहरु एवं जानकारी संकलनका लागि परिचालन गरिएको थियो ।

### १.६.४ तथ्याङ्क संकलन तथा लेखाजोखा

तथ्याङ्क संकलनका लागि तपसिलका कामहरू गरिएको थियो ।

- नगरपालिकामा उपलब्ध सन्दर्भ सामाग्री जस्तै नगरपालिकाको website र युनिसेफ नेपालको सहयोगमा विगतमा संकलन गरेको सरसफाइ र स्वच्छता सम्बन्धी तथ्याङ्क र कार्यालयका प्रतिवेदन अध्ययन गरिएको थियो ।
- NWASH मोबाइल एप्सको माध्यमबाट नगरपालिका क्षेत्रभरिका खानेपानी र सरसफाइसँग सम्वन्धित विद्यमान भौतिक संरचनाहरूको लेखाजोखा गरिएको थियो ।
- संचालित खानेपानी आयोजनाहरूको दिगोपना लेखाजोखा गरिएको थियो ।

- घरपरिवार तहको खानेपानी, सरसफाइ र स्वच्छताको वर्तमान अवस्थाको सूचनाहरू संकलन गर्ने १० प्रतिशतको अन्तरालमा ९० प्रतिशत Confidence level हुने गरी नमुना संकलन (Random Sampling Method) विधिबाट सूचनाहरू संकलन गरिएको थियो ।
- शतप्रतिशत विद्यालयहरू, स्वास्थ्य संस्थाहरू तथा सार्वजनिक शौचालयहरूमा पुगि खानेपानी तथा सरसफाइ सम्बन्धी अवस्था र भावी योजनाहरू सम्बन्धी सूचना संकलन गरिएको थियो ।
- समुदायको ठोस तथा तरल फोहोर व्यवस्थापन, मानव दिसाजन्य लेदो व्यवस्थापन गरी श्रोतको पुनः प्रयोग सम्बन्धी समुदाय तहमा छलफल तथा अवलोकन गरी तथ्यहरू संकलन कार्य भएको थियो ।
- खानेपानीको पहुँचबाट बञ्चित भएका समुदायको खानेपानीको सम्भावित श्रोतहरू तिनको वर्तमान अवस्था (क्षमता, गुणस्तर) र भविष्यमा स्तरोन्नति गर्न सकिने अवस्थाको समेत आंकलन गरिएको थियो ।
- अन्य विकास साझेदारहरूको खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमहरूको विवरणहरू संकलन गरिएको थियो ।

### १.६.५ तथ्याङ्क प्रशोधन, विश्लेषण तथा मस्यौदा तयारी

मोबाइल एप्स, समूहगत छलफल, रुजु सूचीको आधारमा संकलन गरिएका सूचना तथा तथ्याङ्कहरूलाई सुचना प्रविधि (IT) विज्ञहरूको सहयोगमा प्रशोधन तथा विस्तृत विश्लेषण गरिएको थियो । तत्पश्चात् निर्धारित लक्ष्य हाँसिल गर्न, हालको विद्यमान अवस्था र पुग्नु पर्ने स्थान विचको अन्तरको चर्चा गर्दै स्पष्ट नीति, कार्यक्रम, बजेट र साझेदारहरूका बीचको सहकार्यको योजना सहितको नेपाल सरकार, खानेपानी तथा ढल व्यवस्थापन विभागबाट सिफारिस गरिएको ढाँचामा मस्यौदा योजना प्रतिवेदन तयार गर्ने कार्य गरिएको थियो ।

### १.६.६ खासस्व योजना तथ्याँक प्रमाणीकरण र योजना प्राथमिकिकरण गोष्ठी

मस्यौदा योजना प्रतिवेदन तयारी पश्चात संयुक्त वडा तथा नगरपालिका स्तरिय तथ्याँक प्रस्तुती तथा प्रमाणीकरण कार्यशाला गोष्ठी मिति २०७८ मंसिर ५ गतेका दिनमा नगरपालिकाको सभा कक्षामा आयोजना गरी प्रस्तावित खानेपानी तथा सरसफाइका दुरदृष्टि, परिलक्ष्य, लक्ष्य, रणनीति, अन्य विकासका साझेदारहरूको संलग्नता, नगरपालिकाको खासस्व कार्यक्रमहरूको बजेट, सुरक्षित खानेपानी युक्त समुदाय घोषणा, पुर्ण सरसफाइ, विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता, जलवायु परिवर्तनका असर र अनुकुलन योजना, विपद् व्यवस्थापनका योजना, संस्थागत क्षमता विकास लगायतका विषयहरुमा छलफल गरियो । गोष्ठीबाट प्राप्त सूचना, सुझाव तथा पृष्ठपोषणहरूलाई समावेश गरेर खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको अन्तिम प्रतिवेदन तयार गरिएको थियो ।

### १.६.७ खासस्व योजना तयारी तथा सार्वजनिकिकरण

अन्तिम खासस्व योजना नगरकार्यपालिकाको बैठकबाट कार्यान्वयनको प्रतिबद्धता सहित अनुमोदन गरी आगामी नगरसभाबाट स्विकृत गर्ने गरी सार्वजनिकिकरण गरिएको छ ।

# अध्याय २
# नगरपालिकाको वस्तुगत विवरण

## २.१ भौगोलिक अवस्थिति र बनोट

राजदेवी नगरपालिका नेपालको प्रशासनिक विभाजन अनुसार रौतहट जिल्लाको दक्षिण पूर्वी भागमा रहेको छ र मधेश प्रदेशमा पर्दछ । समुन्द्री सतहदेखि ७७-८० मिटर सम्मको उचाईमा रहेको यो नगरपालिका भौगोगिक अवस्थितिका हिसाबले २६ डिग्री ४४ मिनेट ३९ सेकेण्ड उत्तर देखि २६ डिग्री ४९ मिनेट ३ सेकेण्ड उत्तरी अक्षांश र ८५ डिग्री १७ मिनेट ९ सेकेण्ड पूर्व देखि ८५ डिग्री २१ मिनेट १२ सेकेण्ड पुर्वी देशान्तरमा फैलिएको छ । प्रशासकिय हिसाबमा साविकको झुन्खुनवा, हजमनिया, बसतपुर, राजदेवी, मदवलावा, दक्ष्मीपुर बेल्बिछवा र बह्मपुर गाविसलाई मिलाई यस नगरपालिकाको गठन गरिएको हो । कुल ९ वटा वडाहरुमा विभाजित यस नगरपालिकाको पुर्वमा सर्लाही जिल्लाको बलरा नगरपालिका, पश्चिममा रौतहटको गौर र राजपुर नगरपालिका, उत्तरमा यमुनामाई र दुर्गाभगवती गाउँपालिका र दक्षिणमा भारतको विहार राज्य पर्दछ । कुल क्षेत्रफल २८.२१ वर्ग कि.मि. रहेको यस नगरपालिकामा गौर नगरपालिका हुदै प्रवेश गर्न सकिन्छ । वडा अनुसार नगरपालिकाको क्षेत्रफल तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका १ नगरपालिकाको गठन**

| वडा नं. | समावेश साविक गाविस | क्षेत्रफल (वर्ग किमिमा) | प्रतिशत |
|---|---|---|---|
| १ | झुन्खुनुवा (१-५) | ३.६८ | १३.० |
| २ | हजमनिया (२,३,५,६) | १.९५ | ६.९ |
| ३ | बसतपुर (२,३,८,९) | २.२ | ७.८ |
| ४ | बसतपुर (१,४-७) | ४.४९ | १५.९ |
| ५ | हजमनिया (१,४,७-९) | ०.५५ | १.९ |
| ६ | राजदेवी (१-९) | ६.४९ | २३.० |
| ७ | मुदबलावा (१-९) | २.५ | ८.९ |
| ८ | लक्ष्मीपुरबेल्बिछवा (१-९) | २.६ | ९.२ |
| ९ | बर्मपुरी (१-९) | ३.७५ | १३.३ |
| | **जम्मा** | **२८.२१** | **१००** |

श्रोतः नगर बस्तुगत विवरण, २०७५

## २.२ पहुँच

राजदेवी नगरपालिका ऐतिहासिक, प्राकृतिक तथा साँस्कृतिक रुपले महत्वपूर्ण क्षेत्र हो । हाल यस नगरपालिकाको केन्द्र साविक राजदेवी गाविसको कार्यालय भएको स्थानमा स्थापित छ । यो नगरपालिका प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ र प्रदेश सभा निर्वाचन क्षेत्र १ (क) अन्तरगत पर्दछ । यस नगरपालिकाभित्र सम्पूर्ण वडाहरु सडकको पहुँचमा रहेका छन । यो नगरपालिकाको भारतसम्म पुग्ने सडक, विद्युत सेवा विस्तार तथा नगरपालिकामा इन्टरनेट र मोवाइल फोनको पहुँच पुगेको छ ।

नेपाल मानव विकास प्रतिवेदन २०१४ तथा गरिबीको लघु क्षेत्र अनुमान २०६८ मा रौतहट जिल्लाको सन्दर्भमा औंलाइएका तथ्यहरुलाई राजदेवी नगरपालिकाका हकमा पनि सामान्यीकरण गरिएको छ । नेपाल मानव विकास प्रतिवेदन २०१४ अनुसार रौतहट जिल्ला मानव विकास सूचकांकका दृष्टिकोणले ७७ जिल्लाहरु मध्ये ७० औं स्थानमा पर्दछ । यस जिल्लाको मानव विकास सूचकांकको मान ०.३८६ रहेको छ । जसअनुसार औषत आयु ७०.९९ वर्ष तथा प्रतिव्यक्ति आम्दानी ७५७ अमेरिकी डलर रहेको छ । बयस्क साक्षरता दर ३३.८९ र राष्ट्रिय योजना आयोगको गरिबीको लघु क्षेत्र अनुमान २०६८ अनुसार यस क्षेत्रमा २१ प्रतिशत गरिव रहेको देखिन्छ ।

## २.३ भूउपयोग तथा वातावरण




तराइ मधेशको जिल्ला अन्तरगत रहेको राजदेवी नगरपालिका धरातलिय स्वरुपका हिसाबले समग्र क्षेत्र समथर भूभागले ओगटेको छ । यस नगरपालिकामा वसोबास योग्य क्षेत्र सहितको उर्वर खेतियोग्य जमिन रहेको छ । नगरपालिकाको कुल क्षेत्रफल २८.२१ वर्ग कि.मि. क्षेत्र मध्ये अधिकांश भाग २६.९२ वर्ग किमि खेतीयोग्य भूमी रहेको छ भने वन जंगलले ओगटेको क्षेत्र ०.०१ वर्ग किमि, घाँसे भूमी/चरण क्षेत्र ०.२५ वर्ग कि.मि, ताल र पोखरीले ओगटेको क्षेत्र ०.०१ वर्ग कि.मि, बलौटे जमिनले ओगटेको क्षेत्र ०.४५ वर्ग कि.मि, वगैंचा र झाडीले ओगटेको क्षेत्र ०.०१ वर्ग कि.मि. र जल क्षेत्र ०.५५ वर्ग कि.मि रहेको छ। यस क्षेत्रको प्राकृतिक वन जंगल, खनिज, विभिन्न वालीहरु उब्जाउन सकिने जमिन, खोला, नदी प्रमुख प्राकृतिक सम्पदा हुन्। प्राकृतिक सम्पदाको प्रचूरता, उर्वर जमिन तथा सिँचाईको स्रोतको उपलब्धता हुनुले यस स्थान कृषि र पशुपालनको लागि उपयुक्त स्थल मानिन्छ । यहाँको प्रमुख कृषि उत्पादनको रुपमा धान, आलु, उखुँ, गहुँ, मकै, मास र तोरी पर्दछन्।

**तालिका २ प्राकृतिक सम्पदा**

| क्र.सं. | जमिनको प्रकार | क्षेत्रफल (वर्ग किमिमा) | प्रतिशत |
|---|---|---|---|
| १ | खेती गरिएको जमिन | २६.९२ | ९५.४३ |
| २ | वन जंगल | ०.०१ | ०.०५ |
| ३ | घाँसे भूमि/चरण क्षेत्र | ०.२५ | ०.८८ |
| ४ | ताल वा पोखरी | ०.०१ | ०.०३ |
| ५ | बलौटे जमिन | ०.४५ | १.६१ |
| ६ | वगैंचा/झाडी | ०.०१ | ०.०६ |
| ७ | जल क्षेत्र | ०.५५ | १.९४ |
| | **जम्मा** | **२८.२१** | **१००** |

श्रोतः नगर बस्तुगत विवरण, २०७५

## २.४ जनसांख्यिक विवरण

### २.४.१ घरधुरी र जनसंख्या विवरण:

राष्ट्रिय जनगणना २०६८ अनुसार कुल घरधुरी ५३६५ र जनसंख्या ३०५६९ रहेको छ भने घरधुरी सर्बेक्षण, २०७५ अनुसार कुल घरधुरी ५४७७ र जनसंख्या २८३९९ रहेको छ। घरधुरी सर्बेक्षण २०७५ मा वडा अनुसार सबैभन्दा उच्च जनसंख्या वडा नं. ९ मा ४५३६ रहेको छ भने सबै भन्दा न्यून जनसंख्या वडा नं.३ मा १४९४ रहेको छ र उक्त विवरण अनुसार औषत घरपरिवारको आकार ५.२ र लैंगिक अनुपात ११४.९ रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार औषत घरपरिवारको आकार ५.७ र लैंगिक अनुपात १०९.८ रहेको थियो भने घरधुरी सर्बेक्षण २०७५ अनुसार औषत घरपरिवारको आकार ५.२ र लैंगिक अनुपात ११४.९ रहेको छ। घरधुरी र जनसंख्या सम्बन्धी वडागत विवरण देहाय बमोजिम रहेको छ।

तालिका ३ वडागत घरपरिवार तथा जनसंख्या विवरण

| वडा नं | जनगणना २०६८ अनुसार | | | | | | घरधुरी सर्वेक्षण २०७५ अनुसार | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | जनसंख्या | | | औषत परिवारको आकार | लैंगिक अनुपात | घरधुरी | जनसंख्या | | | | औषत परिवारको संख्या | लैंगिक अनुपात |
| | | पुरुष | महिला | जम्मा | | | | पुरुष | महिला | अन्य | जम्मा | | |
| १ | ६२४ | २०९३ | १९५२ | ४०४५ | ६.५ | १०७.२ | ४९२ | १७५४ | १४९५ | ० | ३२४९ | ६.६ | ११७.३ |
| २ | ३२६ | ११२३ | १०३४ | २१५७ | ६.६ | १०८.६ | ३६६ | १०८५ | ९५६ | ० | २०४१ | ५.६ | ११३.५ |
| ३ | ४६६ | १५१७ | १३०४ | २८२१ | ६.१ | ११६.३ | ३७८ | ८२३ | ६७१ | ० | १४९४ | ४.० | १२२.७ |
| ४ | ४२४ | १३५८ | १२७४ | २६३२ | ६.२ | १०६.६ | ५३९ | १२४१ | १०५७ | १ | २२९९ | ४.३ | ११७.४ |
| ५ | ४३० | १२८७ | ११७९ | २४६६ | ५.७ | १०९.२ | ५९५ | १३८४ | १२१७ | १ | २६०२ | ४.४ | ११३.७ |
| ६ | ७५४ | २३१० | २१११ | ४४२१ | ५.९ | १०९.४ | ९०९ | २३७७ | २००० | १ | ४३७८ | ४.८ | ११८.९ |
| ७ | १,००९ | २२६७ | २०४७ | ४३१४ | ४.३ | ११०.७ | ७२२ | २०३७ | १८३९ | १ | ३८७७ | ५.४ | ११०.८ |
| ८ | ६३४ | १८९६ | १६६४ | ३५६० | ५.६ | ११३.९ | ६२७ | २०९१ | १८३१ | १ | ३९२३ | ६.३ | ११४.२ |
| ९ | ६९८ | २१४७ | २००६ | ४१५३ | ५.९ | १०७.० | ८४९ | २३८६ | २१४८ | २ | ४५३६ | ५.३ | १११.१ |
| **जम्मा** | ५,३६५ | **१५९९८** | **१४५७१** | **३०५६९** | **५.७** | **१०९.८** | **५४७७** | **१५१७८** | **१३२१४** | **७** | **२८३९९** | **५.२** | **११४.९** |

श्रोतः राष्ट्रिय जनगणना २०६८,घरधुरी सर्वेक्षण,२०७५

## २.४.२ जातजाति र जनसंख्या विवरण :

जातजातिगत आधारमा जनसंख्यालाई हेर्दा सबैभन्दा बढी तराई अन्यको ५७.०९ प्रतिशत र तराई आदिबासीको जनसंख्या ३८१५ अर्थात् १३.४३ प्रतिशत रहेको छ । यसै गरी सबैभन्दा कम जनसंख्या पहाडी वाम्हण/क्षेत्रीको जनसंख्या १३ अर्थात् ०.०५ प्रतिशत रहेको छ। नगरपालिकाको जातजातिगत जनसंख्यालाई देहाय बमोजिम प्रस्तुत गरिएको छ।

तालिका ४ जातिगत आधारमा जनसंख्या विवरण

| वडा नम्बर | जातीजाती अनुसार जनसंख्या | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तराई आदीबासी/जनजाति | तराई दलित | मुस्लिम | तराई वाम्हण/क्षेत्री | तराई अन्य | पहाडी वाम्हण/क्षेत्री | पहाडी आदीबासी/जनजाति | पहाडी दलित | पहाडी अन्य | जम्मा |
| १ | २०५ | २२३ | २०७ | १०१ | २५०२ | २ | २ | २ | ५ | ३२४९ |
| २ | ० | ७९ | २१७ | १४ | १७०० | ० | ० | ० | ३१ | २०४१ |
| ३ | ४८२ | ५२२ | ० | ५७ | ४१७ | ८ | ४ | १ | ३ | १४९४ |
| ४ | १३४५ | ३७० | १ | ५६५ | ४ | २ | ३ | ३ | ६ | २२९९ |
| ५ | ० | २५५ | ३३१ | ६०७ | १४०५ | ० | ० | ० | ४ | २६०२ |
| ६ | २ | ६९८ | १६३ | १८ | ३३८६ | ० | ० | ० | १११ | ४३७८ |
| ७ | १ | ६०८ | ० | १ | ३२२४ | ० | ० | २ | ४१ | ३८७७ |
| ८ | ० | ३२६ | ० | ४ | ३५६७ | ० | ० | ३ | २३ | ३९२३ |
| ९ | १७८० | १७३७ | ७१ | ९२७ | ७ | १ | ७ | ३ | ३ | ४५३६ |
| **जम्मा** | **३८१५** | **४८१८** | **९९०** | **२२९४** | **१६२१२** | **१३** | **१६** | **१४** | **२२७** | **२८३९९** |
| **प्रतिशत** | **१३.४३** | **१६.९७** | **३.४९** | **८.०८** | **५७.०९** | **०.०५** | **०.०६** | **०.०५** | **०.८०** | **१००** |

श्रोतः नगर वस्तुगत विवरण, २०७५

### २.४.३ उमेर तथा लिंगको आधारमा जनसंख्या विवरण

राजदेवी नगरपालिकामा उमेर तथा लिंगको आधारमा जनसंख्याको स्थिति हेर्दा कुल जनसंख्या २८३९९ मध्ये उमेर समूह अनुसार सबैभन्दा कम जनसंख्या ६०-६९ वर्षको जनसंख्या १२९० र ७० वर्ष भन्दा माथिको जनसंख्या १२९० रहेको छ। त्यसै गरेर सबैभन्दा बढी जनसंख्या १९ देखि ४९ वर्ष उमेर समुहको रहेको छ। उमेर समुह तथा लिंगका आधारमा वडागत जनसंख्या विवरण देहाय बमोजिम रहेको छ।

तालिका ५ उमेर तथा लिंगको आधारमा जनसंख्या विवरण

| वडा नं. | १ वर्ष भन्दा कम | | १-५ वर्ष | | ६-१४ वर्ष | | १५-१८ वर्ष | | १९-२४ वर्ष | | २५-४९ वर्ष | | ५०-५९ वर्ष | | ६०-६९ वर्ष | | ७० वर्ष भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| १ | ३२ | ३७ | ३२ | ३७ | ३२ | ३७ | ३२ | ३७ | ५४७ | ४७८ | ५४७ | ४७८ | ५४७ | ४७८ | ७० | ५४ | ७० | ५४ |
| २ | २० | १४ | २० | १४ | २० | १४ | २० | १४ | ३०३ | ३१९ | ३०३ | ३१९ | ३०३ | ३१९ | ३१ | ४५ | ३१ | ४५ |
| ३ | २२ | ९ | २२ | ९ | २२ | ९ | २२ | ९ | २६७ | २२३ | २६७ | २२३ | २६७ | २२३ | ३४ | ३६ | ३४ | ३६ |
| ४ | १८ | १३ | १८ | १३ | १८ | १३ | १८ | १३ | ३९४ | ३४८ | ३९४ | ३४८ | ३९४ | ३४८ | ७१ | ५६ | ७१ | ५६ |
| ५ | ३५ | ३२ | ३५ | ३२ | ३५ | ३२ | ३५ | ३२ | ४३३ | ४०१ | ४३३ | ४०१ | ४३३ | ४०१ | ५९ | ५९ | ५९ | ५९ |
| ६ | ४७ | ४४ | ४७ | ४४ | ४७ | ४४ | ४७ | ४४ | ६८३ | ५७० | ६८३ | ५७० | ६८३ | ५७० | ११६ | ९२ | ११६ | ९२ |
| ७ | ४५ | ३३ | ४५ | ३३ | ४५ | ३३ | ४५ | ३३ | ६३० | ५५३ | ६३० | ५५३ | ६३० | ५५३ | ९८ | ९३ | ९८ | ९३ |
| ८ | ३१ | ४९ | ३१ | ४९ | ३१ | ४९ | ३१ | ४९ | ६३० | ५१८ | ६३० | ५१८ | ६३० | ५१८ | ७२ | ९६ | ७२ | ९६ |
| ९ | ४४ | ६५ | ४४ | ६५ | ४४ | ६५ | ४४ | ६५ | ७३२ | ६४५ | ७३२ | ६४५ | ७३२ | ६४५ | १०९ | ९८ | १०९ | ९८ |
| **जम्मा** | २९४ | २९६ | २९४ | २९६ | २९४ | २९६ | २९४ | २९६ | ४६१९ | ४०५५ | ४६१९ | ४०५५ | ४६१९ | ४०५५ | ६६० | ६२९ | ६६० | ६२९ |

श्रोतः नगर बस्तुगत विवरण, २०७५

## २.५ आर्थिक गतिविधि र पेशा

नगरपालिकाको आर्थिक अवस्था, नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने व्यक्तिहरुको मुख्य पेशा तथा सीप, रोजगारी, कृषि, उद्योग व्यापार तथा व्यवसाय, सहकारी, पर्यटन, बैंक तथा वित्तिय संस्था लगायतका आर्थिक गतिविधि र मुख्य पेशा सम्बन्धी विवरणलाई हेर्ने हो भने यहाँका बासिन्दाले अबलम्बन गरेको पेशा मध्ये कृषि तथा पशुपालन क्षेत्रमा १७८८ जना, ज्याला मजदुरी क्षेत्रमा ५०२४ जना, जागिरमा ६४२ जना, व्यवसायिक क्षेत्रमा लागेका शिक्षक, पत्रकार, वकिल, परामर्श, ठेक्का र पुजारीहरुको संख्या १२०० रहेको छ। त्यसै गरेर उद्योग व्यापारमा ८३५ जना, बैदेशिक रोजगारीमा १५२५ जना छन्। अन्य संख्या विद्यार्थी, गृहिणी, बेरोजगार व्यक्ति र कम उमेर समुहको रहेको छ। पेशा सम्बन्धी विस्तृत विवरण देहाय बमोजिम रहेको छ।

तालिका ६ मुख्य पेशा सम्बन्धी विवरण

| वडा नं. | कृषि तथा पशुपालन | जागिर | उद्योग व्यापार | ज्याला मजदूरी | व्यवसायिक कार्य | बैदेशिक रोजगारी | विद्यार्थी | गृहिणी | बेरोजगार | कम उमेर | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ३७१ | १२१ | ४८ | ३३७ | २९ | ८२ | ५९० | ५७५ | १३२ | ९०४ | ४ |
| २ | १७३ | २३ | २६ | २७५ | ६ | १९ | ३२७ | ४०४ | ७५ | ६५५ | १४ |
| ३ | ६७ | ६२ | ३६ | २५५ | ६ | २४ | २३९ | ३७१ | २७ | ३८३ | १० |
| ४ | २७ | ११७ | १०६ | २७० | ५ | ४१ | ३७८ | २९७ | १७५ | ५८८ | २३ |
| ५ | ४० | ८७ | १३ | ४३९ | ६ | ७० | ४२७ | ६१० | २३५ | ६६४ | ९ |
| ६ | २०७ | ४९ | ३५ | ७९३ | ३ | ६२ | ६१८ | ११४३ | १९३ | ११३७ | २८ |
| ७ | १८१ | १०८ | ५१ | ६५० | ९ | ५१ | ६८१ | ८३९ | १९२ | १०२६ | ४० |
| ८ | १९२ | ७० | १५७ | ४६७ | १२ | १२२ | ५९० | ८९३ | १७६ | १११५ | ९३ |
| ९ | १५० | ९२ | ४१ | ९५३ | ७ | १९ | ६८९ | ७०३ | ५४८ | १२५९ | ३ |
| **जम्मा** | **१४०८** | **७२९** | **५१३** | **४४३९** | **८३** | **४९०** | **४५३९** | **५८३५** | **१७५३** | **७७३१** | **२२४** |
| **प्रतिशत** | **४.९६** | **२.५७** | **१.८१** | **१५.६३** | **०.२९** | **१.७३** | **१५.९८** | **२०.५५** | **६.१७** | **२७.२२** | **०.७९** |

श्रोतः गाउँ बस्तुगत विवरण, २०७६

## २.६ जनसंख्याको गतिशिलता र बसाई सराईको स्थिति

नगरपालिकाको आर्थिक वर्ष ०७५/७६ मा भएको व्यक्तिगत घटना दर्ता मध्ये कुल १३८६ जनाको जन्मदर्ता भएको, २३६ जनाको मृत्युदर्ता, ३६४ विवाह दर्ता भएको देखिन्छ । यसैगरी कुल ६६ वटा सम्बन्ध विच्छेदको घटना दर्ता भएको र बसाईसराईको सन्दर्भमा १८ परिवार अन्यन्त्रबाट बसाई सराई गरी आएको र २० परिवार बसाई सराई गरी गएकोमा सबैभन्दा बढी वडा नं १ मा ७ जनाले बसाई सरी आएको र वडा नं ५ बाट ९ जनाले बसाई सरी गएको पाइन्छ । यस सम्बन्धी वडागत विवरण देहाय बमोजिम रहेको छ ।

तालिका ७ व्यक्तिगत घटना विवरण

| वडा नम्बर | जन्म | मृत्यु | विवाह | सम्बन्ध विच्छेद (जोडी) | बसाईसराई | |
|---|---|---|---|---|---|---|
| | | | | | आएको | गएको |
| १ | २०९ | ३२ | १८ | ५९ | ७ | ३ |
| २ | ७४ | ९ | ३५ | २ | २ | ० |
| ३ | ९८ | १३ | २६ | ० | ३ | ४ |
| ४ | ११२ | १५ | १६ | १ | ५ | ८ |
| ५ | ९९ | ९ | ३३ | १ | ० | ९ |
| ६ | २१८ | ३० | ६५ | ० | ० | ३ |
| ७ | १७५ | ५३ | ४१ | २ | ० | ० |
| ८ | २१२ | २४ | ५९ | ० | ० | २ |
| ९ | १८९ | ५१ | ७१ | १ | १ | ० |
| जम्मा | १३८६ | २३६ | ३६४ | ६६ | १८ | २० |

श्रोतः संस्थागत सर्वेक्षण, २०७५

## २.७ भौतिक पूर्वाधार

राजदेवी नगरपालिकाको भौतिक पूर्वाधार अन्तर्गत यातायात पूर्वाधारमा कुल सडक सञ्जालको लम्बाई करिब ५९ किलोमिटर रहेको छ । सडक संजालबाट नगरपालिकाका प्राय सबै नागरिकहरु लाभाान्वित भएको देखिन्छ । यहाँ रहेका सडक खण्ड मध्ये सबैभन्दा लामो वडा नं. १ स्थित गौरी पिपरा सडकको लम्बाई १० किलोमिटर लामो रहेको छ भने यस सडकबाट करिब ५०,००० जनसंख्या लाभान्वित भएको पाइन्छ ।

त्यसैगरी नगरपालिका क्षेत्र भित्रका विभिन्न खोला तथा खोल्सीहरुमा रहेका ७ वटा पुलहरु, पथरा पुल, मोड पुल, मन पुल, नासी पुल, जलधर पुल, बजार मोड पुल, स्कुल मोड पुलले नगरपालिकाका विभिन्न स्थानहरुलाई जोडेका छन् साथै उक्त सबै पुलहरु पक्कि र राम्रो अवस्थामा रहेको देखिन्छ ।

राजदेवी नगरपालिकामा ईन्धनको रुपमा सबै भन्दा बढि ८०.७० प्रतिशत घरपरिवारले खाना पकाउने मुख्य इन्धनको रुपमा दाउराको उपयोग गर्ने गर्दछन् । यस बाहेका अन्य इन्धनको उपयोग हेर्दा ९.७६ प्रतिशत घरपरिवारमा एल पि ग्यास र ८.८३ प्रतिशत घरपरिवारले बायोग्याँस उपायोग गर्ने गरेका छन् ।

त्यसै गरी नगरपालिकामा उपलब्ध संचार सेवा सुबिधा हेर्दा ७९६ घरपरिवारले रेडियो, ४५१४ घरपरिवारमा मोवाइल फोन, १५६४ परिवारले टेलिफोन जस्ता सुविधाको उपयोग गरेका छन् । नगर क्षेत्रभित्र हुलाक कार्यालय र २ वटा टेलिफोन टावर (नेपाल टेलिकम र एनसेल) रहेको देखिन्छ

## २.८ नगरपालिकामा उपलव्ध अन्य कार्य योजनाहरु र खासस्व योजनाको सम्वन्ध

यस राजदेवी नगरपालिकामा स्थानिय रुपमा बन्ने स्थानिय विकास योजना बाहेक हालसम्म अन्य कुनै पनि योजनाहरु नबनेको हुँदा आगामी १० वर्षका लागि तयार हुन लागेको खासस्व योजनालाई आधार मानेर भावी दिनमा निर्माण हुने योजनामा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी योजना तथा कार्यक्रमहरुलाई समावेश गरी खानेपानी तथा सरसफाइको अवस्थामा स्तरोन्नति गर्ने लक्ष्य राखिएको छ ।

## २.९ खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा कार्यरत विकासका साझेदारहरु

यस नगरपालिकामा रहेका सरकारी निकायहरु खानेपानी तथा सरसफाइ शाखा, नगरपालिका र वडाहरुबाट खानेपानी र सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमहरु संचालन हुँदै आएको छ भने जिल्ला शिक्षा विकास तथा समन्वय इकाई र जिल्ला स्वास्थ्य कार्यालयबाट स्वास्थ्य तथा सरसफाइ सम्बन्धी जनचेतनामूलक कियाकलापहरु लगायत संस्थागत स्तरमा भौतिक सुविधा निर्माण हुँदै आएको छ । त्यसै गरी सरसफाइका क्षेत्रमा नेपाल रेडक्रस सोसाइटी लगायत जिल्लास्तरमा दर्ता भएका गैरसरकारी संघसंस्थाहरु यस क्षेत्रमा कियाशील रहेका छन् भने खानेपानी तथा सरसफाइ उपभोक्ता संघ र अन्य सरोकारवाला निकायहरु खानेपानी सरसफाइ र पानी सुरक्षा योजना कार्यान्वयनको लागि कियाशील रहेका छन् । त्यसै गरी

अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका गैरसरकारी निकायहरुमा युनिसेफ नेपाल, छा–याँ नेपाल जस्ता निकायहरुले आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउदै आएका छन् ।

तालिका ८: खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रमा कार्यरत सघसंस्थाहरु

| सरकारी कार्यालयहरु | गैरसरकारी कार्यालयहरु |
|---|---|
| • नगरपालिका, वडा कार्यालयहरु,<br>• शिक्षा विकास तथा समन्वय इकाई र विद्यालयहरु,<br>• स्वास्थ्य शाखा र स्वास्थ्य संस्थाहरु,<br>• खानेपानी, सिंचाई तथा उर्जा विकास कार्यालय, | • यूनीसेफ नेपाल, छा–याँ नेपाल<br>• सहकारी संस्था, खानेपानी उपभोक्ता समुह, सामुदायिक वन समुह आदि<br>• युवा क्लवहरु, महिला तथा आमा समुहहरु |

श्रोत : समुह छलफल, २०७८

# अध्याय ३
# खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्था

यस अध्यायमा नगरपालिकामा भएको खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्था र सो सम्बन्धी चुनौतीको विस्तृत मूल्याङ्कनलाई प्रष्ट पार्नुका साथै खानेपानी सेवा, सरसफाइ तथा स्वच्छता, सरसफाइ सेवा, विद्यालय तथा स्वास्थ्य संस्थामा खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरुको अवस्था र अन्तरलाई प्रस्तुत गरिएको छ । यसका अतिरिक्त खानेपानी, सरसफाइ र स्वच्छता शुसाशन, वित्तिय लगानीको बर्तमान अवस्था, पहिचान भएका अन्तरहरु र ती अन्तर सवालहरुको पूर्णता सम्बन्धी चुनौती र निष्कर्षहरुलाई समेत यहाँ प्रस्तुत गरिएको छ । साथै यस खण्डमा संयुक्त अनुगमन कार्यक्रम ( Joint Monitoring Program) को परिभाषा अनुरुप खानेपानी सेवाले समेटेको क्षेत्रको विश्लेषण र खानेपानीसँग सम्बन्धित प्रमुख प्रविधिहरुको बारेमा चर्चा गर्न खोजिएको छ ।

## ३.१ खानेपानी, सरसफाइ तथा स्वच्छता प्रणाली

राजदेवी नगरपालिकामा ५ वटा खानेपानी प्रणाली संचालनमा रहेको र त्यसबाट २,३९५ जनसंख्याले सेवा प्राप्त गरेको देखिन्छ । ढल निकास सहितको फोहोर पानी प्रशोधन केन्द्र हालसम्म संचालनमा नआएको देखिन्छ । त्यसै गरेर ७१८ वटा खानेपानीको ट्यूववेलबाट ४,९०६ जनाले खानेपानी सेवा प्राप्त गरेको देखिन्छ भने ठोस फोहोर व्यवस्थापनका लागि १ वटा फोहोर व्यवस्थापन प्रणाली सञ्चालनमा आएको देखिन्छ । नगरपालिकामा दिसाजन्य लेदो व्यवस्थापनका लागि कुनै पहल भएको देखिदैन । यसको विस्तृत विवरण तलको तालिका अनुसार रहेको छ जसमा समग्र जनसंख्यालाई खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाले समेट्नका लागि निम्न वमोजिमका खासस्व प्रणालीहरु अवलम्बन गरेको पाईन्छ ।

तालिका ९ खासस्व प्रणालीको विवरण

| क्र. सं. | सेवाको प्रकारहरु | सेवा प्रणालीको संख्या | सेवा प्राप्त जनसंख्या | सेवाको परिभाषा |
|---|---|---|---|---|
| १ | खानेपानी | ९ | ६९४ | कम्तिमा एक वटा पानी संकलन ईन्टेक, पाइपलाइनको नेटवर्क सहितको एक धारा जडान भएको खानेपानी प्रणाली |
| २ | ढल निकास सहितको फोहोर पानी प्रशोधन केन्द्र | ० | ० | ढल निकास संञ्जाल सहितको फोहोर पानी व्यवस्थापन केन्द्र |
| ३ | ट्यूववेल | ६०३ | ४६४२ | नीजि तथा सार्वजनिक रुपमा प्रयोग हुने स्यालो ट्यूववेल |
| ४ | ठोस फोहोर व्यवस्थापन | २५ | १७,७७५ | सामुदायिक ठोस फोहोर व्यवस्थापन प्रणाली |
| ५ | दिसाजन्य लेदो व्यवस्थापन | ० | ० | सामुदायिक दिसाजन्य लेदो व्यवस्थापन प्रणाली |

श्रोत : NWASH प्रतिवेदन, २०७८

## ३.२ घरायसी तहमा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाले समेटको क्षेत्र र सेवाको स्तर

यस शिर्षक अन्तरगत नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाले समेटको क्षेत्रको बारेमा प्रस्तुत गरिएको छ । सेवाले समेटेको क्षेत्रको वर्गीकरण सेवाको स्तर सम्बन्धी संयुक्त अनुगमन कार्यक्रम (Joint Monitoring Program) को परिभाषा अनुसार गरिएको छ । जसलाई खानेपानी सेवामा पहुँच पुगेको जनसंख्या, सेवा नपुगेको जनसंख्या र बाँकी सिमीत तथा असुरक्षित सेवामा पहँच पुगेको जनसंख्या तपशिल अनुसार परिभाषित गरिएको छ ।

**खानेपानी सेवाको परिभाषा तथा सूचकहरु**

**सुरक्षित तरिकाले व्यवस्थापन गरिएको खानेपानी (Safely Managed):** आधारभूत खानेपानी श्रोत जुन घर परिसर भित्र जतिवेला पनि उपलव्ध छ र दिसाजन्य तथा अन्य प्रमुख रासायनिक प्रदुषणबाट (जस्तै Arsenic) मुक्त छ ।

**आधारभूत खानेपानी सेवा (Basic Service):** सुधारिएको खानेपानीको श्रोत, पानी संकलन समय ३० मिनेट भन्दा कम लाग्ने ।

**सिमित खानेपानी सेवा (Limited Service):** खानेपानीका असुरक्षित श्रोत र पानी संकलन समय ३० मिनेट भन्दा वढि लाग्ने ।

**असुरक्षित खानेपानी सेवा (Unsafe Service/ No Service):** सतही पानीको श्रोत

श्रोतः Joint Monitoring Program

### ३.२.१ पाईप खानेपानी प्रणाली

राजदेवी नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमाका लागि खानेपानीका प्राथमिक श्रोतहरु सम्बन्धी तथ्याङ्क संकलनको क्रममा गरिएको नमुना घरधुरी सर्वेक्षणमा नगरपालिकाका ५०.१५ प्रतिशत जनसंख्यामा खानेपानी सेवाको पहुँच पुगेको देखिन्छ, जसमध्ये ४७.६२ प्रतिशत जनसंख्यामा आधारभूत स्तरको खानेपानी सेवा पुगेको छ भने बाँकी २.४८ प्रतिशत जनसंख्यामा सुरक्षित व्यवस्थित खानेपानी सेवा, ०.०५ प्रतिशतमा असुरक्षित तथा सिमित सेवा पुगेको देखिन्छ । ४९.९% जनसंख्यामा खानेपानी सेवाको पहुँच पुगेको छैन र उक्त सबै जनसंख्या सीमित तथा असुरक्षित खानेपानी सेवा लिएका भित्र पर्दछन् ।




### ३.२.२ ट्यूववेल

यस नगरपालिकाका अधिकांश घरधुरीमा ट्यूववेलबाट नै खानेपानी सेवाको आपूर्ती भएको पाईन्छ । नगरपालिकामा भएको जम्मा खानेपानी प्रणाली मध्ये ४९.८५ प्रतिशत जनसंख्याले ट्यूववेलबाट खानेपानीको प्रयोग गरिरहेको देखिन्छ जसमध्ये सुरक्षित व्यवस्थित खानेपानी सेवा उपलब्ध भएको जनसंख्या २.४८ प्रतिशत छ भने ४७.३७ प्रतिशत जनसंख्यालाई ट्यूववेलबाट आधारभूत स्तरको खानेपानी सेवा उपलब्ध भएको पाईन्छ ।




खानेपानी सेवाको पहुँच नपुगेको समुदाय



### ३.२.३ घरायसी तहको सरसफाइ

राजदेवी नगरपालिकामा घरायसी तहको सरसफाइ सेवा सम्बन्धी गरिएको सर्वेक्षणमा सुरक्षित व्यवस्थित सेवा पुगेका घरधुरी ६.९७ प्रतिशत, आधारभूत सरसफाइ सेवा पुगेका घरधुरी ६६.६६ प्रतिशत, सिमित सरसफाइ सेवा पुगेका घरधुरी ०.६५ प्रतिशत, असुरक्षित सरसफाइ सेवामा पहुँच भएका घरधुरी १.९७ प्रतिशत र बाँकी २२.७५ प्रतिशत घरधुरीमा सरसफाइ सेवाको पहुँच नपुगेको अथवा शौचालय नभएको देखिन्छ ।




तालिका १० घरायसी तहमा खासस्वको कभरेज र सेवा स्तरको विवरण

| क्र. सं. | सेवा प्राप्त जनसंख्या | खानेपानी | | ट्यूववेल | | घरायसी सरसफाइ | | दिसाजन्य लेदो व्यवस्थापन | | ढल सहितको फोहोर पानी प्रशोधन केन्द्र | | ठोस फोहोर व्यवस्थापन | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जनसंख्या | % | जनसंख्या | % | जनसंख्या | % | जनसंख्या | % | जनसंख्या | % | जनसंख्या | % |
| १ | सुरक्षित व्यवस्थित सेवा | ५६४६ | २.४८ | ५६४६ | २.४८ | ७७०० | ६.९२ | ० | ० | ० | ० | ० | ० |
| २ | आधारभूत सेवा | १०८४५५ | ४७.६२ | १०७८८४ | ४७.३७ | ६४४३३ | ६६.६६ | ० | ० | ० | ० | ० | ० |
| | सेवा पुगेको जम्मा संख्या | ११४१०१ | ५०.१ | ११३५३० | ४९.८५ | ७२१३३ | ७४.६३ | ० | ० | ० | ० | ३९२५ | ३.४४ |
| ३ | सिमित सेवा | १२३ | ०.०५ | ० | ० | ६२९ | ०.६५ | ० | ० | ० | ० | ० | ० |
| ४ | सुधार नगरिएका सेवाहरु | ० | ० | ० | ० | १९०७ | १.९७ | ० | ० | ० | ० | ० | ० |
| ५ | सेवा नपुगेको संख्या | ० | ० | ० | ० | २१९९० | २२.७५ | ११४२२४ | १०० | ९६६५९ | १०० | ११०२९९ | ९६.५६ |
| **जम्मा जनसंख्या** | | ११४२२४ | ५०.१५ | ११३५३० | ४९.८५ | ९६६५९ | १०० | ११४२२४ | १०० | ९६६५९ | १०० | ११४२२४ | १०० |

श्रोत : NWASH प्रतिवेदन, २०७८

### सरसफाइ सेवाको स्तर

**सुरक्षितरुपले व्यवस्थित सरसफाइ**

दिगो विकास लक्ष्यले सुरक्षित रूपले व्यवस्थित सरसफाइलाई सुधारिएका सुविधाहरूको प्रयोग जुन अन्य परिवारसँग साझेदारी गरिएको छैन र जहाँ फोहरलाई उत्पतिस्थान मै वा सुरक्षित रुपले फोहर फाल्ने स्थानमा ढुवानी गरी व्यवस्थापन गरिएको रुपमा परिभाषित गरेको छ । नेपालको सन्दर्भमा यो सामान्यतया दुइ खाल्डे शौचालयहरूमा मात्र सम्भव हुन्छ जहाँ एउटा खाल्डो भरिएको खण्डमा अर्को प्रयोग गरिन्छ र खाल्डोमा कम्पोस्ट हुँदै गर्छ जसले गर्दा भरिएको पिट कच्चा रुपमा नै फोहर निकालेर खालि गर्नु पर्दैन ।

सर्भे गर्दा प्रयोग गरिएका अन्य परिभाषाहरु निम्नानुसार छन्

- आधारभुत (Basic): (पक्की शौचालय भएको तर अरु घरसँग साझेदारी नगरिएको एकल सेप्टिक टैंक भएका शौचालयहरु)
- सिमित (Limited) (पक्की शौचालय भएको तर अरु घरसँग पनि साझेदारी गरिएको)
- नसुधारिएको (Unimproved): कच्ची शौचालयहरु भएको
- खुल्ला दिसा: (शौचालय नभएको)

श्रोत:JMP, https://washdata.org/monitoring/sanitation

**स्वच्छता सेवाको स्तर**

| सेवाको स्तर | परिभाषा |
|---|---|
| आधारभूत | घरको प्राङ्गणमा साबुन र पानी सहितको हात धुने सुविधाको उपलब्धता भएको |
| सिमित | घरको प्राङ्गणमा साबुन र पानी सहितको हात धुने सुविधाको उपलब्धता नभएको |
| सेवा नभएको | घरको प्राङ्गणमा हात धुने सुविधा नभएको |

## ३.२.४ मानव दिसाजन्य लेदो व्यवस्थापन

राजदेवी नगरपालिकामा कुनै पनि घरधुरीमा शौचालयको मानव दिसाजन्य लेदो व्यवस्थापन सुविधामा पहुँच नपुग्नुका साथै ढल सुविधा भएको फोहोर पानी प्रशोधन केन्द्र सहितको सरसफाइ सुविधामा पहुँच नपुगेको देखिन्छ।

## ३.२.५ ठोस फोहोरको व्यवस्थापन

राजदेवी नगरपालिकामा ३.४४ प्रतिशत जनसंख्यामा ठोस फोहोर व्यवस्थापन सम्बन्धी सेवामा पहुँच पुगेको देखिन्छ।

## ३.२.६ सरसफाइ तथा स्वच्छता अवस्था

राजदेवी नगरपालिकामा सरसफाइ तथा स्वच्छताको सेवास्तरलाई आगामी दश वर्षको लागि विश्लेषण गर्दा सुरक्षित रुपले व्यवस्थित नीजि शौचालय भएका घरधुरी १,२७७ र जनसंख्या ७,७०० हुनेछ भने सम्पूर्ण १,२७७ घरधुरीमा सुरक्षित रुपले व्यवस्थित हात धुने सुविधा र शौचालयमा पानीको सुविधा रहेको छ। त्यसै गरेर ७,७१९ घरधुरीमा आधारभूतस्तरको सरसफाइ सेवा, ९३ घरधुरीमा सिमित सरसफाइ सेवा, सुधार नभएको सरसफाइ सेवा २९६ घरधुरीमा र ३,१६५ घरधुरीमा शौचालय नै नहुने देखिन्छ। प्रयोगमा रहेका शौचालय मध्ये ५६ वटा शौचालय अपाङ्गमैत्री र ४,९९० शौचालयमा पानीको सुविधा भएको हुनेछ। विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका ११ सरसफाइ तथा स्वच्छता अवस्थाको विवरण

| क्र.सं. | सेवाको स्तर | घरधुरी | जनसंख्या | नीजि शौचालयको संख्या | हात धुने सुविधा भएका घरधुरी | साबुन सहितको हात धुने सुविधा भएका घरधुरी | अपाङ्गमैत्री शौचालयको संख्या | शौचालयमा पानीको सुविधा भएका घरधुरी |
|---|---|---|---|---|---|---|---|---|
| १ | सुरक्षित रुपले व्यवस्थित | १२७७ | ७७०० | १२७७ | १२७७ | १२७७ | ० | १२७७ |
| २ | आधारभूत | ७७१९ | ६४४३३ | ५४०५ | ११११ | १९८१ | ३७ | २७९५ |
| ३ | सिमित | ९३ | ६२९ | ० | १९ | १९ | १९ | ५६ |
| ४ | सुधार नभएको सेवा | २९६ | १९०७ | १३ | १२ | १३ | ० | ११ |
| ५ | शौचालय नभएका | ३१६५ | २१९९० | ३७ | ३५२ | ४८१ | ० | ८५१ |
| | **जम्मा** | **१२५५०** | **९६६५९** | **६७३२** | **२७७१** | **३७७१** | **५६** | **४९९०** |

श्रोत : NWASH प्रतिवेदन, २०७८

### ३.२.६.१ वडागत रुपमा सरसफाइ तथा स्वच्छता

राजदेवी नगरपालिकाको वडागत रुपमा सरसफाइ तथा स्वच्छताको अवस्थालाई विश्लेषण गर्ने हो भने सुरक्षित व्यवस्थित सेवा भएका १४.०१ प्रतिशत घरधुरी मध्ये वडा नं ३ मा सबै भन्दा बढी तथा वडा नं १,२,६ र ७ मा नभएको पाइएको छ। त्यसै गरी ५८.११ प्रतिशत आधारभूतस्तरको सेवा पनि वडा नं ६ र ९ मा बढी पाइएको छ भने सबैभन्दा कम आधारभूत स्तरको सेवा वडा नं ३ मा भएको पाइएको छ। एवं प्रकारले सिमित सेवा भएका घरधुरी १.०३ प्रतिशत घरधुरी मध्ये वडा नं ५ मा बढी र वडा नं २, ३, ६ र ७ मा भएको पाइदैन। सुधार नगरिएको सेवा वडा नं ५ मा सबै भन्दा बढी घरधुरीमा पाइएको छ। शौचालय नभएका घरधुरी सबैभन्दा बढी वडा नं १ र सबैभन्दा कम वडा नं २ मा रहेका छन्। विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका १२ वडागत रुपमा सरसफाइ तथा स्वच्छताको अवस्था

| वडा नं. | सुरक्षित व्यवस्थित सेवा | आधारभूत सेवा | सीमित सेवा | सुधार नगरिएको सेवा | नभएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ० | ५६ | १ | ० | ३९ | ९६ |
| २ | ० | ३५ | ० | ० | ६ | ४१ |
| ३ | ७३ | ९ | ० | ० | १० | ९२ |
| ४ | १० | ६३ | १ | ० | १७ | ९१ |
| ५ | ७ | १२ | ३ | १४ | २० | ५६ |
| ६ | ० | ६४ | ० | ० | २७ | ९१ |
| ७ | ० | ५० | ० | ० | १० | ६० |
| ८ | २ | ३४ | १ | ० | २८ | ६५ |
| ९ | ३ | ७१ | १ | ० | ११ | ८६ |
| **जम्मा** | **९५** | **३९४** | **७** | **१४** | **१६८** | **६७८** |
| **प्रतिशत** | **१४.०१** | **५८.११** | **१.०३** | **२.०६** | **२४.७८** | **१००** |

श्रोत : NWASH प्रतिवेदन, २०७८

### ३.२.६.२ वडागत रुपमा शौचालय

राजदेवी नगरपालिकामा वडागतरुपमा शौचालयको अवस्थालाई विश्लेषण गर्दा कुल ७४.९३ प्रतिशत घरधुरीमा शौचालय भएको र २५.०७ प्रतिशत घरधुरीमा शौचालय नभएकोमा सबैभन्दा बढी शौचालय भएका घरधुरी वडा नं ३ मा र सबैभन्दा कम वडा नं २ मा रहेका छन् भने शौचालय नभएका घरधुरी वडा नं १ मा सबैभन्दा बढी र वडा नं २ मा सबैभन्दा कम घरधुरीमा शौचालय नभएको पाइएको छ । त्यसै गरी शौचालयको प्रकारलाई विश्लेषण गर्ने हो भने ९५.६७ प्रतिशत घरधुरीमा स्थायी प्रकारका र ४.३३ प्रतिशत घरधुरीमा अस्थायी शौचालय भएकोमा वडा नं ३ मा सबै भन्दा बढी र वडा नं २ मा सबैभन्दा कम शौचालय प्रयोगमा छन् भने अस्थायी प्रकारका शौचालय वडा नं ९ मा सबैभन्दा बढी घरधुरीमा प्रयोग हुदै आइरहेका छन् भने वडा नं १ र ८ मा कम अस्थायी प्रकारका शौचालय भएको देखिदैन । बाँकी विस्तृत विवरण सँगैको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका १३ वडागत रुपमा शौचालयको अवस्था**

| वडा नं | शौचालय छ/ छैन | | | शौचालयको प्रकार | | |
|---|---|---|---|---|---|---|
| | छ | छैन | जम्मा | स्थायी | अस्थायी | जम्मा |
| १ | ५६ | ४० | ९६ | ५६ | ० | ५६ |
| २ | ३५ | ६ | ४१ | ३३ | २ | ३३ |
| ३ | ८२ | १० | ९२ | ८० | २ | ८० |
| ४ | ७४ | १७ | ९१ | ७० | ४ | ७० |
| ५ | ३६ | २० | ५६ | ३५ | १ | ३५ |
| ६ | ६४ | २७ | ९१ | ६२ | २ | ६२ |
| ७ | ४९ | ११ | ६० | ४५ | ४ | ४५ |
| ८ | ३७ | २८ | ६५ | ३७ | ० | ३७ |
| ९ | ७५ | ११ | ८६ | ६८ | ७ | ६८ |
| **जम्मा** | **५०८** | **१७०** | **६७८** | **४८६** | **२२** | **४८६** |
| **प्रतिशत** | **७४.९३** | **२५.०७** | **१००** | **९५.६७** | **४.३३** | **१००** |

श्रोत : NWASH प्रतिवेदन,२०७८




### ३.२.६.३ वडागत रुपमा शौचालयको बनोट

राजदेवी नगरपालिकामा निर्माण भएका शौचालयहरु मध्ये १.३३ प्रतिशत फ्लस भएका शौचालय प्रयोगमा आएका छन् भने निर्माण भएका सम्पूर्ण शौचालयहरु मध्ये ३२.८९ प्रतिशत खन्याउने फ्लस भएका शौचालयहरु प्रयोगमा आएका छन् जुन वडा नं ६ मा सबैभन्दा बढी र वडा नं ३ र ४ मा यस्ता प्रकारका शौचालय भएको पाइदैन । त्यसै गरेर कम्पोस्टिंग शौचालय १.०३ प्रतिशत, स्ल्याब भएका पिट ल्याट्रिन ३७.३२ प्रतिशत, बाल्टिन शौचालय ०.४४ प्रतिशत र ह्याङ्गीङ शौचालय १.९२ प्रतिशत निर्माण भएको पाइन्छ । एवं प्रकारले २५.०७ प्रतिशत घरधुरीमा शौचालय नै नभएको देखिन्छ । अन्य विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका १४ वडागत रुपमा शौचालयको बनोटको अवस्था

| वडा नं | शौचालयको बनोट | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | फ्लस | खन्याउने फ्लस | कम्पोस्टिंग | स्ल्याब भएका पिट ल्याट्रिन | बाल्टिन | ह्याङ्गीङ | शौचालय छैन | जम्मा |
| १ | १ | ५५ | ० | ० | ० | ० | ४० | ९६ |
| २ | ० | ७ | ० | २८ | ० | ० | ६ | ४१ |
| ३ | ० | ० | ० | ८२ | ० | ० | १० | ९२ |
| ४ | २ | ० | २ | ७० | ० | ० | १७ | ९१ |
| ५ | ० | ३ | ० | १७ | ३ | १३ | २० | ५६ |
| ६ | ० | ६३ | ० | १ | ० | ० | २७ | ९१ |
| ७ | ० | ४६ | २ | १ | ० | ० | ११ | ६० |
| ८ | ६ | २७ | ३ | १ | ० | ० | २८ | ६५ |
| ९ | ० | २२ | ० | ५३ | ० | ० | ११ | ८६ |
| **जम्मा** | ९ | २२३ | ७ | २५३ | ३ | १३ | १७० | ६७८ |
| **प्रतिशत** | १.३३ | ३२.८९ | १.०३ | ३७.३२ | ०.४४ | १.९२ | २५.०७ | १०० |

श्रोत : NWASH प्रतिवेदन, २०७८

### ३.२.६.४ वडागत रुपमा शौचालयबाट निस्किने पदार्थ जोडिएको स्थान

राजदेवी नगरपालिकामा निर्माण भएका शौचालयहरु मध्ये अधिकांश अर्थात् ४०.२७ प्रतिशत शौचालयबाट निस्किने फोहोरलाई ढलमा मिसाउने गरेको पाइएको छ जसमध्ये वडा नं ३ मा सबैभन्दा बढी ८१ वटा शौचालयको पाईप सहितको ढल भएको पाइएको छ भने सेप्टिक ट्याङ्क भएका शौचालय ०.७४ प्रतिशत छन् भने एक मात्र खाडल भएका शौचालय कतै भेटिदैन र दुई वटा खाडल भएको शौचालय ०.५९ प्रतिशत रहेको पाइएको छ । त्यसै गरेर ०.४४ प्रतिशत शौचालयबाट निस्किने दिसाजन्य लेदोलाई खुला स्थानमा फाल्ने गरेको र २५.०७ प्रतिशत घरधुरीमा शौचालय नभएको देखिन्छ । बाँकी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका १५**: वडागत रुपमा शौचालयबाट निस्किने दिसाजन्य लेदो जोडिएको स्थानको अवस्था

| वडा नं | शौचालयबाट निस्किने दिसाजन्य लेदो जोडिएको स्थान | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रशोधन केन्द्र रहित ढल प्रणालीमा जडान भएका | सेप्टिक ट्याङ्क | पिट | डबल पिट | खुला क्षेत्र | शौचालय नभएको | जम्मा |
| १ | ३ | ० | ५३ | ० | ० | ४० | ९६ |
| २ | २१ | ० | १४ | ० | ० | ६ | ४१ |
| ३ | ८१ | ० | ० | ० | १ | १० | ९२ |
| ४ | ४७ | ४ | २१ | २ | ० | १७ | ९१ |
| ५ | १४ | १ | १९ | २ | ० | २० | ५६ |
| ६ | १ | ० | ६१ | ० | २ | २७ | ९१ |
| ७ | २ | ० | ४७ | ० | ० | ११ | ६० |
| ८ | ३७ | ० | ० | ० | ० | २८ | ६५ |
| ९ | ६७ | ० | ८ | ० | ० | ११ | ८६ |
| **जम्मा** | २७३ | ५ | २२३ | ४ | ३ | १७० | ६७८ |
| **प्रतिशत** | ४०.२७ | ०.७४ | ३२.८९ | ०.५९ | ०.४४ | २५.०७ | १०० |

श्रोत : NWASH प्रतिवेदन,२०७८

### ३.२.६.५ हात धुने निश्चित स्थानमा साबुनपानीको अवस्था

राजदेवी नगरपालिकामा वडागत रुपमा हात धुने स्थानमा साबुनपानीको व्यवस्था छ छैन भनी गरिएको सर्वेक्षणमा ३०.३८ प्रतिशत घरधुरीमा साबुन पानी सहित हात धुने व्यवस्था भएको र ६९.६२ प्रतिशत घरधुरीमा साबुन पानी सहित हात धुने व्यवस्था नभएको पाइएको छ। बाँकी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका १६ वडागत रुपमा हात धुने निश्चित स्थानमा साबुनपानीको अवस्था

| वडा नं. | हात धुने निश्चित स्थानमा साबुन पानीको व्यवस्था छ/ छैन | | |
|---|---|---|---|
| | छ | छैन | जम्मा |
| १ | ३ | ९३ | ९६ |
| २ | १ | ४० | ४१ |
| ३ | ८५ | ७ | ९२ |
| ४ | ५६ | ३५ | ९१ |
| ५ | ३९ | १७ | ५६ |
| ६ | ६ | ८५ | ९१ |
| ७ | ५ | ५५ | ६० |
| ८ | ६ | ५९ | ६५ |
| ९ | ५ | ८१ | ८६ |
| **जम्मा** | २०६ | ४७२ | ६७८ |
| **प्रतिशत** | ३०.३८ | ६९.६२ | १०० |

श्रोत : NWASH प्रतिवेदन,२०७८




### ३.२.६.६ शौचालयको सरसफाइको अवस्था

राजदेवी नगरपालिकामा निर्माण भएका शौचालयहरुको खाडल भरिएको छ, छैन भनी गरिएको सर्वेक्षणमा ३५ प्रतिशत शौचालयका खाडल बाहेक अन्य शौचालयका खाडलहरु हालसम्म नभरिएको पाइएको छ। भरिएका शौचालयका खाडलहरु मध्ये ३९.२ प्रतिशत खाडलहरु निर्माण भएको २ वर्षभित्र, ३०.११ प्रतिशत शौचालयका खाडलहरु २ देखि ४ वर्ष भित्र, १३.६४ प्रतिशत शौचालयका खाडलहरु ४ देखि ६ वर्षभित्र भरिएको पाईएको छ भने १७.०५ प्रतिशत शौचालयका खाडलहरु निर्माण भएको ६ वर्ष पछि मात्र भरिएका छन्। त्यसै गरी भरिएका खाडलहरु कसले सफा गर्यो भनी गरिएको सर्वेक्षणमा १५.९१ प्रतिशतले हातैले बिना साधन प्रयोग गरेर, ७१.०२ प्रतिशतले शौचालयका खाडलहरु पम्प लगाएर र बाँकी १.७ प्रतिशतले अन्य तरिकाले सफा गरेको पाइएको छ भने ११.३६ प्रतिशतले अहिलेसम्म सफा गरेको पाइदैन। बाँकी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका १७ वडागत रुपमा शौचालयको सरसफाइको अवस्था

| वडा नं | शौचालयको खाडल भरिएको | | | निर्माण गरेको कति वर्ष पछि शौचालयको खाडल भरियो | | | | | खाडल कसले सफा गर्‍यो | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छ | छैन | जम्मा | २ वर्ष भित्र | २-४ वर्ष | ४-६ वर्ष | ६ वर्ष पछाडि | जम्मा | मान्छेले हातैले विना साधन प्रयोग गरेर | पम्प लगाएर | अहिले सम्म सफा गरेको छैन | अन्य | जम्मा |
| १ | २ | ५४ | ५६ | १ | १ | ० | ० | २ | १ | १ | ० | ० | २ |
| २ | ११ | २४ | ३५ | ० | ३ | १ | ७ | ११ | ० | ११ | ० | ० | ११ |
| ३ | ३१ | ५१ | ८२ | १४ | ७ | ६ | ४ | ३१ | ६ | २४ | १ | ० | ३० |
| ४ | २७ | ४७ | ७४ | ६ | ४ | ४ | १३ | २७ | ७ | १६ | २ | २ | २७ |
| ५ | १७ | १९ | ३६ | ४ | १३ | ० | ० | १७ | ० | ३ | १३ | १ | १३ |
| ६ | ३८ | २६ | ६४ | २१ | ११ | ४ | २ | ३८ | ० | ३८ | ० | ० | ३८ |
| ७ | २२ | २७ | ४९ | १२ | ५ | २ | ३ | २२ | १३ | ९ | ० | ० | २२ |
| ८ | १५ | २२ | ३७ | ८ | ६ | १ | ० | १५ | ० | ११ | ४ | ० | १५ |
| ९ | १३ | ६२ | ७५ | ३ | ३ | ६ | १ | १३ | १ | १२ | ० | ० | १३ |
| **जम्मा** | १७६ | ३३२ | ५०८ | ६९ | ५३ | २४ | ३० | १७६ | २८ | १२५ | २० | ३ | १७६ |
| **प्रतिशत** | ३५ | ६५ | १०० | ३९.२ | ३०.११ | १३.६४ | १७.०५ | १०० | १५.९१ | ७१.०२ | ११.३६ | १.७ | १०० |

श्रोत : NWASH प्रतिवेदन, २०७८

## ३.३ संस्थागतरुपमा सेवाले समेटेको क्षेत्र र सेवाको स्तर

### क.विद्यालयमा खासस्व सेवा

| सेवा स्तर | खानेपानी | सरसफाइ | स्वच्छता |
|---|---|---|---|
| उन्नत | आवश्यक परेको बेलामा पानी उपलब्ध भएको, सबैको पहुँचमा भएको र पानीको गुणस्तर परीक्षणको आधारमा दिसाजन्य किटाणु र मुख्य रसायनबाट प्रदुषित नभएको (राष्ट्रिय स्तर अनुरुप परिभाषित हुने) | सरसफाइ सुविधाहरु सबैको **पहुँचमा** भएको, पर्यात मात्रामा र हेर्दाखेरी सफासुग्घर रहेको र महिनावारी स्वच्छता व्यवस्थापनको लागि आवश्यक सुविधाहरु प्रदान गरिएको (राष्ट्रिय स्तर अनुरुप परिभाषित हुने) | सबैको पहुँचमा जोखिमपूर्ण समयमा हात धुने सुविधा उपलब्ध हुनका साथै महिनावारी स्वच्छता शिक्षा र ज्ञानहरु प्रदान गरिएको (राष्ट्रिय स्तर अनुरुप परिभाषित हुने ) |
| आधारभूत | विद्यालयमा सुधारिएको मुहानबाट खानेपानी उपलब्ध भएको | विद्यालयमा छात्र र छात्राका लागि छुट्टा छुट्टै तथा प्रयोगयोग्य सुधारिएको सेवाहरु उपलब्ध भएको | साबुन र पानी सहितको हात धुने सुविधा उपलब्ध भएको |
| सिमित | सुधारिएको मुहान (पाईप प्रणालीबाट खानेपानी, मुल/ईनारलाई संरक्षण गरिएको, बर्षात्को पानी, बोतलको पानी) भएको तर सर्भे गर्ने समयमा पानी उपलब्ध नभएको | सुधारिएका सेवाहरु ( फ्लस/खन्याएर फ्लस,ढकन सहितको खाल्डे शौचालय) भएको तर छात्र र छात्राका लागि छुट्टा छुट्टै र प्रयोगयोग्य नभएको | पानी सहित हात धुने सुविधा भएको तर साबुन नभएको |
| सेवा नभएको | पानीको मुहान नभएको अर्थात् नसुधारिएको मुहान (मुल/ईनारलाई संरक्षण नगरिएको, ट्याङ्कर-ट्रकबाट सतहको पानी श्रोत) | शौचालय अथवा शौचालय नभएको अथवा नसुधारिएको सेवाहरु (ढकन नभएको खाल्डे शौचालय अथवा आसन नभएको, कपडा झुण्ड्याएर दिसा गर्ने शौचालय, पानी बोकेर जाने /बाल्टिन शौचालय) | विद्यालयमा हात धुने सुविधा नभएको अर्थात् पानी सहित हात धुने सुविधा नभएको |

## स्वास्थ्य सेवा प्रदायक संस्थामा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा

| सेवा स्तर | खानेपानी | सरसफाइ | स्वच्छता | स्वास्थ्य सेवाजन्य फोहोर व्यवस्थापन | वातावरणीय सरसफाइ |
|---|---|---|---|---|---|
| उन्नत | राष्ट्रियस्तर अनुरुप परिभाषित हुने | राष्ट्रियस्तर अनुरुप परिभाषित हुने | राष्ट्रियस्तर अनुरुप परिभाषित हुने | राष्ट्रिय स्तर अनुरुप परिभाषित हुने | राष्ट्रियस्तर अनुरुप परिभाषित हुने |
| आधारभूत | सुधारिएको मुहानबाट कार्यालय हाता भित्र पानीको उपलब्धता | सुधारिएको सरसफाइ सुविधा सहित कम्तिमा एक वटा शौचालय कर्मचारीहरुका लागि, एक वटा महिनावारी स्वच्छता व्यवस्थापन सुविधा सहितको लैङ्गिकमैत्री शौचालय र एक वटा शौचालय बिरामी र अन्य आवागमन गर्ने व्यक्तिहरुका लागि प्रयोगमा आएको | उपचार गर्ने ठाउँ र शौचालयको ५ मीटरको दुरीमा हात धुने सुविधाहरु सुचारु तथा उपलब्ध रहेको (साबुन र पानी भएको, अल्कोहलयुक्त ह्याण्डरब) | फोहोरलाई कम्तिमा तीनवटा भाँडामा वर्गीकरण गरी राखिएको र धारिलो तथा संक्रामक फोहोरको सुरक्षित रुपमा नष्ट गरिएको | सफाइ सम्बन्धी आधारभूत प्रोटोकल उपलब्ध भएको र सफाइ सम्बन्धी जिम्मेवार सम्पूर्ण कर्मचारीहरुले तालिम प्राप्त गरेका । |
| सिमित | कार्यालय हातादेखि पाँच सय मीटरको दुरीमा पानीको सुरक्षित मुहान भएको तर आधारभूत सेवाका सम्पूर्ण मापदण्डहरु पुरा नगरेको | कम्तिमा एक वटा सुधारिएको सरसफाइ सेवा भएको तर आधारभूत सेवाका सम्पूर्ण मापदण्डहरु पुरा नगरेको | बिरामीको उपचार गर्ने स्थानमा वा शौचालयमा मात्र एक ठाउँमा हात धुने सुविधा उपलब्ध भएको | फोहोरको सिमित रुपमा वर्गीकरण गरीएको र धारिलो तथा संक्रामक फोहोरलाई सुरक्षित रुपमा विसर्जन गरिएको तर आधारभूत सेवाका सम्पूर्ण आवश्यकताहरुलाई समेट्न नसकेको । | सफाइ सम्बन्धी प्रोटोकल भएको र कम्तिमा केहि कर्मचारीहरुले सफाइ सम्बन्धी तालिम प्राप्त गरेका । |
| सेवा नभएको | पानी असुरक्षित ईनार अथवा मुल अथवा सतही पानी अथवा ५०० मीटर भन्दा टाढाको सुधार नगरिएको मुहानबाट ल्याउने गरिएको अथवा संस्थाको पानीको श्रोत नै नभएको । | नसुधारिएको शौचालय सुविधा (ढकन अथवा आसन नभएको खाल्डे शौचालय, कपडा झुण्ड्याएर दिसा गर्ने शौचालय, पानीको भाँडा बोकेर जाने /बाल्टिन शौचालय) अथवा संस्थामा शौचालय वा शौचालय नभएको | उपचार कक्ष वा शौचालय दुबै स्थानमा हात धुने सुविधा उपलब्ध नभएको | धारिलो तथा संक्रामक फोहोर राख्ने छुट्टा छुट्टै बाल्टिनको व्यवस्था नभएको र दुबै किसिमको फोहोरलाई सुरक्षित रुपमा प्रशोधन अथवा विसर्जन नगरेको | सफाइ सम्बन्धी प्रोटोकल नभएको र कुनै पनि कर्मचारीले सफाइ सम्बन्धी तालिम प्राप्त नगरेका । |

### ३.३.१.संस्थाहरुमा सेवाको स्तरको सारांश

संयुक्त अनुगमन कार्यक्रमले निदृष्ट गरे अनुसार संस्थागत खानेपानी, सरसफाइ तथा स्वच्छता संस्थाको आधारमा अभिव्यक्त गरिएको छ । उक्त कार्यक्रम अनुसार खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको स्तरलाई उन्नत, आधारभूत, सिमित र सेवा नै नभएको आधारमा परिभाषित गरेको छ । तलको तालिकामा विद्यालय, स्वास्थ्य संस्था र सार्वजनिक स्थानहरुको सेवा स्तरको बारेमा विस्तृतरुपमा उल्लेख गरिएको छ ।

तालिका १८ वडागत रुपमा खासस्वको अवस्था

| क्र. सं. | विवरण | विद्यालय | | | | | स्वास्थ्य संस्था | | | | | सार्वजनिक शौचालय | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उन्नत | आधारभूत | सिमित | सेवा नै छैन | जम्मा | उन्नत | आधारभूत | सिमित | सेवा नै छैन | जम्मा | उन्नत | आधारभूत | सिमित | सेवा नै छैन | जम्मा |
| १ | खानेपानी | ० | २० | ४ | ० | २४ | ० | ० | १० | ३ | १३ | ० | ० | ० | ० | ० |
| २ | सरसफाइ | ० | २१ | २ | १ | २४ | ० | ० | १३ | ० | १३ | ० | ० | ० | ० | ० |
| ३ | स्वच्छता | ० | ० | १३ | ११ | २४ | ० | ० | १३ | ० | १३ | ० | ० | ० | ० | ० |
| ४ | वातावरणीय स्वच्छता | ० | ० | ० | ० | ० | ० | ३ | ८ | २ | १३ | ० | ० | ० | ० | ० |
| जम्मा | | ० | ४१ | १९ | १२ | ७२ | ० | ३ | ४४ | ५ | ५२ | ० | ० | २ | ३ | ५ |
| % | | ० | ५७ | २६ | १७ | १०० | ० | ६ | ८५ | १० | १०० | ० | ० | ४० | ६० | १०० |

श्रोत : NWASH प्रतिवेदन, २०७८

### ३.३.२ विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता




#### ३.३.२.१ विद्यालय, विद्यार्थी, शिक्षक तथा कर्मचारी

राजदेवी नगरपालिका अन्तर्गत २० वटा सामुदायिक विद्यालयहरु र ४ वटा संस्थागत विद्यालय गरी २४ वटा विद्यालय सञ्चालनमा छन् । १० वटा अलग्गै बाल विकास केन्द्र, ९ वटा आधारभूत तहको विद्यालय, ४ वटा माध्यामिक तहको विद्यालय र १ वटा कलेजमा कुल ९,४८० विद्यार्थीहरु अध्ययनरत छन् भने १५५ जना महिला तथा ६८ जना पुरुष गरी जम्मा २२३ जना शिक्षक तथा कर्मचारीहरु कार्यरत रहेका छन् । विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका १९ विद्यालय, विद्यार्थी, शिक्षक तथा कर्मचारी

| वडा न | विद्यालय विवरण | | | तह | | | | | विद्यार्थी संख्या | | | शिक्षक तथा कर्मचारी संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | जम्मा | वाल शिक्षा मात्र | आधारभुत तह (कक्षा ८ सम्म) | मा. वि तह | क्याम्पस / कलेज | जम्मा | छात्रा | छात्र | जम्मा | महिला | पूरुष | जम्मा |
| १ | २ | २ | ४ | ० | ४ | ० | ० | ४ | ४४५ | ६९५ | ११४० | १३ | ३ | १६ |
| २ | ३ | ० | ३ | २ | ० | १ | ० | ३ | ५७३ | ४९० | १०६३ | १२ | १३ | २५ |
| ३ | २ | ० | २ | २ | ० | ० | ० | २ | २३० | २०२ | ४३२ | ४ | ७ | ११ |
| ४ | ३ | ० | ३ | १ | १ | ० | १ | ३ | ८४६ | ५६६ | १४१२ | २८ | ८ | ३६ |
| ५ | १ | ० | १ | ० | १ | ० | ० | १ | ३५० | ३०० | ६५० | ८ | ५ | १३ |
| ६ | ४ | ० | ४ | ३ | १ | ० | ० | ४ | ६८१ | ६३८ | १३१९ | १६ | ९ | २५ |
| ७ | २ | २ | ४ | २ | ० | २ | ० | ४ | १२१० | १२५० | २४६० | ४७ | १६ | ६३ |
| ८ | १ | ० | १ | ० | १ | ० | ० | १ | ६० | ४० | १०० | १० | ३ | १३ |
| ९ | २ | ० | २ | ० | १ | १ | ० | २ | ४९४ | ४१० | ९०४ | १७ | ४ | २१ |
| जम्मा | २० | ४ | २४ | १० | ९ | ४ | १ | २४ | ४,८८९ | ४,५९१ | ९,४८० | १५५ | ६८ | २२३ |

श्रोत : NWASH प्रतिवेदन, २०७८

### ३.३.२.२ विद्यालयहरुको समग्र खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति (तारा पद्धती)

नगरपालिका क्षेत्रका २४ वटा विद्यालय मध्ये तारा पद्धति अनुरुप मूल्याङ्कन गर्दा २४ वटै अथवा १०० प्रतिशत विद्यालयले कुनै पनि ताराको सूचक प्राप्त गर्न नसकेको देखिन्छ । बाँकी विस्तृत विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

तालिका २० विद्यालयहरुको समग्र खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति (तारा पद्धती) को विवरण

| वडा नं | विद्यालय विवरण | | | तारा स्तर | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | जम्मा | १ तारा | २ तारा | ३ तारा | कुनै तारा नभएका | जम्मा |
| १ | २ | २ | ४ | ० | ० | ० | ४ | ४ |
| २ | ३ | ० | ३ | ० | ० | ० | ३ | ३ |
| ३ | २ | ० | २ | ० | ० | ० | २ | २ |
| ४ | ३ | ० | ३ | ० | ० | ० | ३ | ३ |
| ५ | १ | ० | १ | ० | ० | ० | १ | १ |
| ६ | ४ | ० | ४ | ० | ० | ० | ४ | ४ |
| ७ | २ | २ | ४ | ० | ० | ० | ४ | ४ |
| ८ | १ | ० | १ | ० | ० | ० | १ | १ |
| ९ | २ | ० | २ | ० | ० | ० | २ | २ |
| जम्मा | २० | ४ | २४ | ० | ० | ० | २४ | २४ |
| प्रतिशत | ८३.३३ | १६.६७ | १०० | ० | ० | ० | १०० | १०० |

श्रोत : NWASH प्रतिवेदन,२०७८

### ३.३.२.३ विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा स्तर

तलको तालिकामा विद्यालयहरुको संख्या, खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाहरुको विभिन्न सेवा स्तरहरुबाट लाभान्वित विद्यार्थीहरुको विवरण उल्लेख गरिएको छ । जसमा ४ वटा विद्यालयमा आधारभूत र २० वटा विद्यालयमा सिमित खानेपानी सेवा भएको पाइएको छ भने २१ वटा विद्यालयमा सिमित सरसफाइ सेवा, त्यसै गरी २ वटा विद्यालयमा आधारभूत स्तरको सरसफाइ सेवा र १ वटा विद्यालयमा सरसफाइ सेवा नै नपुगेको देखिन्छ । त्यसै गरी १३ वटा विद्यालयमा आधारभूत स्तरको स्वच्छता सेवा पुगेको देखिन्छ भने ११ वटा विद्यालयमा स्वच्छता सेवा पुगेको देखिदैन । बाँकी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका २१ विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता अवस्थाको अवस्था

| क्र. सं. | सेवाको स्तर | खानेपानी | | सरसफाइ | | स्वच्छता | |
|---|---|---|---|---|---|---|---|
| | | विद्यालयको संख्या | विद्यार्थी | विद्यालयको संख्या | विद्यार्थी | विद्यालयको संख्या | विद्यार्थी |
| १ | सेवा नै छैन | ० | ० | १ | १४० | ११ | ३६६९ |
| २ | आधारभूत | ४ | २०८३ | २ | २९२ | १३ | ५८११ |
| ३ | सिमित | २० | ७३९७ | २१ | ९०४८ | ० | ० |
| ४ | उन्नत | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा** | **२४** | **९४८०** | **२४** | **९४८०** | **२४** | **९४८०** |

श्रोत : NWASH प्रतिवेदन, २०७८

### ३.३.३.१ विद्यालयको खानेपानी प्रणाली

प्राकृतिक रुपमा निर्मित, पानीको श्रोतलाई बाहिरी प्रदुषित हुनबाट पर्याप्त रुपमा संरक्षण गरिएको, दिसाजन्य पदार्थबाट अलग रहेको श्रोतलाई सुधारिएको खानेपानीको श्रोतको रुपमा लिन सकिन्छ । तलको तालिका र चित्रबाट समग्र विद्यालयमा सुरक्षित खानेपानी प्रणाली प्रष्ट पार्न खोजिएको छ । नगरपालिका क्षेत्रभित्र रहेका समग्र विद्यालयमा सुधारिएको खानेपानी सेवा उपलब्ध भएको देखिन्छ ।

तालिका २२ विद्यालयको खानेपानी अवस्थाको विवरण

| क्र.सं. | खानेपानी प्रणाली | विद्यालयको संख्या | विद्यार्थी |
|---|---|---|---|
| १ | सुधारिएको | २४ | ९४८० |
| २ | नसुधारिएको | ० | ० |
| **जम्मा** | | **२४** | **९४८०** |




श्रोत:NWASH प्रतिवेदन,२०७८

### ३.३.३.२ वडागतरुपमा विद्यालयमा खानेपानीको अवस्था

राजदेवी नगरपालिका अन्तगर्तका २४ वटा विद्यालयहरुमा खानेपानीको अवस्था सम्बन्धी वडागतरुपमा गरिएको सर्वेक्षणमा नियमित खानेपानी सुविधा भएका विद्यालय २० वटा र जसमध्ये सबैभन्दा बढी वडा नं ६ र ७ मा क्रमश ४/४ वटा विद्यालयमा नियमित खानेपानी सुविधा भएको, २४ वटा विद्यालयमा खानेपानीको सुरक्षित श्रोत भएको, ५ वटा विद्यालयमा पानी भण्डारण सुविधा भएको, १ वटा विद्यालयमा खानेपानीको शुद्धिकरण गरी प्रयोग गर्ने गरेको, १ वटा विद्यालयमा खानेपानीको नियमित गुणस्तर परीक्षण गर्ने गरेको देखिन्छ भने कुनै पनि विद्यालयमा पानी पिउन योग्य तथा सुरक्षित भएको पाइदैन । विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका २३ विद्यालयमा खानेपानीको अवस्था

| वडा न. | नियमित खानेपानी सुविधा भएका विद्यालय संख्या | खानेपानीको सुरक्षित श्रोत भएका विद्यालय | पानी भण्डारण सुविधा भएका | खानेपानीको शुद्धिकरण गरि प्रयोग गर्ने गरेका | खानेपानीको नियमित गुणस्तर परीक्षण गर्ने गरेका | गुणस्तरको नतिजाले पानी पिउन योग्य तथा सुरक्षित भएको |
|---|---|---|---|---|---|---|
| १ | २ | ४ | १ | ० | ० | ० |
| २ | २ | ३ | ० | ० | ० | ० |
| ३ | २ | २ | ० | ० | १ | ० |
| ४ | २ | ३ | ० | ० | ० | ० |
| ५ | १ | १ | ० | ० | ० | ० |
| ६ | ४ | ४ | ० | ० | ० | ० |
| ७ | ४ | ४ | १ | ० | ० | ० |
| ८ | १ | १ | १ | ० | ० | ० |
| ९ | २ | २ | २ | १ | ० | ० |
| **जम्मा** | **२०** | **२४** | **५** | **१** | **१** | **०** |

श्रोत : NWASH प्रतिवेदन,२०७८

### ३.३.३.३ विद्यालयमा शौचालयको सेवा स्तर

तलको तालिकामा राजदेवी नगरपालिका अन्तरगतका विद्यालयमा छात्र र छात्राका लागि उपलब्ध शौचालयहरुको संख्या क्रमश ३४ र ३२ तथा अपाङ्गता भएका विद्यार्थीका लागि पहुँच भएका शौचालय र महिनावारी स्वच्छता व्यवस्थापन सुविधा भएका शौचालयहरु नभएको बारेमा उल्लेख गरिएको छ ।

तालिका २४ विद्यालयमा शौचालय सेवाको स्तरको अवस्था

| क्र. सं. | सेवाको स्तर | शौचालयहरुको संख्या | | | |
|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | अपाङ्ग मैत्री | महिनावारी स्वच्छता व्यवस्थापन सुविधा |
| १ | सेवा नै छैन | ० | ० | ० | ० |
| २ | आधारभूत | ० | ० | ० | ० |
| ३ | सिमित | ३४ | ३२ | ० | ० |
| ४ | उन्नत | ० | ० | ० | ० |
| | **जम्मा** | **३४** | **३२** | **०** | **०** |

श्रोत : NWASH प्रतिवेदन, २०७८



चित्र नं ७ विद्यालयमा शौचालयको सेवास्तर

### ३.३.३.४ विद्यालयमा शौचालयको अवस्था

राजदेवी नगरपालिकाका विद्यालयहरुको शौचालयको अवस्था विश्लेषण गर्ने क्रममा कुल २४ वटा विद्यालय मध्ये शौचालय भएका तथा प्रयोगमा रहेका विद्यालय २१ वटा, छात्राका लागि छुट्टै शौचालय भएका तथा प्रयोगमा रहेका विद्यालय १३ वटा र सुधारिएको शौचालय भएका तथा प्रयोगमा रहेका विद्यालय ११ वटा रहेका छन् । त्यस्तै गरेर राष्ट्रिय मापदण्ड अनुसार विद्यार्थी अनुपातमा छात्रा शौचालय १ वटा र १ वटा छात्र शौचालय भएको पाइएको छ भने वातावरणमैत्री शौचालय रहेका विद्यालय ९ वटा र कुनै पनि विद्यालयमा अपागंतामैत्री शौचालय नरहेको पाइएको छ । साथै २१ वटा विद्यालयको छात्रा र छात्र शौचालयमा यूरीनल सुबिधा भएको र ४ वटा विद्यालयमा मात्र स्यानीटरी प्याड व्यवस्थापन गर्ने सुविधा रहेको पाइएको छ । विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका २५ विद्यालयहरुमा शौचालयको अवस्था

| वडा न. | शौचालय भएका तथा प्रयोगमा रहेका विद्यालय | छात्राका लागि छुट्टै शौचालय भएका तथा प्रयोगमा रहेका विद्यालय | सुधारिएको शौचालय भएका तथा प्रयोगमा रहेका विद्यालय | राष्ट्रिय मापदण्ड अनुसार शौचालय विद्यार्थी अनुपात (१:४०) भएका | | शौचालय प्रयोगकर्तामैत्री भएका | | यूरीनल सुबिधा भएका विद्यालय संख्या | | स्यानीटरी प्याड व्यवस्थापन गर्ने इन्सीनेरेटर भएको |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छात्रा | छात्र | अपागंतामैत्री रहेका विद्यालय | वातावरण मैत्री रहेका विद्यालय | छात्रा | छात्र | |
| १ | ३ | २ | २ | ० | ० | ० | ० | ३ | ३ | ० |
| २ | २ | २ | २ | ० | ० | ० | ० | २ | २ | १ |
| ३ | २ | १ | १ | ० | ० | ० | ० | २ | २ | ० |
| ४ | ३ | ३ | २ | १ | १ | ० | ३ | ३ | ३ | ० |
| ५ | १ | ० | ० | ० | ० | ० | ० | १ | १ | ० |
| ६ | ३ | २ | ० | ० | ० | ० | १ | ३ | ३ | ० |
| ७ | ४ | ३ | १ | ० | ० | ० | ४ | ४ | ४ | १ |
| ८ | १ | ० | १ | ० | ० | ० | ० | १ | १ | ० |
| ९ | २ | ० | २ | ० | ० | ० | १ | २ | २ | २ |
| **जम्मा** | **२१** | **१३** | **११** | **१** | **१** | **०** | **९** | **२१** | **२१** | **४** |

श्रोत : NWASH प्रतिवेदन, २०७८




### ३.३.४ महिनावारी स्वच्छता

यस राजदेवी नगरपालिकामा रहेका कुल २४ वटा विद्यालयहरु मध्ये ४ वटा विद्यालयमा मात्र स्यानीटरी प्याड व्यवस्थापन गर्ने इन्सीनेरेटरको व्यवस्था भएको र ४ वटा विद्यालयमा छात्राका लागि स्यानीटरी प्याडको व्यवस्था गरेको देखिन्छ । छात्राहरुलाई पून: प्रयोग गर्न सकिने स्यानीटरी प्याड निर्माण सम्बन्धी तालिम कुनै पनि विद्यालयमा प्रदान गरिएको छैन भने महिनावारी भएको बेला ४ वटा विद्यालयमा मात्र छात्राहरु विद्यालयमा आउने गरेका र बाँकी विद्यालयका छात्राहरु नआउने गरेको पाइएको छ । वडागत रुपमा विद्यालयको महिनावारी स्वच्छता सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका २६: महिनावारी स्वच्छता सम्बन्धी अवस्थाको विवरण

| वडा न. | स्यानीटरी प्याड व्यवस्थापन गर्ने इन्सीनेरेटर भएको | स्यानीटरी प्याडको व्यवस्था गरेका विद्यालय | छात्राहरुलाई पून: प्रयोग गर्ने सकिने स्यानीटरी प्याड निर्माण तालिम प्रदान गरिएको | छात्राहरु सधै र सबै विद्यालय आउने गरेका छन |
|---|---|---|---|---|
| १ | ० | ० | ० | ० |
| २ | १ | ० | ० | ० |
| ३ | ० | ० | ० | ० |
| ४ | ० | १ | ० | २ |
| ५ | ० | ० | ० | ० |
| ६ | ० | १ | ० | ० |
| ७ | १ | १ | ० | ० |
| ८ | ० | ० | ० | ० |
| ९ | २ | १ | ० | २ |
| **जम्मा** | ४ | ४ | **०** | ४ |

श्रोत : NWASH प्रतिवेदन,२०७८

### ३.३.५ विद्यालयमा समुहगत हातधुने व्यवस्था

राजदेवी नगरपालिका क्षेत्रमा सञ्चालित विद्यालय मध्ये ९ वटा विद्यालयमा समुहगत हातधुने सुविधा भएको पाईएको छ भने २ वटा विद्यालयमा मात्र राष्ट्रिय मापदण्ड अनुसार ५० विद्यार्थीको अनुपातमा १ धाराको व्यवस्था भएको पाइन्छ । त्यसै गरी ५ वटा समुहगत हात धुने स्थानमा साबुन पानीको नियमित व्यवस्था भएको पाइएको छ भने २४ वटा विद्यालयमा फोहोर पानीको सुरक्षित निकास तथा व्यवस्थापन गरेको पाइएको छ ।

तालिका २७ विद्यालयमा समुहगत हातधुने अवस्था सम्बन्धी विवरण

| वडा नं. | समुहगत हातधुने सुविधा भएका तथा प्रयोगमा आएका | राष्ट्रिय मापदण्ड अनुसार धारा विद्यार्थी अनुपात (१:५०) भएका | समुहगत हातधुने स्थानमा साबुन र पानीको नियमित व्यवस्था भएका | फोहोर पानीको सुरक्षित निकास तथा व्यवस्थापन भएको |
|---|---|---|---|---|
| १ | १ | १ | ० | ४ |
| २ | १ | ० | ० | ३ |
| ३ | १ | ० | ० | २ |
| ४ | १ | ० | ० | ३ |
| ५ | १ | ० | ० | १ |
| ६ | १ | ० | १ | ४ |
| ७ | ३ | १ | ३ | ४ |
| ८ | ० | ० | ० | १ |
| ९ | ० | ० | १ | २ |
| जम्मा | ९ | २ | ५ | २४ |

श्रोत : NWASH प्रतिवेदन, २०७८

### ३.३.६ वातावरणीय सरसफाइ

विद्यालयको वातावरणीय सरसफाइको अवस्थालाई विश्लेषण गर्दा ९ वटा विद्यालयमा ठोस फोहरलाई डस्टबिनमा संकलन गरी सुरक्षित विसर्जन गर्ने गरेको, ४ वटा विद्यालयमा कुहिने र नकुहिने फोहोरको अलग अलग संकलन गरी सुरक्षित विसर्जन गर्ने गरेको, कुनै पनि विद्यालयमा फोहरको पुनः प्रयोग तथा पुन चक्रण पद्धती लागु नगरिएको, ७ वटा विद्यालयको परिसरमा फूल रोपी वगैचाको व्यवस्थापन गरिएको र ५ वटा विद्यालयको खाली जमिनमा बृक्षारोपण, वगैचा र करेसावारी बनाएको देखिन्छ। अन्य विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका २८ वातावरणीय सरसफाइ सम्बन्धी अवस्था

| वडा न. | ठोस फोहरलाई डस्टबिनमा संकलन गरि सुरक्षित विसर्जन गर्ने | कुहिने र नकुहिनेको अलग अलग संकलन गरि सुरक्षित विसर्जन गर्ने | फोहरको पुनः प्रयोग तथा पुन चक्रण पद्धती लागु गरिएको | विद्यालय क्षेत्र खुला दिसा मुक्त रहेको | विद्यालय परिसरमा फूल रोपी वगैचाको व्यवस्थापन गरिएको | विद्यालयको खाली जमिनमा बृक्षारोपण, वगैचा र करेसावारी बनाईएको |
|---|---|---|---|---|---|---|
| १ | ० | ० | ० | ० | १ | ० |
| २ | ० | ० | ० | ३ | १ | १ |
| ३ | ० | ० | ० | १ | ० | ० |
| ४ | ३ | २ | ० | ३ | १ | ० |
| ५ | ० | ० | ० | १ | १ | ० |
| ६ | १ | ० | ० | ४ | ० | ० |
| ७ | ४ | १ | ० | ४ | २ | २ |
| ८ | ० | ० | ० | १ | ० | ० |
| ९ | १ | १ | ० | १ | १ | २ |
| जम्मा | ९ | ४ | ० | १८ | ७ | ५ |

श्रोत : NWASH प्रतिवेदन, २०७८

### ३.३.७ व्यवस्थापन तथा संस्थागत अवस्था

विद्यालयको व्यवस्थापन तथा संस्थागत अवस्थालाई विश्लेषण गर्दा ११ वटा विद्यालयमा मात्र बाल क्लब र विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन भएका, कुनै पनि विद्यालयमा वास सम्पर्क शिक्षक नतोकिएका, १० वटा विद्यालयले वास कार्य योजना बनाएर विद्यालय सुधार योजनामा समावेश गरी कार्यान्वयन गरेका, कुनै पनि विद्यालयमा नियमित मर्मत सम्भारका लागि मर्मत संभार कोषको व्यवस्था र आवश्यक सीप र जगेडा औजारहरुको व्यवस्था नहुनुका साथै ६ वटा विद्यालयमा नियमित रुपमा तालिका अनुसार शौचालय, पानी टंकी, फिल्टर र हातधुने ठाउँको सरसफाइ गर्ने गरेको पाइएको छ।

तालिका २९ व्यवस्थापन तथा संस्थागत अवस्था सम्बन्धी विवरण

| वडा न. | बाल क्लब र विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन भएको | विद्यालयको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना भएको | नियमित मर्मत सम्भारका लागि मर्मत सम्भार कोषको व्यवस्था भएको | आवश्यक सीप र जगेडा औजारहरुको व्यवस्था भएको | नियमित रुपमा तालिका अनुसार शौचालय, पानी टंकी, फिल्टर र हातधुने ठाउँको सरसफाइ गर्ने गरिएको |
|---|---|---|---|---|---|
| १ | २ | ० | ० | ० | ० |
| २ | २ | ० | ० | ० | ० |
| ३ | १ | १ | ० | ० | ० |
| ४ | १ | १ | ० | ० | २ |
| ५ | १ | १ | ० | ० | ० |
| ६ | १ | ४ | ० | ० | १ |
| ७ | १ | १ | ० | ० | २ |
| ८ | ० | १ | ० | ० | ० |
| ९ | २ | १ | ० | ० | १ |
| **जम्मा** | **११** | **१०** | **०** | **०** | **६** |

श्रोत : NWASH प्रतिवेदन,२०७८

### ३.३ ख. स्वास्थ्य संस्थाको खानेपानी, सरसफाइ तथा स्वच्छता

स्वास्थ्य संस्थाको खानेपानी, सरसफाइ तथा स्वच्छतालाई उन्नत सेवा स्तरमा मूल्याङ्कन गरिएको छैन त्यसैले स्वास्थ्य संस्थालाई आधारभूत सेवास्तर र उन्नत सेवास्तरलाई सँगै समावेश गरिएको छ। तलको तालिकामा स्वास्थ्य संस्थाको संख्या र जनसंख्या (बिरामी र कर्मचारी) का लागि स्वास्थ्य संस्थामा खानेपानी, सरसफाइ र स्वच्छता र ठोस फोहोर व्यवस्थापन सुविधाको विभिन्न सेवास्तर उल्लेख गरिएको छ।



### ३.३.८ स्वास्थ्य संस्थाको खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा स्तर

राजदेवी नगरपालिकामा रहेका १३ वटा स्वास्थ्य संस्थाको खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको स्तरको सर्वेक्षण गर्ने क्रममा ३ वटा स्वास्थ्य संस्थामा खानेपानी सेवा नभएको र ९ वटा स्वास्थ्य संस्थामा ठोस फोहोर व्यवस्थापन सम्बन्धी सेवा नभएको पाइएको छ भने १० वटा स्वास्थ्य संस्थामा खानेपानीको आधारभूत सेवा, १३ वटा स्वास्थ्य संस्थामा सरसफाइको आधारभूत सेवा, १३ वटा स्वास्थ्य संस्थामा स्वच्छता सम्बन्धी आधारभूत सेवा भएको पाइएको छ भने २ वटा स्वास्थ्य संस्थामा ठोस फोहोर व्यवस्थापनमा आधारभूत सेवा भएको पाइन्छ । त्यसै गरी सिमित सेवा ठोस फोहोर व्यवस्थापन २ वटा स्वास्थ्य संस्थामा भएको पाइएको छ भने उन्नत किसिमको सेवा कुनै पनि स्वास्थ्य संस्थामा भएको पाइदैन । विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका ३० स्वास्थ्य संस्थाको खासस्व सेवा स्तर सम्बन्धी विवरण

| क्र. सं. | सेवाको स्तर | खानेपानी | | सरसफाइ | | स्वच्छता | | ठोस फोहोर व्यवस्थापन | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वास्थ्य संस्थाको संख्या | जनसंख्या | स्वास्थ्य संस्थाको संख्या | जनसंख्या | स्वास्थ्य संस्थाको संख्या | जनसंख्या | स्वास्थ्य संस्थाको संख्या | जनसंख्या |
| १ | सेवा नै छैन | ३ | १०५ | ० | ० | ० | ० | ९ | ३२९ |
| २ | आधारभूत | १० | ४३९ | १३ | ५४४ | १३ | ५४४ | २ | ८६ |
| ३ | सिमित | ० | ० | ० | ० | ० | ० | २ | १२९ |
| ४ | उन्नत | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा** | **१३** | **५४४** | **१३** | **५४४** | **१३** | **५४४** | **१३** | **५४४** |

श्रोत : NWASH प्रतिवेदन,२०७८

### ३.३.९ स्वास्थ्य संस्थाको खानेपानीको अवस्था

नगरपालिका क्षेत्रभित्र भएका १३ वटा स्वास्थ्य संस्थाहरु मध्ये ९ वटा स्वास्थ्य संस्थामा मात्र नियमित खानेपानी सेवा उपलब्ध छ साथै उक्त खानेपानी सेवा २४ सै घण्टा कार्यालय हाताभित्र उपलब्ध हुन्छ । साथै ९ वटा स्वास्थ्य संस्थामा सुरक्षित श्रोतको खानेपानी सेवा उपलब्ध छ र १ वटा स्वास्थ्य संस्थामा मात्र पानीको कहिलेकाहीं शुद्धिकरण गर्ने गरिएको छ । खानेपानी सेवा उपलब्ध भएका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा आर्सेनिक र कोलिफर्मको मात्रा परीक्षण गरिएको छैन । अपांगता भएको व्यक्तिहरुलाई खानेपानीको सुबिधा कुनै पनि स्वास्थ्य संस्थामा भएको देखिदैन भने ३ वटा स्वास्थ्य संस्थामा मात्र खानेपानी भण्डारणको सुविधा भएको पाईन्छ । खानेपानीको बैकल्पिक श्रोतको पहिचान कुनै पनि स्वास्थ्य संस्थामा भएको देखिदैन । बाँकी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका ३१ स्वास्थ्य संस्थाको खासस्व अवस्था सम्बन्धी विवरण

| सि. नं | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्थाको प्रकार | वडा नं | नियमित खानेपानी सेवा उपलब्ध भएको | २४ सै घण्टा खानेपानीको उपलब्धता | सुरक्षित श्रोतको खानेपानी सेवा उपलब्ध भएको | पिउनका लागि शुद्धिकरण गरिएको | खानेपानीको गुणस्तर परीक्षण गरिएको | अपांगता भएको व्यक्तिहरुलाई खानेपानीको सुबिधा भएको | खानेपानी भण्डार सुबिधा भएको | खानेपानी नियमित सेवा नभए बैकल्पीक श्रोतको पहिचान भएको | अनुमानित दुरी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | फुन्खुनवा स्वास्थ्य चौकी, भगवती पथरा | स्वास्थ्य चौकी | १ | ० | ० | छ | गरिदैन | गरेको छैन | ० | ० | ० | ३० मिनेट | |
| २ | डरी स्वास्थ्य चौकी, मोतिपुर | स्वास्थ्य चौकी | १ | १ | १ | छ | गरिदैन | गरेको छैन | ० | ० | ० | हाता भित्र | |
| ३ | हजमिनियाँ स्वास्थ्य चौकी, हजमिनियाँ दरबार | स्वास्थ्य चौकी | २ | १ | १ | छ | गरिदैन | गरेको छैन | ० | ० | ० | ३० मिनेट | |
| ४ | राजदेवी नगरपालिका स्वास्थ्य चौकी, चन्धिया टोल | स्वास्थ्य चौकी | ३ | १ | १ | छ | गरिदैन | गरेको छैन | ० | १ | ० | हाता भित्र | |
| ५ | बसतपुर स्वास्थ्य चौकी, बसतपुर | तेस्रो तहको अस्पताल | ४ | १ | १ | छैन | गरिदैन | गरेको छैन | ० | १ | ० | ३० मिनेट | |
| ६ | बसतपुर आयुर्वेद औषधालय | तेस्रो तहको अस्पताल | ४ | १ | १ | छैन | गरिदैन | गरेको छैन | ० | १ | ० | ३० मिनेट | |
| ७ | सामुदायिक स्वास्थ्य चौकी, हजमिनियाँ पथै | स्वास्थ्य चौकी र सा. स्वास्थ्य इकाई | ५ | ० | ० | छ | गरिदैन | गरेको छैन | ० | ० | ० | ३० मिनेट | |
| ८ | राजदेवी नगरपालिका स्वास्थ्य चौकी, राजदेवी मन्दिर टोल | स्वास्थ्य चौकी र सा. स्वास्थ्य इकाई | ६ | ० | ० | छ | गरिदैन | गरेको छैन | ० | ० | ० | ३० मिनेट | |
| ९ | सामुदायिक स्वास्थ्य चौकी, सेढ्वा | स्वास्थ्य चौकी र सा. स्वास्थ्य इकाई | ६ | १ | १ | छैन | गरिदैन | गरेको छैन | ० | ० | ० | हाता भित्र | |
| १० | मुद्यालवा स्वास्थ्य चौकी, मुद्यालवा | स्वास्थ्य चौकी र सा. स्वास्थ्य इकाई | ७ | १ | १ | छ | गरिदैन | गरेको छैन | ० | ० | ० | हाता भित्र | |
| ११ | लक्ष्मीपुर बेलबिचहवा स्वास्थ्य चौकी | स्वास्थ्य चौकी र सा. स्वास्थ्य इकाई | ८ | १ | १ | छ | गरिदैन | गरेको छैन | ० | ० | ० | हाता भित्र | |
| १२ | लक्ष्मीपुर बेलबिचहवा आयुर्वेद औषधालय | स्वास्थ्य चौकी र सा. स्वास्थ्य इकाई | ८ | ० | ० | छैन | कहिलेकाँही | गरेको छैन | ० | ० | ० | ३० मिनेट | |
| १३ | राजदेवी नगरपालिका स्वास्थ्य चौकी, रेडक्रस टोल | स्वास्थ्य चौकी र सा. स्वास्थ्य इकाई | ९ | १ | १ | छ | गरिदैन | गरेको छैन | ० | ० | ० | हाता भित्र | |
| | जम्मा | | | ९ | ९ | ९ | १ | ० | ० | ३ | ० | | |

श्रोत : NWASH प्रतिवेदन, २०७८

## ३.३.१० स्वास्थ्य संस्थाको शौचालय र यसको सरसफाइको अवस्था

राजदेवी नगरपालिकामा भएका १३ वटा स्वास्थ्य संस्था मध्ये ११ वटा स्वास्थ्य संस्थामा ३० वटा शौचालय भएको र उक्त ३० वटै शौचालय प्रयोगमा रहेका छन् । जसमध्ये २६.६६ प्रतिशत शौचालय महिलाका लागि छुट्टै, २६.६६ प्रतिशत शौचालय पुरुषका लागि छुट्टै, ४६.६६ प्रतिशत शौचालय कर्मचारीका लागि भएको र कुनै पनि स्वास्थ्य संस्थामा सर्वसाधारणका लागि छुट्टै शौचालयको सुविधा भएको पाइदैन । प्रयोगमा रहेका कुनै पनि शौचालयमा युरिनलको व्यवस्था भएको पाइदैन । प्रयोगकर्तामैत्रीका हिसावले १६.६६ प्रतिशत शौचालय बालमैत्री, ३.३३ प्रतिशत शौचालय महिलामैत्री छन् भने कुनै पनि शौचालयहरु अपांगतामैत्री भएको पाइदैन । त्यसैगरी १३.३३ प्रतिशत स्वास्थ्य संस्थामा हात धुने स्थानको व्यवस्था छ भने ६.६६ प्रतिशत हात धुने स्थानमा स्यानिटाइजरको व्यवस्था भएको देखिन्छ ।

तालिका ३२ शौचालय र यसको सरसफाइको विवरण

| सि. नं | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्थाको प्रकार | वडा नं | सुधारिएको शौचालय | | | शौचालय छ भने | | | | युरिनल को व्यवस्था भएको | | शौचालय प्रयोगकर्ता मैत्री भएको | | | हात धुने स्थानमा साबुनपानी को व्यवस्था | हात धुने स्थानमा स्यानिटाइजरको व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छ | जम्मा संख्या | प्रयोगमा रहेको संख्या | महिलाका लागि शौचालय | पुरुषका लागि छुट्टै | कर्मचारीहरुका लागि छुट्टै शौचालय | सर्वसाधारणका लागि छुट्टै शौचालय भएको | महिला | पुरुष | बालबालिका लागि | महिलाका लागि | अपांगता भएको | | |
| १ | झुन्खुनवा स्वास्थ्य चौकी, भगवती पथरा | स्वास्थ्य चौकी | १ | १ | २ | २ | ० | ० | २ | ० | ० | ० | १ | ० | ० | ० | ० |
| २ | डरी स्वास्थ्य चौकी, मोतिपुर | स्वास्थ्य चौकी | १ | १ | १ | १ | ० | ० | १ | ० | ० | ० | १ | ० | ० | ० | ० |
| ३ | हजमिनियाँ स्वास्थ्य चौकी, हजमिनियाँ दरबार | स्वास्थ्य चौकी | २ | १ | १ | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | राजदेवी नगरपालिका स्वास्थ्य चौकी, चन्धिया टोल | स्वास्थ्य चौकी | ३ | १ | ७ | ७ | ३ | ३ | १ | ० | ० | ० | १ | १ | ० | १ | १ |
| ५ | बसतपुर स्वास्थ्य चौकी, बसतपुर | तेस्रो तहको अस्पताल | ४ | १ | १ | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ० |
| ६ | बसतपुर आयुर्वेद औषधालय | तेस्रो तहको अस्पताल | ४ | १ | १ | १ | ० | ० | १ | ० | ० | ० | १ | ० | ० | १ | १ |

| सि. नं | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्थाको प्रकार | वडा नं | सुधारिएको शौचालय | | | शौचालय छ भने | | | | युरिनल को व्यवस्था भएको | | शौचालय प्रयोगकर्ता मैत्री भएको | | | हात धुने स्थानमा साबुनपानी को व्यवस्था | हात धुने स्थानमा स्यानिटाइजरको व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | छ | जम्मा संख्या | प्रयोगमा रहेको संख्या | महिलाका लागि शौचालय | पुरुषका लागि छुट्टै | कर्मचारीहरुका लागि छुट्टै शौचालय | सर्वसाधारणका लागि छुट्टै शौचालय भएको | महिला | पुरुष | बालबालिकाका लागि | महिलाका लागि | अपांगता भएको | | |
| ७ | सामुदायिक स्वास्थ्य चौकी, हजमिनियाँ पथै | स्वास्थ्य चौकी र सा. स्वास्थ्य इकाई | ५ | १ | १ | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ८ | राजदेवी नगरपालिका स्वास्थ्य चौकी, राजदेवी मन्दिर टोल | स्वास्थ्य चौकी र सा. स्वास्थ्य इकाई | ६ | १ | ३ | ३ | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | सामुदायिक स्वास्थ्य चौकी, सेढ्वा | स्वास्थ्य चौकी र सा. स्वास्थ्य इकाई | ६ | १ | ३ | ३ | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १० | मुद्यालवा स्वास्थ्य चौकी, मुद्यालवा | स्वास्थ्य चौकी र सा. स्वास्थ्य इकाई | ७ | १ | ३ | ३ | १ | १ | १ | ० | ० | ० | १ | ० | ० | ० | ० |
| ११ | लक्ष्मीपुर बेलबिचहवा स्वास्थ्य चौकी | स्वास्थ्य चौकी र सा. स्वास्थ्य इकाई | ८ | १ | ३ | ३ | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १२ | लक्ष्मीपुर बेलबिचहवा आयुर्वेद औषधालय | स्वास्थ्य चौकी र सा. स्वास्थ्य इकाई | ८ | १ | ३ | ३ | १ | १ | १ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १३ | राजदेवी नगरपालिका स्वास्थ्य चौकी, रेडक्रस टोल | स्वास्थ्य चौकी र सा. स्वास्थ्य इकाई | ९ | १ | १ | १ | ० | ० | १ | ० | ० | ० | ० | ० | ० | १ | ० |
| | **जम्मा** | | | १३ | ३० | ३० | ८ | ८ | १४ | ० | ० | ० | ५ | १ | ० | ४ | २ |
| | **प्रतिशत** | | | १०० | १०० | १०० | २६.६६ | २६.६६ | ४६.६६ | ० | ० | ० | १६.६६ | ३.३३ | ० | १३.३३ | ६.६६ |

श्रोत : NWASH प्रतिवेदन,२०७८

### ३.३.११ स्वास्थ्य संस्थाको फोहोर व्यवस्थापन

राजदेवी नगरपालिकामा संचालनमा रहेका १३ वटा स्वास्थ्य संस्था मध्ये कुनै पनि स्वास्थ्य संस्थामा ठोस फोहोरको सुरक्षित संकलन गर्न बकेटहरुको लेवलिङ्ग सहित व्यवस्था र ठोस फोहोरको सुरक्षित निर्मलिकरण गर्ने गरेको र ठोस फोहोरको सुरक्षित रुपमा विसर्जन गर्ने गरेको पाईदैन साथै पून :प्रयोग गर्न मिल्ने औजारहरुको निर्मलिकरण तथा अटो क्लेभिंगका लागि १ वटा स्वास्थ्य संस्थाको Chemical disinfection को माध्यमबाट, ६ वटा स्वास्थ्य संस्थाको Jutoclave with local process को माध्यमबाट निर्मलिकरण तथा ६ वटा स्वास्थ्य संस्थाको Autoclave with prescribed equipment Steam sterilization under pressure प्रक्रिया अपनाएको देखिन्छ । बाँकी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका ३३ स्वास्थ्य संस्थाको फोहोर व्यवस्थापन सम्बन्धी विवरण

| सि.नं | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्थाको प्रकार | वडा नं | ठोस फोहोरको सुरक्षित संकलन गर्न बकेटहरुको लेवलिङ्ग सहित व्यवस्था गरिएको | ठोस फोहोरको सुरक्षित निर्मलिकरण गर्ने गरिएको | ठोस फोहोरको सुरक्षित रुपमा विसर्जन गर्ने गरेको | पूनः प्रयोग गर्न मिल्ने औजारहरुको निर्मलिकरण तथा अटो क्लेभिंग गर्ने गरेको |
|---|---|---|---|---|---|---|---|
| १ | झुन्खुनवा स्वास्थ्य चौकी, भगवती पथरा | स्वास्थ्य चौकी | १ | ० | गरिदैन | | Jutoclave with local process |
| २ | डरी स्वास्थ्य चौकी, मोतिपुर | स्वास्थ्य चौकी | १ | ० | गरिदैन | | Jutoclave with local process |
| ३ | हजमिनियाँ स्वास्थ्य चौकी, हजमिनियाँ दरबार | स्वास्थ्य चौकी | २ | ० | गरिदैन | | Jutoclave with prescribed equipment Steam sterilization under pressure |
| ४ | राजदेवी नगरपालिका स्वास्थ्य चौकी, चन्धिया टोल | स्वास्थ्य चौकी | ३ | ० | गरिदैन | | Jutoclave with prescribed equipment Steam sterilization under pressure |
| ५ | बसतपुर स्वास्थ्य चौकी, बसतपुर | तेस्रो तहको अस्पताल | ४ | ० | गरिदैन | | Jutoclave with prescribed equipment Steam sterilization under pressure |
| ६ | बसतपुर आयुर्वेद औषधालय | तेस्रो तहको अस्पताल | ४ | ० | गरिदैन | | Jutoclave with local process |
| ७ | सामुदायिक स्वास्थ्य चौकी, हजमिनियाँ पथै | स्वास्थ्य चौकी र सा. स्वास्थ्य इकाई | ५ | ० | गरिदैन | | Chemical disinfection |
| ८ | राजदेवी नगरपालिका स्वास्थ्य चौकी, राजदेवी मन्दिर टोल | स्वास्थ्य चौकी र सा. स्वास्थ्य इकाई | ६ | ० | गरिदैन | | Jutoclave with local process |
| ९ | सामुदायिक स्वास्थ्य चौकी, सेढ्वा | स्वास्थ्य चौकी र सा. स्वास्थ्य इकाई | ६ | ० | गरिदैन | | Jutoclave with prescribed equipment Steam sterilization under pressure |
| १० | मुद्यालवा स्वास्थ्य चौकी, मुद्यालवा | स्वास्थ्य चौकी र सा. स्वास्थ्य इकाई | ७ | ० | गरिदैन | | Jutoclave with local process |

| सि.नं | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्थाको प्रकार | वडा नं | ठोस फोहोरको सुरक्षित संकलन गर्न बकेटहरुको लेवलिङ्ग सहित व्यवस्था गरिएको | ठोस फोहोरको सुरक्षित निर्मलिकरण गर्ने गरिएको | ठोस फोहोरको सुरक्षित रुपमा विसर्जन गर्ने गरेको | पूनः प्रयोग गर्न मिल्ने औजारहरुको निर्मलिकरण तथा अटो क्लेभिंग गर्ने गरेको |
|---|---|---|---|---|---|---|---|
| ११ | लक्ष्मीपुर बेलबिचहवा स्वास्थ्य चौकी | स्वास्थ्य चौकी र सा. स्वास्थ्य इकाई | ८ | ० | गरिदैन | | Jutoclave with prescribed equipment Steam sterilization under pressure |
| १२ | लक्ष्मीपुर बेलबिचहवा आयुर्वेद औषधालय | स्वास्थ्य चौकी र सा. स्वास्थ्य इकाई | ८ | ० | गरिदैन | | Jutoclave with local process |
| १३ | राजदेवी नगरपालिका स्वास्थ्य चौकी, रेडक्रस टोल | स्वास्थ्य चौकी र सा. स्वास्थ्य इकाई | ९ | ० | गरिदैन | | Jutoclave with prescribed equipment Steam sterilization under pressure |

श्रोत : NWASH, स्वास्थ्य संस्थाको खासस्व सर्वेक्षण २०७८

### ३.३.१२ स्वास्थ्य संस्थाको ठोस तथा तरल फोहोर व्यवस्थापन

यस राजदेवी नगरपालिका अन्तर्गतका १३ वटा स्वास्थ्य संस्थाहरु मध्ये १२ वटा स्वास्थ्य संस्थामा स्वास्थ्य संस्थाबाट निस्किने फोहोरको व्यवस्थापनका लागि लेबलिङ सहितको डस्टविनको व्यवस्था नभए पनि साधारण डस्टविनको व्यवस्था गरेको पाइएको छ। त्यसैगरी ५ वटा स्वास्थ्य संस्थामा तिखो र संक्रामक फोहोर छुट्याउने गरेको, २ वटा स्वास्थ्य संस्थामा महिनावारी सामाग्री व्यवस्थापन गर्न र जोखिमयुक्त फोहोरका लागि इन्सिनेरेटरको व्यवस्था भएको पाइन्छ । त्यसै गरी १ वटा स्वास्थ्य संस्था (प्रसुती केन्द्र) मा बच्चा जन्मिएपछि सालनालको उचित विसर्जनका लागि प्लेसान्टा पिटको व्यवस्था भएको देखिन्छ भने ४ वटा स्वास्थ्य संस्थामा वातावरण सफाइ प्रोटोकल अवलम्बन गर्ने गरिएको र ७ वटा स्वास्थ्य संस्थामा वातावरणीय सरसफाइको लागि कर्मचारीको व्यवस्था भएको पाइन्छ।

चित्र नं ९ ठोस तथा तरल फोहोरको व्यवस्थापन एवं औजारको निर्मलीकरण र सफाइ



## ३.३.१३ सूचक वमोजिम स्वास्थ्य संस्थाको खासस्व, ठोस फोहोरको व्यवस्थापन र वातावरणीय सफाइको अवस्था

राजदेवी नगरपालिकाका १३ वटै स्वास्थ्य संस्थाको खानेपानी, सरसफाइ तथा स्वच्छता, ठोस फोहोरको व्यवस्थापन र स्वास्थ्य संस्थामा वातावरणीय सफाइ सम्बन्धी विस्तृत विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका ३४ स्वास्थ्य संस्थाको समग्र खासस्व अवस्था सम्बन्धी विवरण

| क्र.सं. | परिमिति/सूचकहरु | संख्या |
|---|---|---|
| **स्वास्थ्य संस्थामा खानेपानी** | | |
| १ | प्रर्याप्त पिउनेपानीको व्यवस्था भएका स्वास्थ्य संस्था | ९ |
| २ | शुद्धिकरण गरिएको पिउनेपानी भएका स्वास्थ्य संस्था | १ |
| **स्वास्थ्य संस्थाको सरसफाइ** | | |
| १ | पुरुषका लागि प्रयोगयोग्य शौचालय | ८ |
| २ | महिलाका लागि शौचालय | ८ |
| ३ | महिनावारी स्वच्छता व्यवस्थापन सुविधा सहितको महिलाका लागि प्रयोगयोग्य शौचालय | ० |
| ४ | अपाङ्गमैत्री प्रयोगयोग्य शौचालय | १ |
| **स्वास्थ्य संस्थामा स्वच्छता** | | |
| १ | साबुन सहितको हात धुने सुबिधा भएको | ४ |
| २ | उपचार गर्ने ठाउँमा स्यानिटाइजरको व्यवस्था भएको | २ |
| ३ | उपचार गर्ने ठाउँमा प्रयोगयोग्य साबुन सहितको हात धुने सुबिधा भएको | ४ |
| **स्वास्थ्य संस्थामा ठोस फोहोरको व्यवस्थापन** | | |
| १ | फोहोर राख्नको लागि बाल्टि भएको | १२ |
| २ | धारिलो तथा संक्रामक फोहोरलाई अलग गरेर विसर्जन गर्ने गरेको | ५ |
| ३ | महिनावारी स्वच्छता व्यवस्थापनका लागि इन्सिनेरेटर उपलब्ध भएको | २ |
| ४ | घातक फोहोरका लागि इन्सिनेरेटर उपलब्ध भएको | २ |
| ५ | सालनाल फाल्ने खाल्डो (Placenta pit) उपलब्ध भएको | १ |
| **स्वास्थ्य संस्थामा वातावरणीय सफाइ** | | |
| १ | वातावरणीय सफाइ सम्बन्धी प्रोटोकल भएको | ४ |
| २ | वातावरणीय सफाइका लागि कर्मचारीको व्यवस्था | ११ |

श्रोत : NWASH प्रतिवेदन, २०७८

## ३.३.१४ सार्वजनिक शौचालयहरुको खानेपानी, सरसफाइ तथा स्वच्छता




तलको तालिकामा सार्वजनिक शौचालयहरुको पानी, सरसफाइ तथा स्वच्छता अवस्थाका बारेमा उल्लेख गरिएको छ ।

तालिका ३५ सार्वजनिक शौचालयहरुको समग्र खासस्व अवस्था सम्बन्धी विवरण

| क्र.सं. | परिमिति/सूचकहरु | संख्या |
|---|---|---|
| **सार्वजनिक शौचालयहरुमा पानीको आपुर्ती** | | |
| १ | सबैका लागि हात धुने स्थान र शौचालयहरुमा पर्याप्त पानीको उपलब्धता | २ |
| **सार्वजनिक शौचालयहरुमा सरसफाइ** | | |
| १ | महिलाका लागि शौचालय भएको | २ |
| २ | कम हिंडडुल गर्न सक्ने व्यक्तिहरुका लागि कम्तिमा एकवटा शौचालयको व्यवस्था भएको | ० |
| ३ | बालबालिकाहरुका लागि कम्तिमा एकवटा शौचालयको व्यवस्था भएको | ० |
| **सार्वजनिक शौचालयमा पहुँच** | | |
| १ | सबैको पहुँचमा शौचालय भएको | ० |
| २ | बालबालिकाको पहुँचमा नभएको | ० |
| ३ | कम हिंडडुल गर्न सक्ने व्यक्तिहरुको पहुँचमा नभएको | ० |
| ४ | बालबालिका र कम हिंडडुल गर्न सक्ने व्यक्तिहरुको पहुँचमा नभएको | २ |
| **सार्वजनिक शौचालयहरुमा स्वच्छता सुविधा** | | |
| १ | हात धुने सुविधा भएको | २ |
| २ | साबुन सहितको हात धुने सुविधा उपलब्ध भएको | ० |

श्रोत : NWASH प्रतिवेदन, २०७८

## ३.४ खानेपानी तथा सरसफाइको प्रणाली प्रविधि

**३.४.१** खानेपानी प्रणाली प्रविधि सन् २०२० सम्ममा राजदेवी नगरपालिकामा ९ वटा पम्पिङ खानेपानी आयोजना बाहेक तलका कुनै पनि किसिमका खानेपानी आयोजनाहरु भएको पाइदैन । यस राजदेवी नगरपालिकामा ग्राभिटि फ्लो खानेपानी आयोजना नभएको र पम्पिङ खानेपानी आयोजनाका ७८.३९ प्रतिशत धाराहरु नीजि धाराको रुपमा जोडिएको पाइन्छ । साथै नगरपालिकामा एक वटा पानी शुद्धिकरण प्लान्ट जडान गरिएको पाइन्छ ।




तालिका ३६ नगरपालिकामा खानेपानीको आपुर्ती प्रणालीको अवस्था

| क्र. सं. | प्राविधिक विकल्प | खानेपानी प्रणालीको संख्या | घरको प्राङ्गणमा नीजि खानेपानी धाराको सेवा प्राप्त गरेका जनसंख्या | | सार्वजनिक खानेपानी धाराबाट सेवा प्राप्त गरेका जनसंख्या | | पानी प्रशोधन प्लान्टको उपलब्धता | दिसाजन्य दुषित नभएको | मुख्य रसायनिक जन्य दुषित नभएको |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सुचारु भएका धारा | सिमित रुपमा सुचारु भएका धारा | सुचारु भएका धारा | सिमित रुपमा सुचारु भएका धारा | | | |
| | | | जनसंख्या | जनसंख्या | जनसंख्या | जनसंख्या | खानेपानी प्रणालीको संख्या | खानेपानी प्रणालीको संख्या | खानेपानी प्रणालीको संख्या |
| १ | ग्राभिटि | ० | ० | ० | ० | ० | ० | ० | ० |
| २ | पम्पिङ | ९ | ४६१ | ८३ | ११० | ४० | १ | ० | ० |
| ३ | वर्षात्को पानी | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | रिजर्भभ्वाएर | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | सोलार पम्पिङ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | मिश्रित | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा** | ९ | ४६१ | ८३ | ११० | ४० | १ | ० | ० |
| | % | १०० | ६६.४३ | ११.९६ | १५.८५ | ५.७६ | | | |

श्रोत : NWASH प्रतिवेदन,२०७८

### ३.४.२ सरसफाइ प्रणाली प्रविधि

राजदेवी नगरपालिकाको कुल ५४७७ घरधुरीमध्ये वास योजना तयारीको क्रममा ६७८ घरधुरीमा भएको नमूना सर्वेक्षण र सो अनुसार आगामी १० वर्ष भित्रको प्रक्षेपित तथ्याङ्क अनुसार १२५५० घरधुरीको घरायसी शौचालयको अवस्था तपसिल वमोजिमको भेटियो । जसअनुसार १.३३ प्रतिशत घरधुरीमा फ्लस भएको शौचालय, ३३.०४ प्रतिशत घरधुरीमा पावर फ्लस शौचालय भएको पाइएको छ । सर्वेक्षण अनुसार ०.८८ प्रतिशत घरधुरीमा कम्पोस्टिङ शौचालय, २.०१ प्रतिशत घरधुरीमा ढकन सहितको खाल्डे शौचालय, १.९२ प्रतिशत घरधुरीमा ह्याडगिङ शौचालय भएको पाइयो भने बाल्टी शौचालय ०.४४ प्रतिशत घरधुरीमा भएको पाइएको छ । बाँकी २५.२२ प्रतिशत घरधुरीमा शौचालय नभएको पाइएको छ । नगरपालिकामा रहेका बिभिन्न प्रकारका प्रविधिहरूमा आधारित शौचालयहरुको अवस्था तलको तालिकाबाट स्पष्ट हुन्छ । शौचालयको विस्तृत विवरण अनुसूचीमा राखिएको छ ।

तालिका ३७ घरायसी रुपमा शौचालयको अवस्था सम्बन्धी विवरण

| क्र.सं. | शौचालयको प्रकार | घरधुरी | % | जनसंख्या | % |
|---|---|---|---|---|---|
| १ | फ्लस | १६७ | १.३३ | ११८५ | १.२३ |
| २ | पावर फ्लस | ४१४६ | ३३.०४ | ३४७४३ | १.९४ |
| ३ | कम्पोस्टिङ | १११ | ०.८८ | ७४० | ०.७७ |
| ४ | ढकन सहितको खाल्डे शौचालय | ४६६५ | २.०१ | ३६०९४ | २.०२ |
| ५ | कपडाले बेरेको शौचालय (ह्याङगिङ) | २४१ | १.९२ | १६१० | १.६७ |
| ६ | पानीको भाँडा बोकेर प्रयोग गरिने, बाल्टी शौचालय (बकेट) | ५६ | ०.४४ | २९६ | ०.३१ |
| ७ | छैन | ३१६५ | २५.२२ | २१९९० | २२.७५ |
| | **जम्मा** | **१२,५५०** | **१००** | **९६,६५९** | **१००** |

श्रोत : NWASH प्रतिवेदन, २०७८

### ३.४.३ मानव दिसाजन्य लेदो व्यवस्थापनको विकल्प

यस राजदेवी नगरपालिकमा रहेका घरायसी शौचालयहरुबाट निस्कने मानव दिसाजन्य लेदो व्यवस्थापन गर्ने सन्दर्भमा आगामी दश वर्षको अवधि अर्थात् सन् २०३० सम्म ५०५३ घरधुरीले व्यवस्थित मानव मलमूत्रजन्य लेदो व्यवस्थापन (Fecal Sludge Management–FSM) तरिका अपनाउने छन् । आगामी दश वर्षसम्म ९३ घरधुरीले दुई खाल्डे शौचालय प्रयोग गरेका हुनेछन् भने नगरपालिका क्षेत्रका कुनै पनि घरधुरीले ढल सहितको फोहोरपानी प्रशोधन केन्द्रमा आफ्नो घरको फोहोर पानी पठाउने गरेको पाइने छैन । त्यसै गरी सेप्टिक ट्यांक भएको शौचालय ९३ वटा भएको हुनेछन् भने ५६ घरधुरीले खुल्ला ठाउँमा दिसा पिसाव गर्ने प्रक्षेपण गरेको पाइएको छ ।

तालिका ३८ घरायसी रुपमा शौचालयको विवरण

| क्र.सं. | शौचालयको प्रकार | घरधुरी | जनसंख्या |
|---|---|---|---|
| १ | छैन | ७२५६ | ५६४५६ |
| २ | खाल्डे | ० | ० |
| ३ | दुई खाल्डे | ९३ | ६४८ |
| ४ | सेप्टिक ट्याङ भएका | ९३ | ६८५ |
| ५ | मानव दिसाजन्य लेदो व्यवस्थापन सुविधा भएका | ५०५३ | ३८३७१ |
| ६ | ढल सहितको फोहोर पानी प्रशोधन केन्द्र (प्लान्ट) भएको | ० | ० |
| ७ | खुला ठाउँ | ५६ | ५०० |
| | **जम्मा** | **१२,५५१** | **९६,६६०** |

श्रोत : NWASH प्रतिवेदन, २०७८




### ३.५ सुचारुपन तथा दिगोपना

नगरपालिका र खानेपानी प्रणालीहरूको विस्तृत सुचारूपना र दिगोपना प्रतिवेदनको लागि र स्कोरिङ प्रणालीलाई राम्रोसँग बुझ्नको लागि कृपया तलका दुई प्रतिवेदनहरु http//nwash.mowss.gov.np/documents वेब पेजमा हेर्न सकिन्छ ।

- "खानेपानी प्रणाली सुचारूपना र दिगोपनाको लागि M&E खाका"
- राजदेवी नगरपालिकामा खानेपानी, सरसफाइ र स्वच्छता सेवाहरूको सुचारूपना र दिगोपनाको अवस्था

### ३.५.१ खानेपानी आयोजनाको मर्मत संभारको अवस्था

राजदेवी नगरपालिकामा हाल ९ वटा खानेपानी आयोजना संचालित अवस्थामा रहेकाले खानेपानी आयोजनाहरुको सुचारुपनाको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ । परिभाषा र मर्मतको प्रकारको लागि प्राविधिक मार्गदर्शनको सुचारूपना र दिगोपनाको http://nwash.mowss.gov. np.documents मा उपलब्ध छ ।

तालिका ३९ खानेपानी सुचारुपनाको अवस्था सम्बन्धी विवरण

| सि.नं. | अवस्था | स्किमहरू | | लाभान्वित जनसङ्ख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | % | सुचारु धारा | | सुचारु नभएका धारा | | जम्मा |
| | | | | सङ्ख्या | जम्मा % | सङ्ख्या | जम्मा % | |
| १ | भौतिक रूपमा राम्रो | ० | ० | ० | ० | ० | ० | ० |
| २ | सामान्य मर्मत आवश्यक | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | ठुलो मर्मत आवश्यक | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | पुनः निर्माण गर्न आवश्यक | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | पुनर्स्थापना गर्न आवश्यक | ० | ० | ० | ० | ० | ० | ० |
| | **जम्मा** | ९ | १०० | ० | ० | ० | ० | ० |

श्रोत : NWASH प्रतिवेदन, २०७८

### ३.५.२ सरसफाइ सेवाको मर्मत अवस्था

सरसफाइ सेवा सुबिधाको मर्मतको चर्चा गर्दा विशेष गरी नगरपालिका अन्तर्गत मानव दिसाजन्य फोहोर, ठोस फोहोर तथा फोहोर पानी व्यवस्थापनको अवस्था के कस्तो छ भन्ने बुझिन्छ । नेपाल सरकारले अहिलेसम्म यस्ता सरसफाइ सेवा सुविधाको सुचारुपन तथा मर्मत अवस्थाको परिभाषा र लेखाजोखा गर्ने विधिको विकास गरेको छैन । यो खासस्व योजना औजारले यस्ता सेवा सुविधाहरुको योजना तर्जुमा र लागतको लागि लेखाजोखा गर्ने विधि आफ्नै किसिमले विकास गरेको छ । राजदेवी नगरपालिकाको सरसफाइको मर्मत अवस्था निम्न अनुसार देखिन्छ ।

तालिका ४० सरसफाइ अवस्था सम्बन्धी विवरण

| सि नं. | मर्मत अवस्था | मर्मत गर्न आवश्यक प्रणालीको सङ्ख्या (in conveyance) | मर्मत गर्न आवश्यक प्रणालीको सङ्ख्या (प्रशोधन केन्द्र) |
|---|---|---|---|
| १ | प्रशोधन केन्द्र छैन | ० | २२ |
| २ | भौतिक रूपले राम्रो | ५ | ० |
| ३ | सामान्य मर्मत आवश्यक | ० | ० |
| ४ | ठुलो मर्मत आवश्यक | ० | ० |
| ५ | निर्माण गर्न आवश्यक | ० | ० |
| | **जम्मा** | **५** | **२२** |

श्रोत : NWASH प्रतिवेदन, २०७८

## ३.५.३ धाराको अवस्था

तलको तालिकाले नगरपालिका क्षेत्रभित्र पाईप प्रणालीबाट सञ्चालित धाराहरुको अवस्थालाई देखाउँछ । यो तालिका नगरपालिकाभित्र भएका खानेपानी धाराहरुको सारांश हो । तसर्थ राजदेवी नगरपालिकामा ९ वटा खानेपानी आयोजनाहरु सञ्चालनमा रहेकाले यस तालिकामा उक्त आयोजनाबाट सञ्चालित खानेपानी धाराको अवस्थालाई प्रस्तुत गरिएको छ ।



चित्र नं १२ विभिन्न प्रकारका खानेपानी धाराबाट सेवा प्राप्त जनसंख्या

तालिका ४१ धाराको अवस्था सम्बन्धी विवरण

| क्र.सं. | परीमिति | | अवलोकन (सङ्ख्या) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | धारा | % | घरधुरी | % | जनसङ्ख्या | % |
| १ | जम्मा | | ३३३ | | ३६४ | | २९४७ | |
| २ | धाराको प्रकार | सामुदायिक | ७ | २.१ | १७ | ४.६७ | ४३२ | १४.६६ |
| | | नीजि | ३२५ | ९७.६ | ३४६ | ९५.०५ | २५१५ | ८५.३४ |
| | | संस्थागत | १ | ०.३ | १ | ०.२७ | ० | ० |
| ३ | जडान | मिटर जडान भएको | ३२० | ९६.१ | ३२५ | ८९.२९ | २६९८ | ९१.५५ |
| | | मिटर जडान नभएको | १३ | ३.९ | ३९ | १०.७१ | २४९ | ८.४५ |
| ४ | आपूर्ति घण्टा | > २ घण्टा | ३०४ | ९१.२९ | ३३६ | ९२.३१ | २७४३ | ९३.०८ |
| | | < घण्टा | २८ | ८.४१ | २८ | ७.६९ | २०४ | ६.९२ |
| ५ | यो वर्ष दर्ता भएको गुनासोहरू दर्ता | | ० | ० | ० | ० | ० | ० |
| ६ | धारामा पानीको गुणस्तर | धमिलो नभएको | ६३ | १८.९२ | ७१ | १९.५१ | ५६९ | १९.३१ |
| | | धमिलो | २७० | ८१.०८ | २९३ | ८०.४९ | २३७८ | ८०.६९ |
| ७ | धाराको अवस्था | भौतिक रूपमा अक्षुण्ण (राम्रो) | ३११ | ९३.३९ | ३३७ | ९२.५८ | २५०६ | ८५.०४ |
| | | सानो मर्मत | ६ | १.८ | १० | २.७५ | ६८ | २.३१ |
| | | ठूलो मर्मत | ६ | १.८ | ६ | १.६५ | २८८ | ९.७७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पुन: निर्माण | | १० | ३ | ११ | ३.०२ | ८५ | २.८८ |
| ८ | धारामा फ्लोको अवस्था | सुचारु नभएको | पानी आउँदै नआउने | ८ | २.४ | ९ | २.४७ | ७६ | २.५८ |
| | | | पानी आउने तर पिउन, पकाउन र शौचालयमा प्रयोगको लागि पर्याप्त नभएको | २ | ०.६ | २ | ०.५५ | ४७ | १.५९ |
| | | सुचारु | पिउन, पकाउन, र शौचालयमा प्रयोगको लागि पर्याप्त भएको | १ | ०.३ | १ | ०.२७ | ५ | ०.१७ |
| | | | पिउन, पकाउन भाँडा सफा गर्न, शौचालयमा प्रयोग र नुहाउनको लागि पर्याप्त भएको | १३८ | ४१.४४ | १३८ | ३७.९१ | १२४२ | ४२.१४ |
| | | | सबै दैनिक आवश्यकताहरूको लागि पर्याप्त भएको | १८४ | ५५.२६ | २१४ | ५८.७९ | १५७७ | ५३.५१ |

श्रोत : NWASH प्रतिवेदन, २०७८

### ३.५.४ सुचारूपना र दिगोपना लेखाजोखा

प्रस्तुत लेखाजोखा पाइप खानेपानी प्रणालीको मात्र सुचारुपन र दीगोपनको (Functionalty and Sustainability–F&S) लेखाजोखा हो । अन्य प्रणालीहरू जस्तै ट्युवबेल, घरायसी शौचालय, संस्थागत शौचालय, मानव दिसाजन्य लेदो व्यवस्थापन सुविधाहरू, ठोस फोहोर व्यवस्थापन र ढल सञ्जाल सहितको फोहोरपानी प्रशोधन केन्द्रको सुचारूपना र दिगोपनाको लेखाजोखाको निम्ति नेपालको खासस्व क्षेत्रमा अहिलेसम्म सूचक, लेखाजोखा विधि र स्कोरिङ प्रणालीको विकास गरिएको छैन ।

तालिका ४२ खानेपानी सुचारुपना र दिगोपनाको स्कोर सम्बन्धी विवरण

| **सुचारूपना स्कोर** | | | | |
|---|---|---|---|---|
| **क्र.सं** | **अवस्था** | **परीमिति** | **सङ्ख्या** | **%** |
| १ | जम्मा | प्रणालीको सङ्ख्या | ९ | १०० |
| | | धाराको सङ्ख्या | ३३३ | १०० |
| | | घरधुरी | ३६४ | १०० |
| | | जनसङ्ख्या | २९४७ | १०० |
| २ | स्कोर > ७० (छैन वा ( सूचारुपनाको लागि कम जोखिम) | प्रणालीको सङ्ख्या | १ | ११.११ |
| | | धाराको सङ्ख्या | ५७ | १७.१२ |
| | | घरधुरी | ६५ | १७.८६ |
| | | जनसङ्ख्या | ५२९ | १७.९५ |
| ३ | स्कोर ६०-७० को बीचमा (सूचारुपनाको लागि केहि जोखिम) | प्रणालीको सङ्ख्या | ० | ० |
| | | धाराको सङ्ख्या | ० | ० |
| | | घरधुरी | ० | ० |
| | | जनसङ्ख्या | ० | ० |
| ४ | स्कोर < ६० (सूचारुपनाको लागि उच्च जोखिम) | प्रणालीको सङ्ख्या | ८ | ८८.८९ |
| | | धाराको सङ्ख्या | २७६ | ८२.८८ |
| | | घरधुरी | २९९ | ८२.१४ |
| | | जनसङ्ख्या | २४१८ | ८२.०५ |

श्रोत : NWASH प्रतिवेदन,२०७८

| **दिगोपना स्कोर** | | | | |
|---|---|---|---|---|
| क्रं.सं | अवस्था | परीमिति | **सङ्ख्या** | **%** |
| १ | जम्मा | प्रणालीको सङ्ख्या | ९ | १०० |
| | | धाराको सङ्ख्या | ३३३ | १०० |
| | | घरधुरी | ३६४ | १०० |
| | | जनसङ्ख्या | २९४७ | १०० |
| २ | स्कोर > ७० (छैन वा दिगोपनाको लागि कम जोखिम) | प्रणालीको सङ्ख्या | १ | ११.११ |
| | | धाराको सङ्ख्या | ५७ | १७.१२ |
| | | घरधुरी | ६५ | १७.८६ |
| | | जनसङ्ख्या | ५२९ | १७.९५ |
| ३ | स्कोर ६०-७० को बीचमा (दिगोपनाको लागि केहि जोखिम) | प्रणालीको सङ्ख्या | ० | ० |
| | | धाराको सङ्ख्या | ० | ० |
| | | घरधुरी | ० | ० |
| | | जनसङ्ख्या | ० | ० |
| ४ | स्कोर < ६० (दिगोपनाको लागि उच्च जोखिम) | प्रणालीको सङ्ख्या | ८ | ८८.८९ |
| | | धाराको सङ्ख्या | २७६ | ८२.८८ |
| | | घरधुरी | २९९ | ८२.१४ |
| | | जनसङ्ख्या | २४१८ | ८२.०५ |

श्रोत : NWASH प्रतिवेदन,२०७८







## ३.६ खानेपानी उपभोक्ता समितिको व्यवस्थापन सबलता

खानेपानी आयोजनाहरूको सञ्चालन र व्यवस्थापन गर्ने पूर्ण जिम्मेवारी खानेपानी उपभोक्ता समितिले गर्छन् भन्ने सोच बनाइएको छ । उपभोक्ता समितिको मुख्य जिम्मेवारीमा नियमित कार्यालय सञ्चालन, खानेपानी प्रणालीको सञ्चालन तथा मर्मत सम्भार, खानेपानीको महसुल निर्धारण र सङ्कलन, स्रोतहरूको खोजी र परिचालन, सेवाको गुणस्तर नियमन, खानेपानीको गुणस्तर नियमन समावेश गरिएको छ । तलको तालिकामा यस राजदेवी नगरपालिकामा रहेका खानेपानी उपभोक्ता समितिहरुको संस्थागत विशेषताको सारांशलाई देखाउन खोजिएको छ ।

तालिका ४३ खानेपानी उपभोक्ता समितिको व्यवस्थापन अवस्था सम्बन्धी विवरण

| सि. नं. | सूचक | अवलोकन | |
|---|---|---|---|
| | | सङ्ख्या | % |
| १ | जम्मा प्रणालीहरूको सङ्ख्या | ९ | |
| २ | जम्मा उपभोक्ता संस्था (समिति) गठन सङ्ख्या | ९ | १०० |
| ३ | ३३% भन्दा बढी महिला प्रतिनिधि भएका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | ० | ० |
| ४ | जिल्ला जलस्रोत समितिमा दर्ता उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | २ | २२.२२ |
| ५ | कार्यालय भवन भएका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | ० | |
| ६ | मर्मत सम्भार कार्यकर्ता भएका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | २ | २२.२२ |
| ७ | मर्मत सेवा करारमा लिएका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | ० | |
| ८ | आफै लेखा व्यवस्थापन गरेका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | ४ | ४४.४४ |
| ९ | कर्मचारीबाट लेखा व्यवस्थापन गरेका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | १ | ११.११ |
| १० | नियमित बैठक सञ्चालन गरेका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | ५ | ५५.५६ |
| ११ | नियमित साधारण सभा गरेका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | ३ | ३३.३३ |
| १२ | महसुल सङ्कलन गरेका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | ० | ० |
| १३ | लेखा परीक्षण गरेका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | १ | ११.११ |
| १४ | बैकमा खाता सञ्चालन गरेका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | २ | २२.२२ |
| १५ | खानेपानी प्रणालीको बीमा गरेका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | ० | ० |
| १६ | मर्मत कार्यकर्ताको लागि पर्याप्त औजार भएका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | ० | ० |
| १७ | मर्मत कार्यकर्ताको लागि तलवको व्यवस्था गरेका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | १ | ११.११ |
| १८ | औसत ७०% भन्दा कम सञ्चालन खर्च भएका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | ६ | ६६.६७ |
| १९ | मानक सञ्चालन कार्यविधि (SOP) तयार गरी कार्यान्वयन गरेका उपभोक्ता संस्थाको जम्मा सङ्ख्या | १ | ११.११ |

श्रोत : NWASH प्रतिवेदन, २०७८

## ३.७ सम्पत्तिको स्वामित्व

तलको तालिकामा नगरपालिकाभित्र खानेपानी, सरसफाइ र स्वच्छता अवयवहरूको कूल मूल्य उल्लेख गरिएको छ । ती अवयवहरूको मूल्य वर्तमान लागतको आधारमा गणना गरिएको छ । मर्मत गर्नुपर्ने आवश्यकता भएको अवस्थामा वास्तविक सम्पत्ति मूल्यबाट सोही अनुसार घटाएर सम्बोधन गरिएको छ । सोही बमोजिम यसले सन् २०२० को खुद सम्पत्ति मान प्रतिनिधित्व गर्दछ ।

तालिका ४४ सम्पत्तिको स्खासस्वमत्व सम्बन्धी विवरण

| सि. नं. | अवयवहरू | सम्पत्तिको मूल्य (ने. रु) |
|---|---|---|
| १ | खानेपानी प्रणालीहरू | ० |
| २ | ट्युवबेलहरू | ७५१७२६५ |
| ३ | घरायसी शौचालयहरू | ४८१२६००० |
| ४ | सरसफाइ सुविधाहरू | २८१८०८८३ |
| ५ | विद्यालयमा खासस्व | ३५३८२६७० |
| ६ | स्वास्थ्य संस्थामा खासस्व | १८२३९५०० |
| ७ | सार्वजनिक शौचालयमा खासस्व | १८४०००० |
| | **जम्मा सम्पत्ति मूल्य** | **२०,६७,१७,३०७** |

श्रोत : NWASH प्रतिवेदन, २०७८

## ३.८ खानेपानी, सरसफाइ र स्वच्छतामा लगानी (WASH Financing)

नेपालमा खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रले विगतदेखि कूल ग्राह्यस्थ उत्पादनको ३% प्रतिशत भन्दा कम रकम प्राप्त गरिरहेको छ । यो स्तरको लगानीले खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रले स्रोत संरक्षण र सेवा प्रावधानको लागि आफ्नो लक्ष्यतिर पर्याप्त प्रगति गर्न सकेको छैन । जनसङ्ख्या वृद्धिसँगै सीमित स्रोतको कारणले खानेपानी, सरसफाइ र स्वच्छता सेवा पहुँचमा उल्लेखनीय प्रगतिमा बाधा उत्पन्न भएको छ । राजदेवी नगरपालिकाले सन् २०२० मा तलको तालिकामा उल्लेख भए बमोजिमको रकम लगानी गरेको छ ।

तालिका ४५ खानेपानी, सरसफाइ र स्वच्छतामा लगानी सम्बन्धी विवरण

| सि. नं. | अवयवहरू | २०२० मा जम्मा लगानी |
|---|---|---|
| १ | खानेपानी | १४८०८४२९९ |
| २ | सरसफाइ र स्वच्छता | ८८५७४९२१ |
| ३ | संस्थाहरूमा खानेपानी, सरसफाइ र स्वच्छता (विद्यालय) | १२०२४७८० |
| ४ | संस्थाहरूमा खानेपानी, सरसफाइ र स्वच्छता (स्वास्थ्य संस्था) | ६३२७२१८ |
| ५ | सार्वजनिक शौचालयहरूमा खानेपानी, सरसफाइ र स्वच्छता (सार्वजनिक शौचालय) | ३२२१५२० |
| ६ | अन्य क्रियाकलापहरू | ४०२०००० |
| | **जम्मा** | **२६,२२,५२,७३८** |

श्रोत : NWASH प्रतिवेदन, २०७८




## ३.९ खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्रका चुनौती र अन्तर (WASH sector challenges and gaps)

### ३.९.१ खानेपानी

- सुचारूपना र दिगोपना अझै समस्याको रुपमा रहेको र केवल ९५.८२ प्रतिशत जनसंख्याले मात्र सुचारु धराबाट पानीको प्रयोग गरिहेका छन् ।
- अधिकांस खानेपानी प्रणालीहरूमा गुणस्तरको समस्या छ र केवल १९.३१ प्रतिशत जनसङ्ख्याले मात्र धमिलोपना नभएको पानी प्राप्त गरिरहेका छन् ।
- उपभोक्ताहरूको व्यवस्थापन कार्यहरू पुरा गर्न तिनीहरूको क्षमतामा सुधार गर्नु आवश्यक छ ।

### ३.९.२ सरसफाइ

- ग्रामीण क्षेत्रका धेरै शौचालयहरूको निर्माण राम्रोसँग गरिएको छैन । आधारभूत सरसफाइ सेवाहरूको मापदण्ड पुरा गरेको छैन । यी शौचालयहरुलाई खाली गर्न पनि सकिदैन जसले फोहोरको सुरक्षित विसर्जनलाई रोकिराखेको छ ।
- सरसफाइ भऱ्याङका साथसाथै सेवाहरूको स्तर सुधार गर्न र विभिन्न भौगोलिक क्षेत्रहरूको लागि उपयुक्त प्रविधि विकल्पहरू सम्बन्धी चेतनाको अभाव देखिन्छ ।
- सरसफाइ सेवा श्रृङ्खलाका विभिन्न चरणहरूमा सहयोग गर्न निजी क्षेत्रको सीमित क्षमता भएको जस्तै उपयुक्त पूर्वाधार निर्माण, जिल्लामा खाडल खाली गर्ने केवल एक मात्र सेसपूल भएकाले खाडल खाली गर्न र त्यसलाई अन्यन्त्र लैजान यातायात सेवाहरू क्षमताको कमी छ ।
- जनसंख्या बृद्धि, मानव बस्तीको विस्तार र व्यवसायिक प्रतिष्ठानसँग मेल खाने सहरी क्षेत्रमा सरसफाइको लागि अपर्याप्त योजनाहरु छन् । त्यसै गरेर मानव दिसाजन्य लेदो व्यवस्थापनको लागि संस्थागत व्यवस्था गर्ने क्षमता पनि कमजोर छ ।
- घरायसी स्तरमा साबुन सहितको हात धुने बानी  एकदम कम छ । ८६.८६% भन्दा कम घरपरिवारलाई पानी र साबुन सहितको हात धुने सुविधाहरूसँग सुधारिएको सरसफाइ सुविधा पुगेको छ ।

### ३.९.३ संस्थागत खानेपानी, सरसफाइ र स्वच्छता

- केही विद्यालय र स्वास्थ्य संस्थाहरूमा आधारभूत स्तरको खानेपानी सेवाको पहुँचमा कमी छ ।
- धेरै जसो विद्यालयहरूमा छात्राको लागि छुट्टै खानेपानी, सरसफाइ र स्वच्छता  कोठा र महिनावारीको बेला प्रयोग भएको  प्याडलाई सुरक्षित विसर्जन गर्ने सुविधाहरूको कमी छ ।
- विद्यालयहरूमा सुचारु हात धुने सुविधाहरूको प्रायः अभाव छ ।

## ३.१० हाल रहेका खासस्व सुविधाहरूको सूची

हालका रहेका वास सुविधाहरू अनुसूचीमा हेर्न सकिन्छ  ।

# अध्याय ४
# खानेपानी, सरसफाइ तथा स्वच्छता सोच, लक्ष्य, उद्धेश्य, योजना तथा रणनीति

## ४.१ खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको सोच, परिलक्ष्य

खानेपानी तथा सरसफाइ मानव जातिकै अस्तित्वका लागि अत्यावश्यक तत्वहरू हुन् । पानी विनाको मानव जीवनको कल्पना समेत गर्न सकिदैंन । तसर्थ मानव मात्रका लागि पनि खानेपानी र सरसफाइको सुरक्षित र सहज उपलब्धता नै प्रमुख लक्ष्य रहदैं आएको छ । यस राजदेवी नगरपालिकाले तयार गरेको खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजनाको सोच र परिलक्ष्यहरू तपसिल बमोजिमका रहेका छन् ।

**दुरदृष्टि (सोच) :**

**"पूर्ण सरसफाइयुक्त नगर-राजदेवीको रहर"**

**परिलक्ष्य (ध्येय):** यस नगरपालिकामा सफा,सुरक्षित एवं पहुँचयोग्य खानेपानी,लगानीमैत्री सरसफाइ र स्वच्छताका कार्यक्रमहरू संचालन गरी सन २०३० सम्ममा मध्यम तथा उच्च स्तरको खासस्व सेवा प्रदान गर्ने ।

## ४.२ खानेपानी, सरसफाइ र स्वच्छता योजनाको लक्ष्य

यस नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छताका क्षेत्रमा आगामी १० वर्षका लागि तपसिलका लक्ष्य तथा नतिजाहरू तय गरेको छ । समग्रमा खानेपानी, सरसफाइ र स्वच्छता योजनामा तपसिलका लक्ष्यहरू राखिएका छन् ।

- **सन २०२२ सम्ममा ४०% मध्यम र २५% उच्च स्तरको खासस्व र**
- **सन २०२५ सम्ममा ५०% मध्यम र ५०% उच्च स्तरको खासस्व**
- **सन् २०३० सम्ममा शतप्रतिशत खासस्व सेवा**

## ४.३ खानेपानी, सरसफाइ र स्वच्छता योजनाको उद्धेश्य

**बिषय क्षेत्र १. सुरक्षित खानेपानीमा पहुँच बृद्धि, आयोजनाहरुको दिगोपना, तथा सुरक्षा**

**उद्देश्य १** : निर्माण भएका खानेपानी आयोजनाहरुको सूचारुपना सुधार तथा उत्थानशिल संरचना सहित नयाँ खानेपानी योजना निर्माण गरी शतप्रतिशत घरधुरीको समतामुलकरुपमा सुरक्षित खानेपानीको पहुँच बृद्धि गर्ने ।

**बिषय क्षेत्र २ : सुधारिएको सरसफाइ तथा स्वच्छता सुविधामा पहुँच बृद्धि तथा दिगोपना**

**उद्देश्य २** : सहभागितात्मक पद्धतिको माध्यमबाट समुदाय र नगरपालिका क्षेत्रको सरसफाइ तथा स्वच्छता प्रवर्द्धनमा अपनत्वभावको विकास भई पूर्ण सरसफाइयुक्त घर, समुदाय, वडा तथा नगरपालिकाको विकास भएको हुनेछ ।

**बिषय क्षेत्र ३. संस्थागत (विद्यालय तथा स्वास्थ्य संस्था) खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन**

**उद्देश्य ३ :** समन्वयात्मक तथा एकीकृत कार्य पद्धती अवलम्बन गरी विद्यालय तथा स्वास्थ्य संस्थाहरुमा सुरक्षित खानेपानी, सुधारिएको सरसफाइ तथा स्वच्छता सेवाको नियमित र न्यायोचित पहुँच भएको हुनेछ ।

**बिषय क्षेत्र ४.संस्थागत तथा क्षमता विकास**

**उद्देश्य ४:** नगरपालिका र वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको संस्थागत विकास भइ पूर्ण सरसफाइ क्षेत्रमा क्षमता विकास भएको हुनेछ ।

**बिषय क्षेत्र ५. जलवायु परिवर्तनको असरमा न्यूनीकरण तथा विपद्मा खानेपानी तथा सरसफाइ सेवा**

**उद्देश्य ५:** पानीका मूलहरुको संरक्षण तथा वातावरणीय प्रभाव मुल्याङ्कनद्वारा भौतिक निर्माणलाई व्यवस्थित गर्दै जलवायु परिवर्तनको असरमा न्यूनीकरण भएको हुनेछ । साथै विपद्मा प्रभावकारी खानेपानी तथा सरसफाइ सेवाका लागि उचित व्यवस्थापन भएको हुनेछ ।

**बिषय क्षेत्र ६.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

**उद्देश्य ६:** नगरपालिका तथा वडाहरुमा वास सेवामा लैङ्गिक समानता सुनिश्चित भएको हुनेछ ।

## ४.४ खानेपानी, सरसफाइ र स्वच्छता योजनाको रणनीतिहरु

राजदेवी नगरपालिकाले खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) सम्बन्धी लक्ष्य पुरा गर्न सरकारी, गैर सरकारी निकाय र नीजि क्षेत्रबिचको समन्वयात्मक कार्य एकता तथा एकीकृत कार्य पद्धतीको थालनी गर्नु नै यस खासस्व योजनाको प्रमुख रणनीति हुनेछ। प्रदेश र सङ्घीय सरकारहरूसँग समन्वय गरी मातहतका कार्यालयहरूसँग समन्वय र सहकार्य गरेर खासस्व योजना कार्यान्वयनका लागि पहल गरिने छ। यस खासस्व योजना कार्यान्वयनका लागि विशेषत तपसीलका रणनीतिहरू अवलम्वन गरिने छ।

| बिषय क्षेत्र | रणनीतिहरु |
|---|---|
| संस्थागत तथा क्षमता विकास | १. नगरपालिकाले खानेपानी तथा सरसफाइका क्षेत्रमा तय गरेको लक्ष्य प्राप्त गर्न नगरपालिकासँग अपुग श्रोत व्यवस्थापनका लागि अन्य निकायहरूसँगको सहकार्य र समन्वयलाई प्रभावकारी बनाइनेछ। <br> २. खानेपानी तथा सरसफाइका क्षेत्रमा निर्धारित कार्ययोजना अनुसारका योजनाहरू कार्यान्वयनका लागि नगरपालिकामा **"खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) शाखा स्थापना"** गरिने छ। उक्त खासस्व शाखाबाट नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका कार्यक्रमहरुको संयोजन गरिने छ। <br> ३. खासस्व कार्यक्रमलाई व्यवस्थित, प्रभावकारी एवं नतिजामुखी रुपमा संचालन गर्न एकीकृत संस्थागत संरचनाहरु खडा गरी परिचालनमा जोड दिईनेछ। <br> ४. नगरपालिकाको खानेपानी तथा सरसफाइ क्षेत्रमा तय गरिएका लक्ष्य प्राप्तिका लागि आवश्यक पर्ने मर्मत संभार कार्यकर्ता, स्वास्थ्य तथा सरसफाइ प्रवर्दक उत्पादनका लागि साझेदार निकायसँगको समन्वय र सहकार्यमा पालिकास्तरीय सीप विकास केन्द्र वा स्रोत केन्द्र स्थापना प्रत्येक समुदायमा मर्मत संभार कार्यकर्ता, स्वास्थ्य तथा सरसफाइ प्रवर्द्धक परिचालन गर्न जोड दिईनेछ। |
